सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ भदौ २०८०, बिहीबार (7 Sep 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सीको अनुपस्थितिमा सफल होला त भारतको जी-२० अध्यक्षता ?



दिल्लीमा हुने जी-२० शिखर सम्मेलनमा चीनका राष्ट्रपति सी जिनपिङको अनुपस्थितिले आयोजक भारतलाई गम्भीर चुनौती दिएको छ। भारतले सम्मेलनको अन्तिममा जारी गरिने संयुक्त घोषणापत्रमा सबै राष्ट्रको सहमति कायम गर्ने लक्ष्य राखेको सन्दर्भमा सीको अनुपस्थितिले अब त्यो सम्भव हुन कठिन छ।

(विस्तृत पृष्ठ ७)

सञ्चालनमा आए ५१ वटा चार्जिङ स्टेसन



देशभर थप ५०० चार्जिङ स्टेसन बनाउने विद्युत् प्राधिकरणको योजना

(विस्तृत पृष्ठ ९)

कांग्रेस सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार



यादवमाथि खुकुरी प्रहार गर्ने श्यामबहादुर सापकोटा राजतन्त्र समर्थक, यसअघि पनि विभिन्न व्यक्तिलाई मोसो दल्नेलगायत गतिविधिमा सक्रिय

(विस्तृत पृष्ठ ४)

चर्चामै सीमित कोरला नाका



चीनले पूर्वाधार निर्माण सक्दा नेपालतर्फ एकीकृत भन्सार बनाउन बल्ल माटो परीक्षण

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

लुम्बिनीबाट एमालेमा नयाँ ध्रुवीकरण

ओलीका उत्तराधिकारी ठानिएका पौडेल र पोखरेल आमने-सामने



विष्णु पौडेल शंकर पोखरेल

काडमाडौंमा **शुरोजंग पाण्डे**
बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनी प्रदेशको बुधबार सम्पन्न अधिवेशनमा निर्वाचनमार्फत नेतृत्व चयनसँगै एमालेभित्र औपचारिक रूपमै नयाँ ध्रुवीकरण सुरुवात भएको छ। अध्यक्ष केपी ओलीले सहमतिमै नेतृत्व छान्न निर्देशन दिए पनि लुम्बिनीले चुनावबाट अध्यक्षसहितका पदाधिकारी निर्वाचित गरेसँगै दुई समूह सतहमा आएका छन्। यो एमालेको पहिलो प्रदेश अधिवेशन भएकाले अन्य प्रदेशमा पनि यस्तै खालको नयाँ ध्रुवीकरण देखिने विश्लेषकहरूको बुझाइ छ।

उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलको 'अघोषित प्यानल'बीचको कडा प्रतिस्पर्धामा निर्वाचनबाट अध्यक्षमा पौडेलनिकट राधाकृष्ण कँडेल विजयी भएका छन्। पोखरेल पक्षका उम्मेदवार हरि रिजाल झिनो मतले पराजित भएका छन्। नौ सय ६५ मत खसेकोमा कँडेलले रिजाललाई दुई मतको झिनो मतान्तरले पराजित गरेका छन्। रूपन्देहीका पौडेल र दाङका पोखरेल एमालेमा ओलीका उत्तराधिकारीका रूपमा हेरिएका नेता हुन्।

पदाधिकारीमा पनि पौडेल पक्षको वर्चस्व देखिएको छ। पाँच पदाधिकारीमा उपाध्यक्ष, सचिव र एक उपसचिव कँडेल पक्षबाट निर्वाचित भएका छन् भने रिजाल पक्षबाट एक उपसचिव निर्वाचित भएका छन्। अध्यक्षसहित पदाधिकारीमा १२ जना

» पृष्ठ ११ मा क्रमशः

■ लुम्बिनी अधिवेशनमार्फत् ओलीलाई सन्देश- नियन्त्रित पार्टी होइन, लोकतान्त्रिक अभ्यास संस्थागत गरौं



गत शनिबार एमाले लुम्बिनी प्रदेश अधिवेशनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष केपी ओली। फाइल तस्बिर

अन्य ६ प्रदेशमा को-को छन् चर्चामा ?

- **बागमती–** पार्वत गुरुङ, महेश बस्नेत, अरुण नेपाल, रामेश्वर फुँयाल, कैलाश ढुंगेल, केशव पाण्डे, विजय सुवेदी, सरेश नेपाल, खेम लोहनी
- **कोशी–** विशाल भट्टराई, विनोद ढकाल, घनश्याम खतिवडा, टीकाराम चेम्जोङ, तुलसी न्यौपाने
- **मधेश–** पुरुषोत्तम पौडेल, सुमन प्याकुरेल, रामदयाल मण्डल, रेवती पन्त, राजकिशोर यादव
- **गण्डकी–** मायानाथ अधिकारी, धनञ्जय दवाडी, डा. सूर्य पाठक, नवराज शर्मा, मोहन रेग्मी, कृष्ण थापा, हिरा केसी, रश्मी आचार्य, राजीव पहारी
- **कर्णाली–** विष्णु रिजाल, नीरज आचार्य, मीनबहादुर शाही, राजबहादुर बुढा, नगिन्द्र शाही, नवराज रावत, दलबहादुर रावल, ध्रुवकुमार शाही, रवीन्द्र शर्मा, राजबहादुर शाही, गुलाबजंग शाह, लक्ष्मी पोखरेल, मोहन बानियाँ, भैरवसुन्दर श्रेष्ठ
- **सुदूरपश्चिम–** कृष्ण जैसी, लालबहादुर थापा, दामोदर भण्डारी, वचन सिंह

■ लुम्बिनी इन्चार्ज पद्मा अर्याल भन्छिन्-

अमुक नेतासँग जोडेर स्थायी गुट बन्यो भन्न मिल्दैन



प्यानलजसरी चुनाव भएर नेतृत्व निर्वाचित भए पनि त्यो अस्थायी हो। धेरै इन्ट्रेस्टेड साथीहरू भएपछि उहाँहरूलाई चुनावबाटै जितिन्छ कि भन्ने लाग्नु स्वाभाविक थियो, त्यस हिसाबले नै उहाँहरू बाँडिएर जानुभो। तर, अध्यक्षबाहेक पदाधिकारीको अन्य पदमा दुईजनाभन्दा बढीकै उम्मेदवारी भएकाले शिरदेखि तीरसम्म प्यानल चुनाव भएन। अध्यक्ष दुईजना हुँदा प्यानलजस्तो देखिए पनि सचिव निर्विरोध निर्वाचित हुनुभो, उपाध्यक्ष र उपसचिवमा चार-पाँचजनाको उम्मेदवारी थियो, त्यसैले ठ्याक्कै प्यानल होइन, कोही प्यानल, कोही स्वतन्त्र व्यक्तिगत प्रतिस्पर्धाबाटै जितुभो। यसलाई अमुक नेतासँग जोडेर स्थायी गुट बन्यो भन्न मिल्दैन। हामीले सहमति र चुनाव दुवै विधि अपनायौं। त्यसैले अधिवेशनमा सहमति र प्रतिस्पर्धाको दुवै विधि अपनाउँदा पार्टीको आन्तरिक जीवनमा हार्दिकताको सन्देश पनि दिएको छ।

■ राजनीतिक विश्लेषक झलक सुवेदी भन्छन्-

ओलीले जे भन्यो, कार्यकर्ताले त्यही मान्ने स्थिति छैन भन्ने सन्देश हो

प्रजातान्त्रिक अभ्यासलाई नै जोड दिएर कमरेड केपी ओलीले ०५९ देखि एमालेमा बहस सिर्जना गर्नुभएको हो। जब उहाँ अध्यक्षमा निर्वाचित भएर पार्टी-सत्तामा फुर्नुभो, त्यसपछि बिस्तारै पार्टीलाई नियन्त्रित बनाउँदै, लोकतान्त्रिक स्पेस खुम्च्याउँदै आफ्नो इच्छाअनुसार मात्र चल्ने संस्था बनाउन खोज्नुभो। लुम्बिनीमा पनि सहमतिका नाममा कार्यकर्ताहरूलाई उर्दी जारी गर्नुभयो। जब कि, त्यहाँ सार्वभौम प्रतिनिधि सहभागी थिए। एमालेमा जबजले अगाडि सारेको पार्टी निर्माणसम्बन्धी अभ्यासलाई ओलीले उल्ट्याउने र नियन्त्रित गर्ने जुन अभ्यास गर्नुभएको थियो, त्यसले राम्रो बाटो लिएको थिएन।



तर, लुम्बिनीका कार्यकर्तापंक्तिमा भने एमालेमा विगत ३० वर्षयता भएका अभ्यासमा लोकतान्त्रिक पद्धति र पार्टीको लोकतान्त्रीकरणको प्रक्रियाप्रति एकदमै आकर्षण रहेको देखियो। किनभने पार्टी अध्यक्षको निर्देशनका बाबजुद उनीहरू प्रतिस्पर्धाको माध्यमबाट प्यानल बनाएर चुनावमा गएर आफ्ना नेता छनोट गर्ने विधितिर लागे। अब एमालेमा नयाँ ध्रुवीकरण अगाडि बढ्ने देखिन्छ। लुम्बिनी प्रदेशको अधिवेशनसँगै ध्रुवीकरणले आकार लिई नै सक्यो। एमालेमा अरू प्रदेश अधिवेशनहरू पनि हुँदै छन्। ती सबै सकिँदासम्म ध्रुवीकरणले पूर्ण रूपमा आकार ग्रहण गरिसक्छ।

लुम्बिनीको अधिवेशनले दुई कुरा देखाएको छ। पहिलो- एमालेमा अहिले पनि कार्यकर्ता लोकतान्त्रिक विधि र पद्धतिप्रति आकर्षित छन् र त्यसप्रति विश्वास गर्छन् भन्ने देखाउँछ। दोस्रो- एमालेको नेतृत्वमा जोसुकै आएर निश्चित समय नियन्त्रणमुखी बाटोमा पार्टीलाई लैजान चाहे पनि त्यो सम्भव छैन है भन्ने सन्देश दिएको छ। नेतृत्वको निर्देशनभन्दा पनि फरक जान सकिन्छ भनेर कार्यकर्ता बोलेका छन्। ओलीले भन्दैमा डराएर जे भन्यो त्यही मान्ने स्थिति छैन भन्ने पनि यसले देखाउँछ। यो एमालेभित्रको धेरै सकारात्मक पाटो हो।

जसरी ०७४ को चुनावमा आफ्नो अपिलमार्फत ओली लोकप्रिय मत ल्याउन र पार्टीलाई जिताउन सक्षम हुनुभयो, त्यो स्थिति गएको स्थानीय, प्रदेश र संघका चुनावहरूले केही कमजोर भयो भन्ने देखिएको थियो। अब पार्टीभित्र पनि ओलीको एकछत्र नियन्त्रणले काम गर्दैन, उनका निर्देशनहरूमाथि प्रश्न उठाउने, चुनौती दिने र कार्यकर्ताहरू एक स्टेप अगाडि बढेर आफ्नो अधिकारको प्रयोग गर्ने ठाउँमा पुगे भन्ने सन्देश दिएको छ। यसको अर्थ पार्टीभित्र पनि ओली क्रमशः कमजोर हुँदै गएका हुन् भन्ने सन्देश हो।

■ कान्ति बाल अस्पतालको इमर्जेन्सीमा उपचार नपाएर बालिकाको मृत्यु प्रकरण

सार्वजनिक दबाबपछि अस्पतालले गठन गऱ्यो छानबिन समिति, दोषीलाई कारबाही गर्न स्वास्थ्यमन्त्रीको निर्देशन

शिवहरि घिमिरे/नयाँ पत्रिका

कान्ति बाल अस्पतालको इमर्जेन्सीमा दुई घन्टासम्म पालो कुर्दा पनि उपचार नपाएर पाँच वर्षीया बालिका रेजिशा गोपालीको मृत्युलाई गुपचुप पार्न खोजेको अस्पताल प्रशासनले सार्वजनिक दबाबपछि छानबिन समिति गठन गरेको छ। बुधबार नयाँ पत्रिकामा समाचार प्रकाशित भएसँगै जनस्तरबाट अस्पताल प्रशासन र कर्मचारीको व्यापक विरोध भएपछि तथा स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले समेत दोषीलाई कारबाही गर्न निर्देशन दिएपछि तीन सदस्यीय छानबिन समिति गठन गरेको हो।

डा. प्रकाश जोशीको संयोजकत्वमा गठित तीन सदस्यीय छानबिन समितिमा नर्सिङ अधिकृत अजिता सिलवाल र शाखा अधिकृत डम्बरु दाहाल सदस्य



छन्। अस्पतालका निर्देशक डा. पंकज रायले बुधबार दिउँसो विज्ञप्ति जारी गरेर छानबिन समिति गठनबारे जानकारी दिएका हुन्। विज्ञप्तिमा लेखिएको छ, 'सोमबार रातको समयमा यस अस्पतालको इमर्जेन्सी वार्डमा भएको घटनाका सन्दर्भमा सत्यतथ्य पत्ता लगाउन तपाईं (डा. प्रकाश जोशी)को संयोजकत्वमा तपसिलबमोजिमका सदस्यहरू (सिलवाल र दाहाल) रहने गरी समिति गठन गरिएको हुँदा सो सम्बन्धमा सत्यतथ्य पत्ता लगाई पाँच दिनभित्र प्रतिवेदन पेस गर्नुहुन अनुरोध छ।'

थापाथलीस्थित परोपकार प्रसूतिगृह स्त्रीरोग अस्पतालको ६४औं वार्षिकोत्सव कार्यक्रममा पुगेका निर्देशक डा. रायलाई मन्त्री बस्नेतले फोन गरेर तुरुन्त छानबिन समिति गठन गर्न निर्देशन

» पृष्ठ ११ मा क्रमशः

■ सवारी नवीकरणको अवैध राजस्व असुल्दै यातायात कार्यालय

एक वर्ष नपुग्दै चार गुणा भन्दा बढी जरिवाना असुल



नवराज मैनाली/नयाँ पत्रिका

बागमती प्रदेशका यातायात कार्यालयहरूले कानुनको आफूखुसी व्याख्या गरी सवारीसाधन नवीकरणमा अवैध रूपमा राजस्व उठाइरहेका छन्। नवीकरण अवधि सकिएको एक वर्ष पनि नपुग्दै बागमती प्रदेशका सबै यातायात कार्यालयले अवैध रूपमा चार गुणाभन्दा धेरै नवीकरण जरिवाना लिने गरेका छन्।

बागमतीमा दुईपाङ्ग्रे सवारीसाधनको नवीकरण शुल्क तीन सय तथा चारपाङ्ग्रेको पाँच सय रुपैयाँ तोकिएको छ। तर, हाल यातायात कार्यालयहरूले तीन महिना पुगेपछि दोब्बर तथा नयाँ आर्थिक वर्ष सुरु भएलगत्तै नवीकरण दस्तुरको चार गुणा धेरै राजस्व असुल्ने गरेका छन्।

नवीकरण नियमित नभएको र ९० दिनको अवधि पनि पुगेर नयाँ आर्थिक वर्ष सुरु भएको अवस्थामा दुईपाङ्ग्रेका धनीले एक हजार दुई सय तथा चारपाङ्ग्रेका धनीले एक हजार आठ सय रुपैयाँ तिर्दै आएका छन्। यस्तो असुली बागमती प्रदेश सरकारको 'प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७८' को व्यवस्थासम्मत छैन।

ऐनमा ९० दिनपछि म्याद नाघेको आर्थिक वर्षसम्म नवीकरण दस्तुरको अतिरिक्त सय प्रतिशतसम्म मात्र तिनुपर्ने व्यवस्था छ। ऐनको दफा ३५ (४) मा छ, 'उपदफा १ बमोजिमको म्याद नाघी दर्ताको प्रमाणपत्र नवीकरण गराउन आउने सवारीधनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म सय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुई सय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीन सय प्रतिशत, चार आर्थिक वर्षसम्म चार सय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँच सय

» पृष्ठ ११ मा क्रमशः

■ समस्या समाधान गर्न समिति गठन

सवारीसाधनको नवीकरण तथा राजस्व शुल्कमा देखिएको समस्या समाधानका लागि प्रदेशको यातायात मन्त्रालयले हालै एक समिति गठन गरी त्यसका लागि सफ्टवेयर बनाउने प्रक्रिया अघि बढाएको छ। 'समितिले नवीकरण र सवारी राजस्वको क्याल्कुलेटर बनाउनेछन्,' श्रम, रोजगार तथा यातायात मन्त्रालयका प्रवक्ता खगेन्द्र पौडेल भन्छन्, 'त्यसपछि सर्वसाधारणले पनि आफूले तिर्नुपर्ने करबारे सहजै जानकारी पाउनेछन्।' नवीकरण दस्तुरसँगै सवारीसाधनको राजस्वमा पनि म्याद नाघेको अवस्थामा छुट्टै जरिवानाको प्रावधान छ।

■ हास्यास्पद नीतिगत त्रुटि

सवारी करमा अर्को नीतिगत त्रुटिसमेत छ। ऐनमा ९० दिनभित्र जरिवाना नलाग्ने प्रावधान छ। तर, ९० दिन नपुग्दै नयाँ आर्थिक वर्ष सुरु भएमा भने जरिवाना पनि तिर्नुपर्ने व्यवस्था छ। यस्तो गलत प्रावधान संशोधन गर्न कुनै पहल भएको छैन। बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेल ९० दिन नपुग्दै आर्थिक वर्ष सुरु भएमा जरिवाना लाग्ने प्रावधान नीतिगत त्रुटि भएको स्विकार्दै यसलाई सच्याउने प्रयास भइरहेको बताउँछन्।

नक्कली भुटानी शरणार्थी प्रकरणमा दुई सातादेखि महिला माननीयबीच बाझाबाझ

कमलराज भट्ट/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणका अभियुक्तबारे दिएको अभिव्यक्तिलाई लिएर प्रतिनिधिसभामा महिला सांसदहरूबीचको बाझाबाझ दुई साता बित्दा पनि अझै सेलाएको छैन। संसद् बैठक, पार्टीहरूका संसदीय दलका कार्यालय र सामाजिक सञ्जालमा महिला माननीय बाझाबाझमै छन्।

मुद्दाको सुरुवात ७ भदौको प्रतिनिधिसभा बैठकमा विशेष समय लिएर बोल्ने कांग्रेस सांसद ईश्वरी न्यौपानेको अभिव्यक्तिबाट भएको हो। उनले नक्कली भुटानी शरणार्थी प्रकरणमा एमाले उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा प्रतीक थापाको नाम नलिई उनको अभियोगबारे सरकारलाई प्रश्न गरेकी थिइन्।

उच्च अदालतमा शरणार्थी मुद्दामाथि आज सुनुवाइ हुँदै

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री बालकृष्ण खाण जेल पर्दा पैसा लेनदेनमा संलग्न फरार अभियुक्त छोरा (प्रतीक)को अझै पनि खोजबिन हुन नसकेको र सरकारको आँखा नपुगेको भन्दै न्यौपानेले गृहमन्त्रीसँग जवाफ माग

» पृष्ठ ११ मा क्रमशः

फरार छोराबारे प्रश्न उठाएको भन्दै बादलपत्नी नैनकला झोक्किएपछि भयो विवाद



ईश्वरी न्यौपाने नैनकला थापा

■ **७ भदौमा कांग्रेस सांसद ईश्वरी न्यौपानेले संसद्मा बोलिन्–** नक्कली भुटानी शरणार्थीमा फरार अभियुक्त छोरा जसले आमालाई मैले यति पैसा पठाएको, पाउनुभयो कि पाउनुभएन भनेर भनेको छ। त्यो भिडियो रेकर्ड छ। तर, हाम्रो प्रहरी वा सरकारको आँखा त्यहाँ पुग्दैन। आजसम्म पनि खोजबिन हुन सकेको छैन। पूर्वमन्त्री खाण त्यही केसमा जेलमा हुनुहुन्छ। सरकारले गर्न के खोजिरहेको छ। हामी चाहन्छौं- कोही निर्दोष नफसोस्, कोही दोषी नउम्किऊन्। ...गृहमन्त्रीलाई सोध्न चाहन्छु- त्यो के हो ?

■ **नाम नलिईकनै आफू र छोराका विषयमा प्रश्न उठाएको भन्दै एमाले सांसद नैनकला थापाले लगत्तै संसद्को लबीमा न्यौपानेलाई झपारिन्–** माननीयज्यू, तपाईंले के बोलेको ? मेरो छोराबारे नभएको कुरा जे पायो त्यही बोल्ने ? अर्काको बेइज्जत गर्ने ? यो तपाईंले ठीक गर्नुभएन, यसको हिसाब हुन्छ।

■ **कांग्रेस सांसद न्यौपानेले नैनकलालाई जवाफ दिइन्–** एउटा सांसदले हाउसमा राखेको विषयमा अर्को सांसद आएर बाझ्ने होइन। मैले तपाईंको छोरा हो भनेको छैन, यो याद राख्नुस्।

■ **कुरा यत्तिमै रोकिएन, साँझ न्यौपानेले फेसबुक वालमा लेखिन्–** फरार अभियुक्तले परिवारको सदस्यसँग फोनमा गरेको कुराको वास्तविकता के हो ? एउटै केसमा कोही जेलमा, कसैलाई पुछपाछसम्म पनि किन भएन भनेर संसद्मा कुरा राख्दा माननीय नैनकलाजी संसद् लबीभित्रै आक्रामक शैलीमा प्रस्तुत भई मलाई तथानाम भन्नुभयो। कसैको नामसमेत किटेर नभनेको मेरो भनाइमा संसद् भवनभित्रै गरेको आपत्तिको त्यो शैली हेर्दा स्मृतिका पानाहरूमा ओझेल परिसकेका द्वन्द्वकालीन दिनहरू सम्झन पुर्गै। अनि सोच्न बाध्य छु, चोरको खुट्टा काट् भन्दा चोरले आफैं खुट्टा तान्छ भनेको यही हो त ?



■ **१२ भदौको संसद् बैठकमा कांग्रेस सांसद शान्ति विकले आपत्ति जनाउँदै प्रश्न उठाइन्–** ७ भदौको बैठकमा माननीय ईश्वरी न्यौपानेले बढो संयम भएर आफ्नो भनाइ राखिरहँदा प्रतिपक्षीकी एकजना माननीय सांसदले अस्वाभाविक तवरले अभद्रता प्रस्तुत गर्नुभयो। संसद्को गरिमामा खलल पुग्ने गरी लबीभित्र नै अमर्यादित रूपमा प्रस्तुत हुनुभयो। दुर्व्यवहार शैलीमा माननीय न्यौपानेमाथि अभद्र व्यवहारका साथ आक्रमण भयो। म घोर भर्त्सना गर्दछु, के कारणले गर्नुभएको हो, यो प्रश्नको उत्तर चाहिन्छ भन्ने माग राख्दछु।



■ **१८ भदौको संसद् बैठकमा कांग्रेस सचेतक सुशीला थिङले पनि भर्त्सना गरिन्–** संविधानको धारा १०३ अनुसार यस सदनभित्र संसद्का सदस्यलाई बोल्ने पूर्ण वाक स्वतन्त्रता छ। ७ भदौमा संविधानको अधीनमा रहेर सदनमा अभिव्यक्ति दिएकी ईश्वरी न्यौपानेलाई बाहिर निस्कने क्रममा प्रतिपक्षीका एकजना माननीय सदस्यले यही सदनको लबी कक्षभन्दा अलिकति पर जुन व्यवहार गर्नुभयो, नमीठो शब्दहरू बोल्नुभयो, धाक-धम्की दिनुभयो, त्यसको म घोर भर्त्सना गर्छु। संसद्मा उठेको प्रश्न संसद्बाटै प्रतिवाद गर्ने ज्ञान उहाँमा रहेनछ, त्यसकारण ज्ञानको कमी भएकाले उहाँलाई क्षमादान गरिदिन माननीय न्यौपानेलाई अनुरोध गर्दछु।

भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०५/२१ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६), दफा ६२क(१) तथा ६५ (२)(ग) मा भएको व्यवस्था, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, गाउँ सभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८०/८१ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ।

आन्तरिक आय ठेक्का विवरण

आय ठेक्का नं.	ठेक्काको विवरण	आ.व. ०८०/८१ को लागि निर्धारण गरिएको संकलन तथा बिक्रि परिमाण (घन मि)	आ.व. २०८०/८१ को लागि निर्धारण गरिएको ढुंगा, गिट्टी, बालुवा घाटगद्दी न्यूनतम दररेटरु. (प्रति घन मि)	न्यूनतम कबोल रकम.रु. (मू.अ.कर बाहेक)	बोलपत्र दस्तुर रु.	धरौटी
BRM/NCB/IR/ 03/080/081	वडा नं ६ आँपघाट बगर	३४,७९०।४१	३१७८८	१,१०,५९,१२४।५१	५,०००/-	कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा बोलपत्र खोलेको दिनबाट १८० दिन म्याद भएको बैंक जमानत ।

ठेक्का सम्बन्धी शर्तहरु :

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कवोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वत: रद्ध हुनेछ। उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ। अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२. ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन। साथै IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा बढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्गमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको (मू.अ.कर सहित) ५ प्रतिशत रकम यस कार्यालयको **नबिल बैक लि., भुम्लु शाखा, सल्ले स्थित रहेको ग-३ धरौटी खाता नं.२१५०१०१७५०००२२** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १८० दिन सम्म म्याद भएको "क" वर्गको बैंकबाट जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नबिल बैंक नेपाल लि. भुम्लु शाखा सल्लेमा रहेको ग-१.१ आन्तरिक राजश्व खाता नं. २१५०१०१७५०००४५** मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

८. ठेक्कामा कुनै विवाद भएमा भुम्लु गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ।

१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०८०/०६/२१ गते दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट पेश गर्न पर्नेछ। साथै उक्त सूचना भुम्लु गाउँपालिकाको वेभ साइट www.bhumlumun.gov.np मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट E- Bidding मार्फत पेश गर्न सकिनेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० बजे भुम्लु गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

११. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र दस्तुर तिरेका भौचर, बैक ग्यारेण्टी वा धरौटी रकम जम्मा गरेको भौचर र आ व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ। बोलपत्र दाता व्यक्ति हुदाँ नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

१२. बोपत्रदाताले कबुल रकम EGP मा भरेर तथा कार्यालयबाट प्रमाणित फारम भरी सहिछाप गरी Scan गरी Upload गर्नुपर्नेछ। साथै EGP र Scan फाइल फरक पर्न गएमा Upload गरिएको Scan फाइललाई मान्यता दिईने छ।

१३. बोलपत्र फारामहरु दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछन्।

१५. बोलपत्र स्वीकृत भएपछि कुनै पनि मिनाहा छुट दिइने छैन। तोकिएको मितिमा सम्झैता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारवाही गरिने छ।

१६. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन।

१८. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ।

१९. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन।

आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. ठेक्का सम्झैता गर्न आँउदा बोल कबोल रकमको पहिलो किस्ताको पहिलो ३५ प्रतिशत (भ्याट सहित) किस्तामा बुझाउनुपर्नेछ। बाँकी रकमको ६५ प्रतिशत (भ्याट सहित) कार्य सम्पादन जमानत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८१ साल भाद्र मसान्त सम्म म्याद भएको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी पट्टा दिइनेछ।

२. ठेक्का सम्झैता भएको मितिदेखि २०८१ साल जेष्ठ मसान्त सम्म IEE मा तोकिए बमोजिमको परिमाण उत्खनन् गर्न पाइनेछ। साथै बिक्री वितरण असार मसान्त सम्मको लागि कायम रहने छ।

३. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ।

किस्ता	किस्ता बुझाउनुपर्ने मिति	रकम रु.	कैफियत
पहिलो	ठेक्का सम्झौताको बखत	कबोल अंङ्कको ३५ प्रतिशतले हुन आउने रकम। (भ्याट सहित)	समय सीमा नाघी किस्ता बुझाउन आएमा वार्षिक १०% को दरले व्याज जोडी दाखिला गर्नुपर्नेछ।
दोश्रो	२०८० साल पौष मसान्त भित्र	कबोल अंङ्कको ३५ प्रतिशतले हुन आउने रकम। (भ्याट सहित)	
तेश्रो	२०८१ जेठ मसान्त सम्म	कबोल अंङ्कको बाँकी ३० प्रतिशत रकम ।(भ्याट सहित)	

४. ठेक्का कबोल गर्ने ठेकेदारले भुम्लु गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा बिक्रि तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

५. ठेकेदारले उठाउने ढुङ्गा गिटी बालुवा कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। साथै उक्त बगर क्षेत्रमा जाने बाटो अवरुद्ध भएमा ठेकेदारले स्वयमले बाटो मर्मत गरी संचालन गर्नु पर्नेछ र दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

६. भुम्लु गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन।

८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। पहिलो, दोस्रो र तेस्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन।

९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१०. प्रचलित ऐन, नियम, कानून, सम्झौंता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. भुम्लु गाउँपालिका भित्रका ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

१४. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् बिक्रितथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र IEE प्रतिवेदनमा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

■ काठमाडौं महानगरको न्यायिक समितिमा थुप्रिए उजुरी

८० प्रतिशत उजुरी घरभाडा उठाउनेसम्बन्धी



शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महागनरपालिकाअन्तर्गतको न्यायिक समितिमा विभिन्न विवादका उजुरी आउने क्रम बढेको छ। महानगरकाअनुसार समितिमा छिनोफानो हुन बाँकी रहेका उजुरी मात्रै एक सय ६७ पुगेको छ। यसमध्ये गत वर्षबाट सरेका एक सय छन् भने बाँकी चालू आर्थिक वर्षमा दर्ता भएका हुन्।

महानगरअन्तर्गत कानुन, न्याय तथा मानव अधिकार विभागकी निर्देशक सुमित्रा लामिछाने सुवेदीका अनुसार दैनिकजसो उजुरी आउने गर्छन्। 'सेवाग्राहीहरू हरेक समस्याको उपचार महानगरमा छ भन्ने हिसाबले आउनुहुन्छ। पुलिसमा जानुपर्ने उजुरीसमेत लिएर आउनुहुन्छ। लेनदेनको विवाद पनि महानगरले मिलाइदिनुपर्‍यो भनेर आउनुहुन्छ,' निर्देशक सुवेदीले भनिन्। महानगरमा आइपुग्ने कतिपय उजुरीको क्षेत्राधिकार नहुँदा पनि व्यावहारिक पाटोलाई मध्यनजर गरेर समाधान गर्ने गरिएको छ।

> ● **सुमित्रा लामिछाने सुवेदी**, निर्देशक
> कानुन, न्याय तथा मानव अधिकार विभाग, काठमाडौं महानगर



सेवाग्राहीहरू हरेक समस्याको उपचार महानगरमा छ भन्ने हिसाबले आउनुहुन्छ। पुलिसमा जानुपर्ने उजुरीसमेत लिएर आउनुहुन्छ। महानगरमा आइपुग्ने कतिपय उजुरीको क्षेत्राधिकार नहुँदा पनि व्यावहारिक पाटोलाई मध्यनजर गरेर समाधान गर्ने गरिएको छ।

विवाद समाधानका लागि महानगरले प्रत्येक सोमबार इजलास राख्ने गरेको छ। आर्थिक बर्ष ०७९/०८० मा समितिमा एक सय २७ वटा उजुरी दर्ता भएका थिए। तीमध्ये नौवटा मिलापत्रका माध्यमबाट र ७६ वटा निर्णय प्रक्रियाबाट समाधान भएका थिए। पुनरावेदन नपरेका ४९ वटा विवादमध्ये ३० वटाको निर्णय कार्यान्वयन भएका थिए।

■ सहकारीको बदमासीविरुद्धका मुद्दा धेरै

महानगरमा परेका उजुरीमध्ये ८० प्रतिशत उजुरी घरबहालसँग सम्बन्धित छन्। तीमध्ये करिब २० प्रतिशत उजुरी सहकारीले घरबहाल नतिरेका, ताला बन्द गरेर हिँडेको धेरै छन्। घरबहालसम्बन्धी उजुरीबाहेक साँध सिमाना, बाटो खुलाउने, बहाल रकम दिलाइपाऊँ, कुटपिट गरेकाले कारबाही गरिपाऊँलगायत उजुरी छन्। 'हामीकहाँ आउने घरबहालसम्बन्धी उजुरीमध्ये २० प्रतिशतभन्दा धेरै सहकारीले बहाल नतिरेको, बहाल नतिरी घरमा ताला लगाई सम्पर्कविहीन भएको भन्ने छन्,' उनले भनिन्, 'सहकारीले घरभाडामा लिएको छ। तर, सहकारी भागिसक्यो। सञ्चालक कहाँ छ, जानकारी हुँदैन। फोन उठाउँदैन। यस्तो अवस्थामा हामीले एकपक्षीय निर्णयसमेत गर्ने गरेका छौं। कानुनमा विपक्षीलाई पनि पर्याप्त सुनुवाइको समय दिएर मात्र निर्णय गर्नुपर्छ भन्ने छ। तर, सूचना दिँदा पनि आउँदैनन्।' उनले घरबहालसम्बन्धी उजुरी धेरै आउनुको अर्को कारण आर्थिक मन्दी पनि भएकाले यसमा केन्द्र सरकारकै ध्यान जानुपर्ने बताइन्।

■ समितिले कसरी गर्छ न्यायसम्पादन ?

समितिले कानुनअनुसार आफूसमक्ष पेस भएका विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलापलाई प्रोत्साहन दिने गरेको छ। दुवै पक्षको सहमतिमा मिलापत्र गराउनुपर्छ। पक्षहरूबीच मिलापत्र हुन नसके स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ मा उल्लिखित विवादमा न्यायिक समितिले विवादको कारबाही र किनारा गर्नुपर्ने हुन्छ। उपदफा २ बमोजिम मिलापत्र गराउँदा न्यायिक समितिले सूचीकृत मेलमिलापकर्ताबाट गराउँछ। समितिले दफा ४७ को उपदफा २ मा उल्लेखित विवादमा प्रतिवादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुगांउनुपर्नेछ। सो अवधिभित्र मेलमिलाप हुन नसके सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुझाब दिइ विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाणसमेत सम्बन्धित अदालतमा पठाइदिनुपर्छ।

■ न्यायिक समितिले कस्ता मुद्दा हेर्न पाउँछ ?

स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को दफा ४७ को उपदफा १ अनुसार आलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपभोग, अर्कोको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको, घरपालुवा, पशुपक्षी हराएको वा पाएको, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेकोलगायत १३ प्रकारका विवादको निरुपण गर्ने अधिकार न्यायिक समितिलाई हुनेछ । सरकारी, सार्वजनिक वा सामुदायिकबाहेकको हकमा जग्गा अर्कोले च्यापेको, मिचेको वा घुसाइ खाएको, सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक हक नपुग्ने अरूको जग्गामा घर वा संरचना बनाएको, लुट, गाली बेइज्जती, सम्बन्धविच्छेदलगायत ११ प्रकारका विवादमा मेलमिलापका माध्यमबाट मात्र निरुपण हुने अधिकारको व्यवस्था गरिएको छ।

■ दर्शनका लागि लामबद्ध कृष्णभक्त



श्रीकृष्ण जन्माष्टमीका अवसरमा ललितपुरको पाटनस्थित कृष्णमन्दिरपरिसरमा लामबद्ध दर्शनार्थी। यहाँ हरेक वर्ष कृष्ण जन्माष्टमीका अवसरमा हजारौँ भक्तजन भेला हुने गर्छन्। उपत्यकासहित देशभरका भक्तजन यस अवसरमा मन्दिर दर्शन गर्न आउँछन्। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

बुधबार उपत्यकामा

सूर्यविनायक : सूर्यविनायक नपा-६ सूर्यविनायक सुन्दरबस्ती डेरा गरी बस्ने काभ्रे चौरीदेउरालीकी ४१ वर्षीया प्रमिला योञ्जनको कोठाबाट गरगहना चोरी भएको छ। कोठामा कोही नभएको अवस्थामा ताला फुटाई नगद तथा सुनका विभिन्न गरगहना गरी करिब दुई लाख २७ हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्नको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

भक्तपुर : १४ भदौदेखि भक्तपुरमा सुरु भएको गाईजात्रा पर्व बुधबारदेखि विधिवत् रूपमा सम्पन्न भएको छ। जनैपूर्णिमाका दिन तलेजुको पूजा गरी साँझ गाई निकालेपछि सुरु भएको भक्तपुरको गाईजात्रा पर्व बुधबार तलेजुको पूजा गरेपछि सम्पन्न भएको तलेजुका मूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिए। जनैपूर्णिमाको भोलिपल्ट गाईजात्राका दिन दिवंगत व्यक्तिको सम्झनामा गाईजात्रा निकाल्ने भए पनि अन्य दिनमा भने घिन्ताङघिसी नाच र व्यंग्य प्रस्तुत गर्दै सात दिनसम्म गाईजात्रा मनाउने गरिन्छ। गाईजात्रादेखि प्रत्येक दिन अपराह्न भक्तपुरमा घिन्ताङघिसी नाचसँगै हनुमान नाच, माक प्याख नाच, जंगली नाच, व्यंग्यात्मक कार्टुन, प्लेकार्ड, प्रदर्शन गर्दै टोलटोल घुमाइएको थियो। त्यसैगरी, आजै भैरव मन्दिरमा नेवारी धोती हाकुपटासी लगाएर लामबद्ध सयौँ महिलाले टोलटोल घुमेर नारायणलाई बत्तीसमेत दिएका छन्।

सामाखुसी : श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर काठमाडौंको सामाखुसीमा 'मड्का फुटाउने'प्रतियोगिता आयोजना गरिएको छ। सामाखुसी युवा क्लबको आयोजनामा हरेक वर्षझैं यस वर्ष पनि जन्माष्टमीको अवसरमा काठमाडौं महानगरपालिका-२६ कपुरधारास्थित चिल्ड्रेन पार्कमा प्रतियोगिता आयोजना गरिएको हो। ०५६ देखि हरेक वर्ष मनाउँदै आइएको प्रतियोगितामा नीलो रिबन लगाउने टोली प्रथम भएको क्लबका अध्यक्ष दीपेन्द्र केसीले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा रातो र नीलो रिबन लगाउने दुई समूहको सहभागिता थियो। यस वर्ष ११ पटकको प्रयासपछि उक्त मड्का फुटाइएको हो।

थापाथली : स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको कुपन्डोलस्थित नवनिर्मित भवनबाट छिटो सेवा सञ्चालन गर्न मन्त्रालय प्रतिबद्ध रहेको जानकारी दिएका छन्। अस्पतालको ६४औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमलाई 'भर्चुअल' माध्यमबाट सम्बोधन गर्दै प्रसूति अस्पतालको दीर्घकालीन योजना र जनशक्तिलाई पुनर्संरचना गरिने बताए। उनले अस्पतालको सेवालाई प्रविधिमैत्री बनाउनु आवश्यक रहेकामा जोड दिए। 'बिरामीको चापलाई मध्यनजर गर्दै थप एक औषधि पसल, अनलाइन टिकेटिङ र क्युआरकोडमार्फत भुक्तानी र १० शय्या एनआइसियूलाई २० शय्या बनाउने तत्परताले थप गुणस्तर बढ्ने विश्वास छ,' उनले भने।

चर्चामै सीमित कोरला नाका

चीनले पूर्वाधार निर्माण सक्दा नेपालतर्फ एकीकृत भन्सार बनाउन बल्ल माटो परीक्षण



● **आनन्दराज मुल्मी**, पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

चीनले सिगात्सेसम्म रेल ल्याइसकेको छ। कोरला जोड्न अब ६ सय किलोमिटर दूरी मात्र छ। चीनको पश्चिम क्षेत्रमा चाहिने सामान नेपालबाट निर्यात गर्न सहज र छिटो हुन्छ, त्यही भएर कोरला नाका खोल्न आवश्यक छ।

■ म्याग्दीमा **कमल खत्री**, कास्कीमा **रोहितराज पराजुली**, संखुवासभामा **नवीन गुरुङ** र धनगढीमा **तेजराज भट्ट**

उपल्लो मुस्ताङ र चीनको स्वशासित क्षेत्र तिब्बतको सिमाना कोरला नाका सञ्चालन गर्ने नेपाल-चीनबीचको सम्झौता चर्चामै सीमित बनेको छ। कोरला नाका सञ्चालनको सम्भावना र आवश्यकताको अध्ययनका लागि संघ सरकार र प्रदेश सरकारका मन्त्री तथा विभिन्न राजनीतिक दलका शीर्ष नेताले अवलोकन गरे पनि नेपालले नाका सञ्चालनको पूर्वाधार निर्माणको काम नै सुरु गर्न सकेको छैन।

नेपालसँग कोरलालगायत विभिन्न थप आठ नाका खोल्ने सम्झौता भएपछि चिनियाँ पक्षले कोरला नाकासम्म सडक कालोपत्रे गरेको छ। त्यसबाहेक बन्दरगाह, सुरक्षा पोस्ट, भन्सार स्थापना गरेको छ भने आफ्नो भूमिमा तारबार गरेको छ। गत साता मात्रै चिनियाँ पक्षबाट ठेकेदारमार्फत निर्माण गरेको सम्पूर्ण पूर्वाधार निर्माणको काम सरकारलाई हस्तान्तरण भइसकेको सन्देश आएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी न्हर्बु गुरुङले बताए। 'चीन नाका खुलाउन तयार छ, हाम्रोतर्फ भर्खर माटो परीक्षण भएको छ, अब कहिले डिपिआर बन्ने हो, कहिले ठेक्का लाग्ने र कहिले पूर्वाधार बन्ने हो ? टुंगो लागेको छैन,' अध्यक्ष गुरुङले भने।

मुस्ताङका प्रतिनिधिसभा सदस्य योगेश गौचन थकालीले सरकारमार्फत नाका सञ्चालनका लागि आवश्यक पहल गरिरहेको जानकारी दिए। मुख्यगरी नाका खुलाउन भौतिक पूर्वाधार तयार गर्न र कूटनीतिक रूपमा दुई देशबीचको पारवहन सम्झौतालाई कार्यान्वयन गर्न सरकार र सम्बन्धित निकायमा पहल भइरहेको उनको भनाइ छ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको २०१६ मार्चमा भएको चीन भ्रमणका वेला चीनसँग व्यापार र पारवहन सम्झौता भएको थियो। २०१८ जुनमा भएको भ्रमणका समयमा दुई देशबीच थप नाका खुलाउने समझदारी भएको थियो।

कोरला नाका परिसरमा एकीकृत भन्सार कार्यालयको पूर्वाधार निर्माणका लागि करिब हजार रोपनी जग्गा अधिग्रहणको काम सम्पन्न भएपछि हालै मात्र माटो परीक्षण गरिएको छ। वाणिज्य मन्त्रालयबाट सर्वे र डिपिआरका लागि बजेट विनियोजन भएपछि माटो परीक्षण भएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी अनुप केसीले बताए। माटो परीक्षणको रिपोर्ट आएपछि डिपिआरलगायतको काम अघि बढ्ने जानकारी पाएको प्रजिअ केसीको भनाइ छ। ट्रेसेबल मेजरमेन्ट कम्पनीले भू-प्राविधिक परिचालन गरेर दशगजाको नेपालतर्फको भूभागलगायत पूर्वाधार बनाउन अधिग्रहण भएको जग्गाको माटो परीक्षण गरेको हो। कोरला नाकालाई लक्षित गरेर लोमान्थाङमा सीमा प्रहरी चौकी र छोसेरको नेचुङमा इलाका प्रहरी कार्यालय छ। सीमा सुरक्षालाई मध्यनजर गर्दै कोरला नाकादेखि करिब २० किलोमिटरयता नेचुङमा सशस्त्र प्रहरी बलको बिओपी पोस्ट स्थापना भइसकेको छ।



उपल्लो मुस्ताङ र चीनको स्वशासित क्षेत्र तिब्बतको सिमाना कोरला नाका

कोरला नाका जोड्ने कालीगण्डकी करिडोर सडक आयोजनाको मुस्ताङ खण्डको काम अन्तिम चरणमा पुगेको छ। घाँसादेखि जोमसोम हुँदै कोरला नाका जोड्ने सडक कालोपत्रे र ग्राभेलसहित स्तरोन्नतिको क्रममा छ भने विभिन्न खोलामा मोटरेबल पुल निर्माणको कामसमेत तीव्र गतिमा भइरहेको छ। चीन र भारतलाई जोड्ने कालीगण्डकी करिडोर सडक आयोजनाको म्याग्दी सदरमुकाम बेनीदेखि मुस्ताङको घाँसा खण्डको काममा भने ढिलासुस्ती भएको छ। निर्माण व्यवसायीको ढिलासुस्ती र बाढी, पहिरो र नदी कटानको कारण म्याग्दी खण्डमा सडक कालोपत्रे गर्ने काम प्रभावित बनेको छ। पारवहन र व्यापारिक हिसाबले महत्त्वपूर्ण मानिने दुई ठूला मुलुक चीन र भारत जोड्ने गरी निर्माणाधीन कालीगण्डकी करिडोर सडक कोरला नाकाको आधारभूत पूर्वाधार हो।

■ २४ नम्बरको पिलर एक्लो पूर्वाधार

उजाड हिमाली मरुभूमिको समथर फाँटमा रहेको कोरला नाकामा 'नेपाल' लेखिएको २४ नम्बरको पिलर ठडिएको छ। नेपाल-चीनको सिमानामा पर्ने कोरला नाकाको यो पिलर नै नेपालतर्फको एक मात्रै देखिने चिनारी र पूर्वाधार हो। पिलरको अगाडि धमाधम चिनियाँ पक्षले पूर्वाधार बनाइरहेको छ। नेपाल र चीनबीच भएको नाका खुलाउने सम्झौताअनुसार 'कोरला नाका'मा चिनियाँ पक्षले भन्सारलगायत प्रयोजनका लागि विशाल भवन निर्माण गरिसकेको छ। तर, नेपाली पक्षबाट भने पूर्वाधार निर्माण सुरुसमेत हुन सकेको छैन।

परम्परागत रूपमा कोरला नाकामा अर्धवार्षिक रूपमा व्यापार मेला लाग्दै आएको छ। अहिले वर्षमा दुईपटक मात्रै मेला लगाए उपल्लो मुस्ताङवासी र चिनियाँले सामान आयात र निर्यात गर्दै आएका छन्। यस वर्ष नाका सञ्चालनको सम्पूर्ण पूर्वाधार निर्माणको काम सकेको चिनियाँ पक्षले व्यापार मेला लगाउन इच्छा देखाएका छैनन्।

चीनले व्यापार मेलाभन्दा पनि नियमित रूपमै नाका खुलाउन चाहेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष गुरुङको भनाइ छ। हरेक वर्षको भदौ र जेठमा मुस्ताङीलाई लक्षित गरेर एकदेखि दुई साताको समयावधिका लागि अल्पकालीन व्यापार मेलाका रूपमा नाका सञ्चालन हुँदै आएको छ। कोरोना महामारीपछि चिनियाँ पक्षले व्यापार मेलासमेत खुलाएको छैन। व्यापार मेलाबाट मुस्ताङवासीले निर्माण सामग्री, खाद्यान्न, लत्ताकपडालगायत सामग्री आयात गर्छन् भने यार्सालगायत जडीबुटी निर्यात गर्छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आसन्न चीन भ्रमणमा कोरला नाकालाई पनि एजेन्डा बनाउन प्रदेशका उद्योग-व्यवसायीले माग गरेका छन्। चीनले सिगात्सेसम्म रेल ल्याइसकेकाले कोरला नाका जोड्न अब ६ सय किलोमिटर मात्र बाँकी रहेको अवस्थामा कोरला नाका छिटोभन्दा छिटो सञ्चालन गर्न, पोखरा विमानस्थलमा चीनबाट व्यावसायिक रूपमा नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्न र पोखरामा चीनको महावाणिज्य दूतावास स्थापना गर्न यहाँका व्यवसायीको माग छ।



पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले कोरला नाका खोल्दा पोखरासँगै गण्डकी र समग्र देशको आर्थिक क्षेत्र चलायमान हुने बताए।

■ किमाथांका नाका खुलाउने विषयमा चीन सकारात्मक छ : परराष्ट्रमन्त्री



संखुवासभा/ परराष्ट्रमन्त्री एनपी साउदले किमाथांका नाका खुलाउने विषयमा चीन सकारात्मक रहेको बताएका छन्। बुधबार संखुवासभाको तुम्लिङटार विमानस्थलमा पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै उनले संखुवासभाको उत्तरी चीनसँगको सीमावर्ती किमाथांका नाका खुलाउने विषयमा चीनसँग पटक-पटक कुराकानी भइरहेको बताए। आगामी २३ सेप्टेम्बरदेखि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणमा किमाथांका नाका खुलाउने विषय एजेन्डामा राखिएको उनले जानकारी दिए।

मन्त्री साउदले नेपाली जनताको तिब्बतसँग पुरानो सम्बन्ध रहेको बताउँदै एक-आपसमा व्यापारिक सम्बन्ध रहेकाले यो क्षेत्रको विद्युत् र सहरीकरणलगायतको विकास योजनाका लागि चीन सरकारसँग प्रस्ताव पनि गरिएको बताए। 'चीनसँग विद्युत्को ट्रान्समिसन लाइन विस्तार गर्ने भन्ने विषयमा पनि अघि बढेको छ। किमाथांका नाकालाई सहरीकरण बनाउनेलगायत थुप्रै विकास परियोजनाको प्रस्ताव पनि गरेका छौं, यो विषयमा चीन सरकार सकारात्मक रहेको पाएका छौं,' उनले भने। मन्त्री साउद भारतीय दूतावासको सहयोगमा निर्मित खाँदबारीस्थित हिमालय किरण पब्लिक क्याम्पसको भवन उद्घाटन गर्न आएका हुन्।

■ प्रधानमन्त्रीको चीन भ्रमणको एजेन्डामा उरै नाका पनि समावेश गर्न माग

सुदूरपश्चिमका व्यवसायीहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आगामी महिना हुने चीन भ्रमणको एजेन्डामा बझाङको उरै नाका सञ्चालनको विषयलाई समावेश गर्न माग गरेका छन्। चीनसँग जोड्ने उरै नाका सञ्चालनको विषयलाई भ्रमणको एजेन्डामा समावेशका लागि पहल गरिदिन व्यवसायीहरूले सुदूरपश्चिम प्रदेश सरकारसँग पनि आग्रह गरेका छन्।

उरै नाका सञ्चालनमा ल्याउन सके उद्योग, पर्यटन तथा व्यापारका माध्यमबाट सुदूरपश्चिमको आर्थिक समृद्धि हासिल गर्न सकिने उनीहरूको भनाइ छ। उरै नाकाले भारतको राजधानी नयाँ दिल्लीलाई चीनको तिब्बतसँग छोटो दूरीमा जोड्ने भएकाले यसलाई त्रिदेशीय व्यापारिक मार्गका रूपमा विकास गर्न सकिने सम्भावना रहेको व्यवसायीहरूले औंल्याएका छन्।

कैलाली उद्योग वाणिज्य महासंघका अध्यक्ष पुष्प कुँवर यो नाका सञ्चालन हुन सकेमा पर्यटन तथा व्यापारका माध्यमबाट सुदूरपश्चिमको मात्र नभई राष्ट्रिय अर्थतन्त्रमै महत्त्वपूर्ण योगदान पुग्न सक्ने बताउँछन्। सुदूरपश्चिमको समग्र विकासका लागि चीनसँगका नाका खोल्नेसँगै भारतसँगका नाकाहरूको स्तरोन्नति आवश्यक रहेको उनले बताए। 'उरै नाका खोल्न सके 'कनेक्टिभिटी' बढ्छ, व्यापारिक कारोबारमा सहज हुन्छ। यहाँको औद्योगिक विकासमा सहयोग पुग्छ,' कुँवरले भने, 'नाका खुलाउनेतर्फ सरकारको ध्यान जानुपर्छ।' उत्तर र दक्षिणतिरका नाकाहरू खोल्न सके सुदूरपश्चिमको समग्र विकासमा टेवा पुग्ने भएकाले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा उरै नाकाको विषय उठाउन आग्रह गरिएको उनले बताए।

करिब हजार वर्षदेखि व्यापारिक र धार्मिक गतिविधि हुँदै आएको ठानिएको यो नाका कोरोनायता प्रवेश निषेध गरिएको छ। बझाङको चैनपुरदेखि उरैसम्म जोड्ने सडक निर्माण हुन सकेको छैन। चैनपुरदेखि उरैसम्म एक सय १७ किलोमिटरमध्ये हालसम्म ४० किलोमिटरमा मात्र ट्याक खोल्ने काम पूरा भएको छ।

सरकारले कैलालीको टीकापुरदेखि बझाङमा चीनतर्फको ताक्लाकोट जोड्ने सडकलाई सेती लोकमार्गका रूपमा अगाडि बढाएको छ, तर डेढ दशकसम्म ट्याक खोल्ने कामसमेत पूरा भएको छैन। त्रिदेशीय व्यापारिक मार्गका रूपमा विकास गर्न सकिने सम्भावना भए पनि सरकारको प्राथमिकतामा पर्न नसकेको गुनासो यहाँका स्थानीयको छ।

उरै नाकाको विषय प्रधानमन्त्री प्रचण्डको भ्रमणको एजेन्डामा राख्न आवश्यक पहल गर्न आग्रह गर्दै व्यवसायी तथा व्यावसायिक संघ-संस्थाले सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहलाई ज्ञापनपत्रसमेत बुझाएका छन्। उद्योग वाणिज्य महासंघ प्रदेश समिति, जिल्ला समिति, नाटा सुदूरपश्चिमलगायत व्यावसायिक संघसंस्था तथा व्यवसायीहरूले ज्ञापनपत्र बुझाएका हुन्।

पर्यटन व्यवसायीहरूको संस्था नाटा सुदूरपश्चिमका अध्यक्ष पदमविक्रम सिंहले उरै नाका खोल्न सके सुदूरपश्चिमको पर्यटन विकासले छलाङ मार्ने बताए। उरै नाका खुले चीनको मानसरोवर जाने हजारौं भारतीय पर्यटकलाई सुदूरपश्चिम भित्र्याउन सकिने उनको भनाइ छ। 'प्रधानमन्त्रीको चीन भ्रमणमा उरै नाकालाई एजेन्डामा राख्न प्रदेश सरकार आफैंले पनि पहल गर्नुपर्ने हो,' सिंहले भने, 'हामीले मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएर पहल गर्न आग्रह गरेका छौं।'

तस्करी गरेर ल्याइएको साढे १४ लाखको सामान बरामद

धनगढी/ प्रहरीले भारतबाट भन्सार छली ल्याएको १४ लाख ६६ हजार रुपैयाँ मूल्यबराबरको सामान बरामद गरेको छ। धनगढी उपमहानगरपालिका र भजनी नगरपालिकाका विभिन्न क्षेत्रबाट अवैध रूपमा भारतबाट ल्याइएको सामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले धनगढी- २ मिलनचोकबाट ११ लाख चार हजार मूल्यबराबरको गाडीका पार्टपुर्जा र कपडा बेवारिसे अवस्थामा बरामद गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए। त्यस्तै, धनगढी- ४ ओमशान्ति टोलबाट ९१ हजार मूल्यबराबरका कपडा र सादा पोसाकमा गएको प्रहरी टोलीले भजनी- ५ कुटीबाट दुई लाख ७१ हजार मूल्यका कपडा बरामद गरेको उनले बताए।

भजनीको कुटीबाट प्रहरीले भन्सार छलीका कपडासँगै तस्करीमा संलग्न एउटा मोटरसाइकलसमेत बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। बरामद सामान र मोटरसाइकल १४ लाख ६६ हजार रुपैयाँ मूल्य कायम गरेर भन्सार कार्यालयलाई बुझाइएको प्रहरी निरीक्षक बस्यालले बताए। बेवारिसे अवस्थामा रहेको भनिएको सामान तस्करीमा संलग्नलाई भने प्रहरीले पत्राउ गर्न सकेन। भारतसँगको खुला सिमानाका कारण कैलालीमा भन्सार नतिरेरै भारतबाट सामान तस्करी हुँदै आएको छ।

६० हजार धरौटीमा छुटे चार चिकित्सक

काठमाडौं/ नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा एमबिबिएस (ब्याचलर अफ मेडिसिन एन्ड ब्याचलर अफ सर्जरी) अध्ययन गरेको अभियोगमा पक्राउ परेका चारजना चिकित्सक धरौटीमा रिहा भएका छन्। काठमाडौं जिल्ला अदालतबाट मंगलबार उनीहरू जनही ६०-६० हजार रुपैयाँ धरौटी बुझाएर छुटेका हुन्।

रिहा हुनेमा पुनम थापा, श्रद्धा शिल्पकार, रञ्जित यादव र एरिना साह छन्। उनीहरूलाई गत २५ साउनमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको थियो। अधिवक्ता अरुण पौडेलले नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा अध्ययन गरेका चार चिकित्सक धरौटीमा रिहा भएको बताए।



'नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा डाक्टर बनेको अभियोगमा सिआइबीले चार डाक्टरलाई पक्राउ गरेको थियो। उनीहरूलाई जनही ६०-६० हजार धरौटीमा छाड्ने आदेश अदालतले दिएको छ। अदालतको आदेश दण्डात्मकभन्दा पनि सुधारात्मक जस्तो देखिन्छ,' उनले भने। सिआइबीले उनीहरूसँगै काग्रेस सांसद सुनील शर्मासहित आठ डाक्टरलाई पनि पक्राउ गरेको थियो। जसमध्ये शर्मालाई अदालतले पक्राउ परेको दुई दिनपछि हिरासतबाट मुक्त गर्न आदेश दिएको थियो।

नेपाली र अमेरिकी सेनाबीच संयुक्त अभ्यास हुँदै

काठमाडौं/ नेपाली सेना र अमेरिकी सेनाबीच संयुक्त अभ्यास तालिमको ४०औं चरण आयोजना हुन लागेको छ। विगतमा हुँदै आएको ज्वाइन्ट कम्बाइन्ड एक्सचेन्ज ट्रेनिङ ब्यालेन्स नेल दिइएको तालिम २४ भदौदेखि १२ असोजसम्म काठमाडौं उपत्यकामा हुने सेनाले जनाएको छ। अभ्यासमा नेपाली सेनाका ३० तथा अमेरिकी सेनाका १२ गरी ४२ जना सहभागी हुनेछन्।

'संयुक्त अभ्यासमा विपत् व्यवस्थापन, खोज तथा उद्धार, मानवीय सहायतालगायत विषयमा अनुभव तथा ज्ञान आदानप्रदान हुनेछ,' सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ। सेनाले अमेरिकाबाहेक बेलायत, भारत, चीन, श्रीलंका, मंगोलिया, बंगलादेश, इजरायललगायत देशका सेनासँग संयुक्त तालिम अभ्यास गर्दै आएको छ। विशेषगरी खोज तथा उद्धार, विपत् व्यवस्थापन, प्रतिआतंकवाद, पर्वतारोहण, संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा सहभागी रहँदा निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा संयुक्त तालिम तथा अभ्यासमा सेना सहभागी हुँदै आएको छ। सैन्य अभ्यासमा सहभागी हुन अमेरिकाको सैनिक टुकडी बन्दोबस्तीका सामग्रीसहित बिहीबार अमेरिकी वायुसेनाको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुनेछ। अमेरिकी सेनाको विमान शुक्रबार फिर्ता हुनेछ।



संयुक्त अभ्यासमा विपत् व्यवस्थापन, खोज तथा उद्धार, मानवीय सहायतालगायत विषयमा अनुभव तथा ज्ञान आदानप्रदान हुनेछ

यसैबीच, बेलायतमा हुन लागेको प्रतिस्पर्धात्मक एक्सरसाइज क्याम्ब्रियन प्याट्रोलमा सहभागी हुन प्रमुख सेनानी विवेकविक्रम शाहको कमान्डमा १० सदस्यीय टोली बुधबार त्यसतर्फ प्रस्थान गरेको छ।

गुल्मी कारागारको क्षमता २५, कैदीबन्दी १०२

क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी हुँदा पनि कारागार सुधारको प्रयासमा सरकार उदासीन

क्षमताभन्दा चार गुणा बढी मान्छे भइसके। खुट्टा पसारेर सुत्ने ठाउँ छैन। दुःखभित्र पनि सुख खोजेर बाँचेका छौं।

■ **हरि थापा**, चौकीदार

गुल्मीमा **टोपलाल अर्याल**

क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी हुँदा पनि सरकारले गुल्मी कारागार सुधारको प्रयास गर्न सकेको छैन। ०२४ मा स्थापना भएको कारागार ०७२ को भूकम्पले भवन चिरा-चिरा परेको छ। २५ जना क्षमता रहेको कारागारमा अहिले एक सय दुईजना कैदीबन्दी छन्। जसकारण त्यहाँ रहेका कैदीको अवस्था निकै कष्टकर बनेको छ।

संवेदनशील क्षेत्र मानिने कारागारको भौतिक संरचना निर्माण सरकारको प्राथमिकतामा पर्नुपर्ने हो। तर, सरकारको प्राथमिकता नपर्दा ५६ वर्ष पुरानो सानो र साँघुरो भवनमा कैदीबन्दीले अमानवीय दैनिकी बिताइरहेका छन्। कारागारमा ९३ जना पुरुष, एक आश्रित बालिकासहित आठ महिला छन्। पुरुषहरू एउटा कोठामा दुई तहमा सुत्दै आएका छन्। दैनिक संख्या वृद्धि हुँदै गएकाले सुत्न, खान, शौचालय प्रयोग गर्न पालो कुर्ने अवस्था आएको चौकीदार हरि थापाले गुनासो गरे। उनले आफूहरूको मानव अधिकारको विषयमा राज्यले बेवास्ता गरेको बताए। 'क्षमताभन्दा चार गुणा बढी मान्छे भइसके। खुट्टा पसारेर सुत्ने ठाउँ छैन,' उनले भने, 'दुःखभित्र पनि सुख खोजेर बाँचेका छौं।'

कारागारका अधिकांश कैदीबन्दीले हस्तकलाका सामग्री उत्पादन गरेका छन्। तर, संरचनाका कारण व्यवस्थापनमा मुस्किल परिरहेको छ। त्यसबाहेक समयमै फैसला नहुने, फैसला नक्कल र कैदी पुर्जी समयमै नआउने समस्या रहेको थापाले बताए। पर्याप्त भौतिक संरचना नहुँदा सबै कसुरका कैदी एकै ठाउँमा बस्न विवश छन्।



■ महिलाले प्याडसमेत पाउँदैनन्

गुल्मी कारागारमा एक आश्रित बालिकासहित आठजना महिला छन्। पुरुषको तुलनामा महिलालाई शारीरिक समस्या बढी हुन्छ। तर, सरकारले महिला कैदीबन्दीलाई महिनावारी हुँदा पनि सेनेटरी प्याडसमेत नदिने गरेको कैदी शान्ता पुनले गुनासो गरिन्। उनले कारागारमा पर्याप्त पानी नहुँदा महिनावारीका वेला सरसफाइ राम्रोसँग गर्न नसकेको बताइन्। पर्याप्त संरचना नभएका कारण भेटघाटमा समेत महिलामाथि विभेद भइरहेको उनको भनाइ छ। महिला कैदीले आफन्त भेटघाट गर्न एक दिन मात्रै पाएको पुनले बताइन्।

कारागारका निमित्त प्रमुख रेश्मीराज पन्थीले भौतिक संरचना र सुरक्षाका कारण महिलालाई पुरुषसरह भेटघाट गराउन नसकिएको बताए। उनले संरचना बने सबै समस्या समाधान हुने भएकाले सरकारले यसबारे सोच्नुपर्ने बताए।

■ तीन वर्षपछि स्वास्थ्यकर्मी उपस्थित

गुल्मी कारागारमा स्वास्थ्यकर्मी नहुँदा कैदीबन्दीलाई परेको प्रभावबारे नयाँ पत्रिकामा निरन्तर समाचार प्रकाशन हुँदै आएको छ। गुल्मी कारागारमा तीन वर्षपछि सिनियर अहेव प्रकाशचन्द्र घिमिरे आफ्नो दरबन्दीमा हाजिर भएको जिल्ला प्रशासन कार्यालय गुल्मीका सूचना अधिकारी हरिप्रसाद गैरेले जानकारी दिए। उनी १६ साउनबाट कार्यालयमा उपस्थित भएर कामकाज सुरु गरेका छन्। गुल्मी कारागारमा सिनियर अहेवको दरबन्दी भए पनि दरबन्दीमा कार्यरत सिनियर अहेव घिमिरे ०७७ जेठदेखि स्वास्थ्य मन्त्रालयको काजमा रहेर काम गरिरहेका थिए। नयाँ पत्रिकामा समाचार प्रकाशित भएपछि तत्काल पत्राचार गरेर घिमिरेलाई दरबन्दीमा फिर्ता गराएको सूचना अधिकारी गैरेले बताए।

कारागारमा दैनिक पाँच-सातजना कैदीबन्दी बिरामी पर्छन्। केही दीर्घरोगी पनि छन्। तर, उनीहरूलाई व्यवस्थित उपचार गराउन अस्पताल लैजाने जनशक्ति कारागारमा नभएको निमित्त कारागार प्रमुख पन्थीले बताए। गुल्मी कारागारमा अधिकृतसहित १० जनाको दरबन्दी छ। लामो समयदेखि कार्यालय प्रमुख अधिकृत छैनन्। अधिकृतसहित सहायक कम्प्युटर स्थायी छैनन्। अहिले कारागारमा स्थायी कर्मचारी एकजना सुब्बा, खरिदार, सिनियर अहेव र सहायक लेखापालसहित चारजना करारका कार्यालय सहयोगी छन्।

कर्मचारी आवश्यकता

प्रकाशित मिती : २०८०/५/२१

संस्थाको लागी आवश्यक तपसिल बमोजीमको पदमा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले इच्छुक योग्य उमेदवारहरुबाट सूचना प्रकाशीत मितीले १० दिनभित्र हालसाले खिचिएको पासपोर्ट साइजको फोटो ,नेपाली नागरिकताको प्रमाणपत्र ,शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपी सहित संस्थाको मुख्य कार्यालय ,काठमाडौं महानगरपालिका-३२, तिनकुने वा संस्थाको इमेल jhcoopl@hotmail.com मा दरखास्त आह्वान गरिन्छ। छनौट सूचीमा परेका उम्मेदवारहरुलाई टेलिफोनबाट परिक्षा मितीको बारेमा जानकारी गराइनेछ।

क्र.स.	पद	संख्या	योग्यता	उमेर
१	व्यवस्थापक (तह ८)	१ जना	मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा अर्थशास्त्रमा स्नातकोतर वा सो सरहको परिक्षा उतिर्ण गरी २ वर्ष बैक तथा वित्तीय संस्था वा सहकारी सस्थामा अधिकृत स्तरमा कार्य गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा अर्थशास्त्रमा स्नातक तह वा सो सरहको परीक्षा उतिर्ण गरि ५ वर्ष बैक तथा वित्तीय संस्था वा सहकारी सस्थामा अधिकृत स्तरमा कार्य गरेको अनुभव भएको।	२५ वर्ष पुरा भई ४५ वर्ष ननाघेका
२	बरिष्ठ अधिकृत (तह ८)	१ जना	मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा अर्थशास्त्रमा स्नातक वा सो सरहको परिक्षा उत्तीर्ण गरी ३ वर्ष बैक तथा वित्तीय संस्था वा सहकारी सस्थामा अधिकृत स्तरमा कार्य गरेको अनुभव भएको।	२५ वर्ष पुरा भई ४० वर्ष ननाघेका

परिक्षाको किसिम: लिखित अर्न्तवार्ता समुहगत छलफल र व्यवसायीक योजना प्रस्तुतीकरण।
कर्मचारी छनौटसम्बन्धी सम्पुर्ण अधिकार संस्थामा निहित हुनेछ ।
तलब तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।
मानव संसाधन समिती
हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि .
का म न पा ३२, तीनकुने काठमाडौं
फोन नं. ०१४११९८७२, ०१४१११५०२

कांग्रेस सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार

आक्रमणकारीलाई कारबाही गर्न कांग्रेसको माग

नयाँ पत्रिका

कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार भएको छ। बुधबार प्रदर्शनी मार्गस्थित रिपोर्टर्स क्लबबाट बाहिरिँदै गर्दा यादवमाथि खुकुरी प्रहार भएको हो। खुकुरी प्रहारबाट टाउकोको पछाडिको भागमा चोट लागेको छ। उनको ट्रमा सेन्टरस्थित आइसियू कक्षमा उपचार भइरहेको छ।

यादवमाथि नुवाकोटको विदुर नगरपालिका- ४ का श्यामबहादुर सापकोटाले आक्रमण गरेका हुन्। उनी राजतन्त्र समर्थक रहेको खुलेको छ। मुलुकमा भ्रष्टाचार मौलाएको भन्दै उनले यादवलाई खुकुरी प्रहार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।



जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीले आक्रमणकारीलाई तत्कालै नियन्त्रणमा लिएर अनुसन्धानअगाडि बढाइएको बताए। 'यादवमाथि खुकुरी प्रहार गर्ने आक्रमणकारीलाई तत्कालै नियन्त्रणमा

> यादवमाथि खुकुरी प्रहार गर्ने श्यामबहादुर सापकोटा राजतन्त्र समर्थक, यसअघि पनि विभिन्न व्यक्तिलाई मोसो दल्नेलगायत गतिविधिमा सक्रिय

लिएर घटनाको सम्बन्धमा अनुसन्धान हुँदै छ। बाँकी तथ्य खुल्दै जालान्,' उनले भने।

साक्षात्कार कार्यक्रम हुने सूचनापछि उनी बुधबार बिहानै रिपोर्टर्स क्लब पुगेका थिए। क्लबमा उनी पत्रकारसँगै बसेका थिए। कार्यक्रममा प्रमुख वक्ता रहेका यादवले नक्कली भुटानी शरणार्थी तथा समसामयिक राजनीतिक विषयमा धारणा राखेका थिए। पूरै समय कार्यक्रममा रहेका सापकोट यादव कार्यक्रम सकेर बाहिरिएसँगै पछिपछि निस्किएका थिए। यही क्रममा उनले साथमा रहेको खुकुरी झोलाबाट झिकेर यादवमाथि प्रहार गरेका हुन्।

यादवलाई खुकुरी प्रहार गरेपछि उनले 'ले ले जनता खुकुरी ले, देशद्रोहीलाई छप्काइदे, राजसंस्था जिन्दावाद, एमसिसी खारेज गर' लगायतका नारा लगाएका थिए। प्रहरीका अनुसार उनले यसअघि पनि विभिन्न व्यक्तिलाई मोसो दल्नेलगायत गतिविधि गर्दै आएका थिए। उनी त्यसबेला पनि पक्राउ परेका थिए।

काठमाडौं/ कांग्रेसले सहमहामन्त्री महेन्द्र यादवमाथि सांघातिक आक्रमणमा संलग्नलाई कारबाहीको माग गरेको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको विज्ञप्तिमा घटनालाई कांग्रेसले गम्भीरतापूर्वक लिएको भन्दै भर्त्सना गरिएको छ। 'आक्रमण गर्ने व्यक्ति र पछिल्तिर हुन सक्ने जो-कोही व्यक्ति वा समूहउपर गहिरो अनुसन्धान गरेर कडाभन्दा कडा कारबाही गर्न कांग्रेस सरकारसँग जोडदार माग गर्दछ,' विज्ञप्तिमा छ।

खुकुरी प्रहारले टाउकोमा चोट लागेपछि उनको ट्रमा सेन्टरमा उपचार भइरहेको छ। सभापति शेरबहादुर देउवालगायतले अस्पताल पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए। ट्रमा सेन्टरले यादवको स्वास्थ्य अवस्था स्थिर रहेको जानकारी गराएको छ। यादवको टाउकोको पछिल्लो भाग तथा गर्धनमा गहिरो घाउ भई रक्तस्राव भएको अस्पतालले जानकारी दिएको छ। मेडिकल सुपरिटेन्डेन्ट प्रमुख डा. बद्री रिजालका अनुसार टाउकोको सिटिस्क्यान गर्दा आन्तरिक चोट देखिएको छैन। र, चिकित्सकको निगरानीमा उपचार भइरहेको छ।

तरुण दल अध्यक्ष विद्वान गुरुङले तरुण दलको पूर्वअध्यक्ष यादवमाथि खुकुरी प्रहार गरी भएको सांघातिक आक्रमणको भर्त्सना गरेका छन्। तरुण दलले घटनामा प्रहरी-प्रशासन मूकदर्शक बनेको र घटनालाई सामान्य रूपमा लिन नसकिने भन्दै गृहमन्त्रीको ध्यानाकर्षण गराएको छ।

नेविसंघले घटनामा सरकार शान्तिसुरक्षा कायम गर्न असफल भएको भन्दै गृहमन्त्रीको राजीनामा माग गरेको छ। नेविसंघ अध्यक्ष दुजाङ शेर्पाले पनि विज्ञप्तिमार्फत दिनदहाडै सार्वजनिक स्थलमा ज्यान मार्ने उद्देश्यका साथ धारिलो हतियार प्रहार हुनु निन्दनीय भएको उल्लेख गरेका छन्।

एमालेभित्र पहिरो जाँदै छ : खनाल

नयाँ पत्रिका

एकीकृत समाजवादीका सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले एमालेमा पहिरो जान थालेको दाबी गरेका छन्। बुधबार राजधानीमा पार्टीनिकट आदिवासी जनजाति काठमाडौंको भेलालाई सम्बोधन गर्दै खनालले एमालेको नेतृत्व समाजवादमा जान सकिँदैन भन्नेमा रहेको, तर एमालेका कार्यकर्ता भने समाजवादी रहेको दाबी गरे। 'एमाले छाडेका कैयौंलाई हाम्रो पार्टी एकीकृत समाजवादीमा प्रवेश गराएका छौं। यो केको थालनी हो भन्दा अब एमालेभित्र पहिरो जाँदै छ,' उनले भने, 'हामीले सही बाटो लिएर अगाडि बढ्यौं भने हाम्रो पार्टी केही वर्षभित्रमा राष्ट्रव्यापी पार्टी बन्न सक्छ।'

पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएर समाजवादी क्रान्ति र रूपान्तरणको नयाँ युगमा आएको खनालले दाबी गरे। युगलाई पार



गरेको एमालेले देख्न नसकेको खनालले जिकिर गरे। उनले एमालेभित्रको मतभिन्नतालाई प्रस्ट रूपमा देख्नुपर्ने औंल्याए। उनले भने, 'एमालेको १०औं महाधिवेशनको दस्तावेजलाई हेर्नुभयो भने समाजवाद ल्याउन सकिँदैन, समाजवादी कार्यक्रम बनाउन सकिँदैन भन्ने निष्कर्ष पाइन्छ। एमाले जबज नै लक्ष्य हो भन्छ। जबज पुँजीवादी जनवादी क्रान्तिको लक्ष्य मात्रै हो। त्यो पार्टी दक्षिणपन्थी अवसरवादतर्फ लाग्यो।'

नेकपा हुँदा मार्गदर्शक सिद्धान्त त्यागेको एमाले फेरि जबजमै फर्किएको खनालले बताए।

बहुदलीय जनवाद विश्वका धेरै स्थानमा रहेको भन्दै खनालले त्यसबाट समाजवाद नआउने दाबी गरे। देशको ठोस परिस्थितिको सही ढंगले विश्लेषण गरेर क्रान्तिकारी पार्टी बनाउन सक्नुपर्ने उनको भनाइ छ। 'कुन वर्ग हाम्रो मित्र हो, कुन वर्ग हाम्रो शत्रु हो। हामीले मुख्य प्रतिद्वन्द्वी चिन्न सक्नुपर्छ। र, कसका विरुद्ध लड्नका लागि कोसँग एकताबद्ध हुने भन्ने कुरामा छ्याङ्ग नीति भयो भने मात्रै हामी गलत तत्त्वका विरुद्ध आमजनतालाई गोलबन्द गर्दै अगाडि बढ्न सक्छौं। आधारभूत र प्रधान अन्तर्विरोध छुट्याउन सकेनौं भने हाम्रो संघर्ष कुहिराको कागजस्तै हुन्छ,' खनालले भने।

संक्षेप

सरकार स्टन्टबाजी गरेर आयु लम्ब्याउँदै छ : पोखरेल

नुवाकोट/ एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले मुलुकमा सद्भाव खलबल्याउने तथा चौतर्फी निराशा भएको समयमा सरकारले स्टन्टबाजी गरेर आफ्नो आयु लम्ब्याइरहेको बताएका छन्। बुधबार बट्टारमा आयोजित पत्रकार सम्मेलनमा वरिष्ठ उपाध्यक्ष पोखरेलले सरकार राष्ट्रियताको सवाललाई बलियो बनाउनेतिर नलागेर स्टन्टबाजी गरेर आयु लम्ब्याउनेतिर मात्र लागिरहेको आरोप लगाए। गौर हत्याकाण्डको हल्ला गरेर उपेन्द्र यादवलाई तर्साउन स्टन्टबाजी गरेको उनले तर्क थियो। वरिष्ठ उपाध्यक्ष पोखरेलले एमाले तत्काल सरकारमा जाने कुनै योजनामा नरहेको बताए। उनले भने, 'हामी अहिले पार्टी सुदृढीकरण अभियानमा छौं। पार्टीलाई बलियो बनाउने मुख्य काममा केन्द्रित रहेका छौं। सरकारमा जाने दाउमा छैनौं।' मुलुकको हितका लागि पनि एमाले सुदृढ हुनुपर्ने भएकाले आगामी निर्वाचनमा एमालेलाई पहिलो दल बनाउन मिसन ८४ अभियान सञ्चालन गरिरहेको उनले जिकिर गरे। पोखरेल नुवाकोट एमालेले आयोजना गरेको दुईदिने जिल्लास्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी हुन नुवाकोट आएका हुन्।

स्वास्थ्य शिविरबाट साढे दुई सय लाभान्वित

काभ्रे/ नमोबुद्ध नगरपालिका- ८ स्थित दाप्चा माध्यमिक विद्यालयमा मुटुरोगसम्बन्धी विशेषज्ञसहितको स्वास्थ्य शिविर सम्पन्न भएको छ। सो शिविरबाट दुई सय ५४ जना सेवाग्राही लाभान्वित भएका हुन्। श्रीकृष्णजन्माष्टमीको अवसर पारेर बुधबार नमोबुद्ध सेवा समाज काठमाडौंको आयोजनामा मुटुरोगसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको हो। शिविरमा दुई सय ५४ जना लाभान्वित भएको आयोजक नमोबुद्ध सेवा समाजका अध्यक्ष वीरेन्द्र लामाले जानकारी दिए। वरिष्ठ मुटुरोग विशेषज्ञ प्राध्यापक डा. अंगदमणि श्रेष्ठको नेतृत्वमा डा. शरद ओली, डा. तिलक पन्त, डा. सनी थापा, डा. उमेशप्रसाद यादव, डा. चन्दन कुसवाहलगायत स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गरेको हो। मुटुरोग तथा अन्य रोगसम्बन्धी स्वास्थ्य परीक्षण तथा परामर्श, निःशुल्क औषधि वितरण, निःशुल्क इसिजी सेवा, निःशुल्क प्याथोलोजी ल्याबका साथै रगत, पिसाब निःशुल्क परीक्षण गरिएको थियो। शिविर उद्घाटन गर्दै नमोबुद्ध नगर प्रमुख कुन्साङ लामाले सामाजिक काममा नगरपालिका सहयोग गर्न तयार रहेको बताए। नगर उपप्रमुख रत्नबहादुर लामाले यस्ता सामाजिक कामको निरन्तरताको अपेक्षा गरे।

डा. कोइरालाको शव कोशीको भँगालोमा भेटियो

सुनसरी/ बराहक्षेत्र नगरपालिका-२ स्थित कोशीको भँगालोमा १० दिनदेखि बेपत्ता भएका डा. प्रज्वल कोइरालाको मृत शरीर बुधबार फेला परेको छ। झापाको दमक नगरपालिका- १ का डा. प्रज्वल कोइराला उदयपुरको बेलका नगरपालिका- ८ स्थित एक होटेलअगाडि गाडी राखेर तथा सुनसरी र उदयपुर जोड्ने कोशी पुलमा मोबाइल र जुत्ता राखेर बेपत्ता भएका थिए। कोइरालाको मृत शरीर सप्तकोसी नदीको भँगालो छुटेर टापु बनेको क्षेत्रमा भेटिएको सुरक्षा बेस चतराका इन्चार्ज सशस्त्र प्रहरी निरीक्षक देवेन्द्र रोकाले जानकारी दिए।

माछा मार्न गएका स्थानीयले देखेर प्रहरीलाई खबर गरेपछि गएर हेर्दा डा. कोइरालाको फोटोसँग मिल्दोजुल्दो भएको उनले बताए। डाक्टर कोइरालाको शव परीक्षणका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको छ। डा. कोइराला १० भदौको बेलुकी ड्युटी सकेर मदन भण्डारी ट्रमा सेन्टर उर्लाबारीबाट निस्किएका थिए। सोही दिनको राति २ बजे कोशी पुलनजिकै गाडी राखेर बेपत्ता भएका थिए। प्रेम सम्बन्धमा असफल भएका कारणले कोसीमा हाम फालेर आत्महत्या गरेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

मानव बेचबिखन रोक्न दलले सहयोग गरेनन् : चरीमाया

काठमाडौं/ शक्ति समूहकी अध्यक्ष चरीमाया तामाङले मानव बेचबिखनमा संलग्न अपराधीलाई राजनीतिक दलले बचाइरहेको आरोप लगाएकी छिन्। अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको १७औं दिवसको अवसरमा अखिल नेपाल महिला संघले बुधबार राजधानीमा आयोजना गरेको 'मानव बेचबिखनको अवस्था र न्यूनीकरण अन्तर्क्रिया'मा तामाङले मानव बेचबिखनमा संलग्न अपराधीलाई खबरदारी गर्नुपर्ने राजनीतिक दलले उल्टै बचाउन खोजेको आरोप लगाएकी हुन्। मानव बेचबिखन एउटा जघन्य अपराध भएको बताउँदै तामाङले अन्तर्राष्ट्रिय जगतमै यसको जालो फैलिएको बताइन्। १६ वर्षको उमेरमा भारतमा बेचिएकी चरीमाया दुई वर्षपछि उद्धारबाट नेपाल फर्काइएपछि संस्था शक्ति समूहमा आबद्ध भएर पीडितका लागि काम गर्दै आएकी छिन्। सामाजिक अभियन्ता गौरी प्रधानले पछिल्लो समय मानव बेचबिखनको सिकार महिला मात्रै नभई पुरुष पनि हुने क्रम बढिरहेको बताए। प्रधानका अनुसार शिक्षित व्यक्ति बढी मात्रामा मानव बेचबिखनमा परिरहेका छन्।

नेविसंघ बारामा समानान्तर समिति

बारा/ बारामा नेविसंघको समानान्तर समिति गठन भएको छ। बुधबार भएको भेलाले प्रवीणसिंह राउतको संयोजकत्वमा समानान्तर जिल्ला कार्यसमिति चयन गरेको हो। मंगलबार नेविसंघ अध्यक्ष दुजाङ शेर्पाले समीर चौधरीलाई अध्यक्षको जिम्मेवारी तोकेका थिए। बुधबार राउतको अध्यक्षतामा समानान्तर समिति गठन भएको हो। राउतलाई कांग्रेस बारा जिल्ला उपसभापति मनोज भट्ट, जिल्लासचिवद्वय राजेश रौनियार र भैयाराम यादवले समेत साथ रहेको घोषणा गरेका थिए। केन्द्रीय सदस्य भुवन भट्टले अध्यक्ष शेर्पाले विधान र मापदण्डविपरीत जिम्मेवारी तोकेको भन्दै समानान्तर समिति गठन गरिएको बताए। 'विद्यार्थीको नेतृत्व विद्यार्थीमाझबाटै चुनिनुपर्छ। विधि र आन्तरिक सहमतिविपरीत मनोमानी ढंगले अध्यक्ष तोकिएकाले संगठनको गरिमा बचाउन समानान्तर समिति बनाएका हौं,' भट्टले भने।

भारतीय नागरिकको शव फेला

सिराहा/ सिराहाको दक्षिणी सीमावर्ती बजार माडरको बसपार्कमा एक भारतीय नागरिकको शव फेला परेको छ। सिराहा नगरपालिका- १७ मा रहेको माडर बसपार्कमा भारत बिहार राज्यको बेगुसराय जिल्ला तेगरा- ११ घर भएका करिब ३५ वर्षीय मो. अकबरको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। बुधबार दिउँसो बसपार्कमा फेला परेको शवसँगै भेटिएको भारतीय आधार कार्डका आधारमा उनको पहिचान खुलेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी डिएसपी रवीन्द्रराज पाण्डेले जानकारी दिए। घटनास्थलको मुचुल्कासहित कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि शव प्रादेशिक अस्पताल सिराहामा राखिएको उनले बताए। भारतमा रहेका अकबरका परिवारलाई घटनाबारे खबर गरिएको जानकारी दिँदै पाण्डेले शवको शरीरमा कुनै शंकास्पद कारण नदेखिएको बताएका छन्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलका, उदयपुरको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०५/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलका, उदयपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईएको छ।

तपसिल

१. ऋणीहरुको विवरण:

पदम बहादुर थापा/शिवमाया थापाको नाति, दल बहादुर थापा/देवीमाया थापाको छोरा, उदयपुर जिल्ला, वेल्टार गा.वि.स., वडा नं.५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, चौदण्डीगढी न.पा. वडा नं.६ बस्ने **वीर बहादुर थापा** (ना.प्र.नं.१४१४१००८/१०३३८१, जारी मिति २०६७/०२/२४, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. रत्न बहादुर थापा/रत्नमाया थापाको नाति, पदम बहादुर थापा/शिवमाया थापाको छोरा, देवी माया थापाको पती, उदयपुर जिल्ला, चौदण्डीगढी न.पा., वडा नं.०६ (साविक उदयपुर जिल्ला, सुन्दरपुर गा.वि.स., वडा नं.०८) बस्ने **दल बहादुर थापा** (ना.प्र.नं. १३३१६/१६६५, जारी मिति २०४२/०३/२३, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

२. पदम बहादुर कार्की/कृष्णमाया कार्कीको नातिनी, पृथ्वी बहादुर कार्की/दुर्गा कार्कीको छोरी, पदम बहादुर थापा/शिवमाया थापाको बुहारी, दल बहादुर थापाको पती, उदयपुर जिल्ला, चौदण्डीगढी न.पा., वडा नं.६ (साविक उदयपुर जिल्ला, सुन्दरपुर गा.वि.स., वडा नं.८) बस्ने **देवी माया थापा** (ना.प्र.नं. १६६६/१८१४९, जारी मिति २०४५/०२/३०, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **दल बहादुर थापा**को नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, सुन्दरपुर गा.वि.स., वडा नं.०८ स्थित कित्ता नं.२६१ को क्षेत्रफल ०-४-१८-० (वि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण:

सत्य प्रसाद धमला/सुमित्रा धमलाको नाति, गोपीलाल धमला/द्रोपती कुमारी गौतमको छोरा, उर्मिला वास्तोला धमलाको पति, उदयपुर जिल्ला, चौदण्डीगढी न.पा., वडा नं. ०६ (साविक उदयपुर जिल्ला, वेल्टार गा.वि.स., वडा नं.०५) बस्ने **देवेन्द्र धमला** (ना.प्र.नं. ७६१५६, जारी मिति २०६२/०८/१३, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. प्रभुनाथ वास्तोला/मन माया वास्तोलाको छोरी, देवेन्द्र धमलाको पत्नी, उदयपुर जिल्ला, चौदण्डीगढी न.पा, वडा नं. ०६ बस्ने **उर्मिला वास्तोला धमला** (ना.प्र.नं. १४-०१-७४-०५७५१, जारी मिति २०७४/०९/१६, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

२. पुष्पलाल गौतमको नातिनी, कमला पति गौतम/नर्वदा गौतमको छोरी, पदम बहादुर थापा/शिवमाया थापाको बुहारी, गोपीलाल धमलाको पत्नी, उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स., वडा नं.०२ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, चौदण्डीगढी न.पा., वडा नं.०६ बस्ने **द्रोपती कुमारी गौतम** (ना.प्र.नं. १४१२५/४४८९, जारी मिति २०४२/११/०१, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **द्रोपती कुमारी गौतम धमला**को नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, सुन्दरपुर गा.वि.स., वडा नं. ०८ स्थित कित्ता नं. ४२९ र ४३० को क्षेत्रफल क्रमश ०-५-०-० र ०-१-०-० (वि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. ऋणीको विवरण:

हर्ख लाल राई/कोक माया राईको नातिनी, आसिक मान राई/बेल कुमारी राईको छोरी, डम्बर बहादुर राई/रुपिनी राईको बुहारी, तेज बहादुर राईको पत्नी, उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, बेलका न.पा., वडा नं. ०७ बस्ने **शुसिला राई** (ना.प्र.नं. ३७८६, जारी मिति २०६०/११/१८, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. मसल मान राई/लाल सरी राईको नाती, डम्बर बहादुर राई/रुपिनी राईको छोरा, शुसिला राईको पति उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा नं.०२ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.०७ बस्ने **तेज बहादुर राई** (ना.प्र.नं. ३९५६, जारी मिति २०५७/११/१६, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **तेज बहादुर राई**को नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा नं. ०१ स्थित कित्ता नं. १२९ को क्षेत्रफल क्रमश ०-३-०-० (वि.क.घु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणी **शुसिला राईद्वारा संचालित व्यवसाय मालती बाख्रा फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

४. ऋणीको विवरण:

राज वर्न राई/हिरा माया राईको नातिनी, श्याम बहादुर राई/माया राईको छोरी, कृतिमान राई/पान माया राईको बुहारी, निर बहादुर राईको पत्नी, उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.०७ (साविक उदयपुर जिल्ला मैनामैनी गा.वि.स., वडा नं.०१) बस्ने **दुर्गा कुमारी राई** (ना.प्र.नं. ४३४४, जारी मिति २०६०/११/१८, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. पर्वत मान राई/हिरा माया राईको नाती, कृतिमान राई/पान माया राईको छोरा, दुर्गा कुमारी राईको पति उदयपुर जिल्ला, चौदण्डीगढी न.पा., वडा नं. ०६ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, बेलका न.पा., वडा नं. ०७ बस्ने **निर बहादुर राई** (ना.प्र.नं. १४५८०/२१०, जारी मिति २०४५/०१/०३, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **निर बहादुर राई**को नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा नं. ०१ स्थित कित्ता नं. ५९ को क्षेत्रफल ०-१६-१९-० (वि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणी **दुर्गा कुमारी राईद्वारा संचालित व्यवसाय केकारा बाख्रा फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

५. ऋणीको विवरण:

दुर्गालाल राई/पुत्रमाया राईको नातिनी, खतम सिं राई/मोतीमाया राईको छोरी, भिम बहादुर राई/दौलासरी राईको बुहारी, रुद्र कुमार राईको पत्नी, उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.०८ (साविक उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा नं.०९) बस्ने **ललिता राई** (ना.प्र.नं. ४२८०, जारी मिति २०६०/११/१८, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. धनकर्ण राई/फुलमाया राईको नाती, भिम बहादुर राई/दौलासरी राईको छोरा, ललिता राईको पति उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.८ (साविक उदयपुर जिल्ला मैनामैनी गा.वि.स., वडा नं.९) बस्ने **रुद्र कुमार राई** (ना.प्र.नं. ६०८१७, जारी मिति २०५९/१२/१६, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **रुद्र कुमार राई**को नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा नं.९ स्थित कित्ता नं.६४ को क्षेत्रफल क्रमश १-१६-१०.५-० (वि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणी **ललिता राईद्वारा संचालित व्यवसाय देउराली कृषि तथा बाख्रा फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

६. ऋणीको विवरण:

मंगल सिं राई/दक्ष कुमारी राईको नाति, गोपाल राई/देशु राईको छोरा, सुजना राईको पति, भोजपुर जिल्ला, आमचोक गा.पा., वडा नं.१ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.५ बस्ने **शुशिल राई** (ना.प्र.नं. ०९३०५८-७७, जारी मिति २०६३/१०/२२, जिल्ला प्रशासन कार्यालय, भोजपुर)... १ र भोजनाथ सुबेदीको नाति, पदम प्रसाद सुबेदी/गोमा कुमारी रेग्मीको छोरा, सिर्जना पौडेल सुबेदीको पती, उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.०५, (साविक उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स. वडा नं.०९) बस्ने **सुमन सुबेदी** (ना.प्र.नं.६२७०५, जारी मिति २०६०/०४/०७, जिल्ला प्रशासन कार्यालय, उदयपुर)...१ समेत जना २

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जीत बहादुर राई/रण कुमारी राईको नातिनी, ज्ञान बहादुर राई/दील कुमारी राईको छोरी, गोपाल राई/देशु राईको बुहारी, शुशिल राईको पत्नी भोजपुर जिल्ला, पाङचा गा.वि.स., वडा नं.०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.०५ बस्ने **सृजना राई** (ना.प्र.नं. ०९३०६३/५०१, जारी मिति २०७०/०१/२६, जिल्ला प्रशासन कार्यालय, भोजपुर)।

२. भद्रिलाल पौडेलको नातिनी, डिल्लीराम पौडेल/चण्डीका पौडेलको छोरी, पदम प्रसाद सुबेदी/गोमा कुमारी रेग्मीको बुहारी, सुमन सुबेदीको पत्नी, उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.५, (साविक उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स. वडा नं.९) बस्ने **सिर्जना पौडेल सुवेदी** (ना.प्र.नं. १४१००२/९८०१९, जारी मिति २०६६/०५/३०, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

३. जय प्रसाद रेग्मी/सरस्वती रेग्मीको छोरी, भोजनाथ सुबेदीका बुहारी, पदम प्रसाद सुबेदीको पत्नी, उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.५, (साविक उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स. वडा नं.१) बस्ने **गोमा कुमारी रेग्मी** (ना.प्र.नं.१०३८/४६८२, जारी मिति २०४३/०९/१५, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **गोमा कुमारी रेग्मी**को नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स., वडा नं.०९ स्थित कित्ता नं. ३४३ को क्षेत्रफल १-१-०-० (वि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणी **शुशिल राईद्वारा संचालित व्यवसाय आविस्कार कृषि फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

७. ऋणीको विवरण:

दान बहादुर सार्कीको नातिनी, बल बहादुर सार्की/मनमाया सार्कीको छोरी, सरण बहादुर सार्की/चरी माया सार्कीको बुहारी, दान बहादुर सार्कीको पत्नी, उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.०४ (साविक उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स., वडा नं.०७) बस्ने **रेनुका सार्की** (ना.प्र.नं. २४०२, जारी मिति २०६०/११/१६, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. धतुरे सार्की/हर्क माया सार्कीको नाती, सरण बहादुर सार्की/चरी माया सार्कीको छोरा, रेनुका सार्कीको पति उदयपुर जिल्ला, बेलका न.पा., वडा नं.०४ (साविक उदयपुर जिल्ला ठोक्सीला गा.वि.स., वडा नं.०७) बस्ने **दान बहादुर सार्की** (ना.प्र.नं. १६४३, जारी मिति २०३२/१०/२४, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **दान बहादुर सार्की**को नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स., वडा नं. ०७ स्थित कित्ता नं. ६९४, ६६६, ७२९ र ७३० को क्षेत्रफल क्रमश ०-१-५-०, ०-१-५-०, ०-०-३-० र ०-१-१४-० (वि.क.धु.क) को जग्गा/घर तथा सो

दिवाकरको निर्देशनमा 'मायावी'

दिवाकर भट्टराईले फिल्म 'मायावी'मार्फत निर्देशनमा कमब्याक गर्ने भएका छन् । फिल्ममा अभिनेत्री दीपिका प्रसाईं फाइनल भइसकेकी छिन् । फिल्मका अन्य कलाकार र प्राविधिक चाँडै सार्वजनिक गरिने निर्देशक भट्टराईले जानकारी दिए । फिल्म असोज २ गतेबाट फ्लोरमा जानेछ । निर्देशक भट्टाराईले फिल्म 'मेरो जीवन साथी', 'स्टुपिड मन', 'ड्रिम्स', 'ऐश्वर्य' र 'क्याप्टेन' निर्देशन गरिसकेका छन् ।

गौरी मल्लको गायनमा पुनरागमन

गायिकाको परिचयलाई पुनर्जीवित पार्दै अभिनेत्री गौरी मल्लले तिजविशेष गीत सार्वजनिक गरेकी छिन् । आफ्नै शब्द, संगीत र स्वर दिँदै उनी गायनमा फर्किएकी हुन् । सार्वजनिक 'धिन ताका नाका धिन' गीतको भिडियोमा गौरी आफैंले अभिनय गरेकी छिन् । गायनमा सौखिन मल्लले दर्जनभन्दा बढी गीत गाइसकेकी छिन् ।

बच्चालाई ज्वरो आउँदा के गर्ने ?

ज्वरो आफैंमा रोग होइन, लक्षण हो । बालिबालिकालाई धेरै कारणले ज्वरो आउँछ । भाइरल इन्फेक्सन हुँदा ज्वरो आउँछ । मौसम परिवर्तनसँगै रुघाखोकी, प्लु, डेंगुजस्ता इन्फेक्सनले ज्वरो आउँछ । बच्चालाई श्वासप्रश्वासमा समस्या, रुघाखोकी हुँदा पनि ज्वरो आउँछ । मौसम परिवर्तनका कारण शरीरमा रोगका कीटाणु सक्रिय भएका हुन्छन् । त्यसैले परिवर्तित मौसममा सजग हुनुपर्छ । ब्याक्टेरियल इन्फेक्सन हुँदा ज्वरो आउँछ । टाइफाइड, जन्डिस, निमोनिया आदि विभिन्न रोगको संक्रमणले पनि ज्वरो आउँछ । पाँच वर्षमुनिका बच्चालाई ज्वरो आउँदा विशेष ध्यान दिनुपर्छ । यतिवेलासम्म रोगसँग लड्ने क्षमता वृद्धि भइसकेको हुँदैन । घरमा कसैमा रुघाखोकी लागेमा बच्चाहरू छिटै प्रभावित हुने गर्छन् ।





डा. महेशकुमार गौतम
बाल तथा एलर्जी रोग विशेषज्ञ
नेसनल आस्थामा एलर्जी सेन्टर

यस्तो वेला सचेत हुने

- बच्चालाई एक सय दुई डिग्रीभन्दा कम ज्वरो छ, खेलिरहेको छ, खान सकिरहेको छ, दिसा-पिसाब गरिरहेको छ भने आत्तिनुपर्दैन । ज्वरो एक सय दुई डिग्री छ र अवस्था सामान्य छ भने ४८ देखि ७२ घन्टासम्म कुर्न सकिन्छ । तर, ज्वरोसँगै बारम्बार बान्ता भइरहने, खाना खान नसक्ने, आमाको दूध चुस्न नसक्ने, ८-१० घन्टा पिसाब नगर्ने, सिकिस्त हुँने, घाँटी अरो हुनेलगायत लक्षण देखियो भने तुरुन्तै अस्पताल लैजानुपर्छ । त्यस्तै, कुनै पनि उमेरका बच्चालाई एक सय चार डिग्री ज्वरो देखिएमा तत्कालै अस्पताल लैजानुपर्छ ।
- ज्वरोसँगै बारम्बार बान्ता हुँदा खतरा हुन्छ । यस्तो वेला शरीरमा पानीको मात्रा कम हुन्छ । बच्चालाई डिहाइड्रेसन भएमा तुरुन्त रिहाइड्रेसन गर्नुपर्ने हुन्छ ।
- मेनेन्जाइटिसको लक्षण भएर बच्चालाई ज्वरोसँगै बान्ता भयो भने तुरुन्त उपचार आवश्यक पर्छ । एन्टिबायोटिक औषधिको आवश्यक पर्छ ।
- कतिपय अवस्थामा ज्वरोसँगै अन्य समस्या जोडिएर आउँछ । कतिपय बच्चाले जन्मिदै सिभियर निमोनिया पनि लिएर आएको हुन्छ । निमोनियाका कारण ज्वरो आउँछ । यस्तो वेला तुरुन्तै उपचार आवश्यक पर्छ । बच्चालाई अक्सिजनको कमी भएको हुन्छ । कतिपय आमाबुबालाई ज्वरो मात्रै आएको हो भन्ने लाग्छ, तर निमोनिया भइसकेको हुन्छ ।
- जन्डिस भएको बच्चालाई पनि ज्वरो आउँछ, कलेजो पनि बिग्रिएको हुन सक्छ । यस्तो वेला बच्चा अचेत भएर ठूलो समस्या आउन सक्छ । सिकिस्त भएको बच्चालाई उपचार गरिहाल्नुपर्छ ।
- पिसाबको इन्फेक्सनले ज्वरोसँगै बान्ता हुन सक्छ । यस्तो वेला उपचारका लागि लगिहाल्नुपर्छ ।

ज्वरो बल्झिरहँदा के गर्ने ?

- बच्चालाई विभिन्न कारणले ज्वरो बल्झिरहन्छ । दुई वर्षसम्म बच्चालाई रुघाकोखीसँगै ज्वरो आइरहन्छ । भाइरल इन्फेक्सनको कारणले ज्वरो बल्झिन्छ । घरमा धूम्रपान गर्ने मान्छे हुँदा, साथै सरसफाइमा ध्यान नदिँदा रुघाखोकी लाग्छ र ज्वरो बल्झिन्छ । त्यसैले घरमा स्वस्थकर वातावरण सिर्जना गर्नुपर्छ । घरमा कसैलाई रुघाखोकी लागेको छ भने टाढै रहनुपर्छ । पूर्ण निको नभई स्कुल पठाउनुहुँदैन ।
- निमोनिया वा मेनेन्जाइटिसले ज्वरो बल्झिरहन्छ । यस्तो कुनै रोग छ कि भनेर स्वास्थ्य परीक्षण गर्नुपर्ने हुन्छ । साधारण भाइरल इन्फेक्सनको कारणले ज्वरो आउँदा आत्तिनुपर्दैन ।

बच्चाको पोषण

- उमेरसँगै बच्चाको पोषणमा ध्यान दिनुपर्छ ।
- जन्मेको ६ महिनासम्म आमाको दूध मात्रै खुवाउनुपर्छ । जसले रोगसँग लड्ने क्षमता बढाउँछ ।
- १५ महिनासम्मको बच्चालाई लगाउनुपर्ने खोप लगाउने । खोपले बच्चालाई संक्रामक रोगबाट बचाउँछ ।
- बच्चालाई पोषण नपुग्दा रोगसँग लड्ने क्षमता कम हुन्छ ।
- पोषणको कमीले गर्दा भाइरल इन्फेक्सन भइरहन्छ ।

बच्चालाई स्वस्थ राख्न

६ महिनासम्म आमाको दूध मात्रै खुवाउनुपर्छ । त्यसपछि प्रोटिनयुक्त खानेकुरा खुवाउने, लिटो पनि खुवाउने । चाउचाउ, बिस्कुट, कुरकुरे, कोक, फ्यान्टाजस्ता खानेकुरा बन्द गर्ने, बाहिर पकाएका खाने कुरा नदिने । फ्रिजमा धेरै दिन राखेका खानेकुरा नदिने, यस्ता कुराले शरीरमा रोगविरुद्ध लड्ने क्षमता कम गर्छ ।

खानेकुरामा सन्तुलन नमिल्दा, बाहिरको खानेकुरा खाँदा, अस्वस्थकर खानपान लगायतले ज्वरो आउने गरेको पाइएको छ । खानपिनमा अत्यन्त ध्यान दिनुपर्छ ।
पानी धेरै पिउनुपर्छ । साथै, स्वस्थ खानेकुरा र पर्याप्त फलफूल खानुपर्छ ।

बर्गैंचाको हेरचाह गर्ने ६ तरिका



कृष्ण थापा
सञ्चालक
थापा नर्सरी

धेरै जात र रङका फूलले बर्गैंचाको सुन्दरता बढाउनुका साथै रमाइलो वातावरण सिर्जना गर्छ । सुन्दर बर्गैंचा इज्जतको प्रतीक पनि मानिन्छ । नेपालमा हिजोआज बर्गैंचाका सौखिन पनि बढी छन् । मौसमी तथा सदावहार बोटबिरुवाले घरको सौन्दर्य वृद्धि गर्ने हुनाले बर्गैंचालाई ठूला रूख, फुल हेजले विभाजन गरेर आकर्षक बनाउन सकिन्छ ।

मौसमी फूल, ग्रिन प्लान्टदेखि बाह्रमासे फूल लगाएर पनि बर्गैंचा आकर्षक बनाउन सकिन्छ । सूर्यको किरण कुन ठाउँबाट आउँछ, त्यसमा ध्यान दिएर रोप्नु उचित हुन्छ । बर्गैंचालाई आकर्षक बनाउने केही तरिका :

- फूल रोप्दा फूलको प्रजातिअनुसार दूरीको ख्याल राख्नुपर्छ । मौसमी फूललाई हेरचाह पनि गरिरहनुपर्छ ।
- फूलको बर्गैंचा मलिलो र उब्जाउ हुने जमिनमै बनाउनुपर्छ । बर्गैंचा बनाएपछि उक्त जमिनमा उम्रेको झारपात उखेल्नुपर्छ ।
- कुन मौसममा कस्तो फूल रोप्नेबारे अधिकांशलाई थाहा नहुन सक्छ । त्यसैले घरमा सधैं आकर्षक देखिने मौसम र माटोसुहाउँदो फूल रोप्नुपर्छ । बर्गैंचामा १२ महिना फुल्ने र वार्षिक फुल्ने दुवैथरी फुल लगाउनुपर्छ । जसका कारण १२ महिना नै बर्गैंचामा फूल फुल्छ र घर आकर्षक देखिन्छ । यसका लागि नर्सरीमा राम्रोसँग बुझेर रोप्दा हुन्छ ।
- बर्गैंचामा थरीथरी रंगीन फूल लगाउँदा राम्रो हुन्छ । यसले बर्गैंचाको सुन्दरता पनि बढाउन सहयोग पुग्छ ।
- बर्गैंचालाई आकर्षक देखाउन काटछाँटमा विशेष ध्यान दिनुपर्छ । फूलसँगै उम्रने झार हटाइदिनुपर्छ । झारका कारण फूलमा रोग लाग्ने जोखिम पनि हुन्छ । त्यसैले बर्गैंचाको फूलको झार केलाउनु, मल हाल्नु, गोडमेल र काटछाँट गर्नुपर्छ ।
- बर्गैंचामा ३० देखि ६० दिनमा सुकेको पात निकालेर फ्याल्नुपर्छ, तीन पातलाई मलको रूपमा पनि प्रयोग गर्न सकिन्छ । गुणस्तरीय बिरुवाको छनोट, मौसम र हावापानीसुहाउँदो बिरुवा लगाउने, कुहिएको पात र फूललाई व्यवस्थापन गर्नुपर्छ ।

यसरी बनाऊँ स्वादिष्ट लस्सी





आरबी बुढाथोकी
सु-सेफ, द सोल्टी

एभोकाडो लस्सी : यो लस्सी बनाउन पाकेको एउटा ठूलो खालको घिउफल लिएर बोक्रा र दाना निकालेर उमालेर चिसो भएको आधा लिटर दूध हाल्ने र साथमा भिजाएको सात गेडा आल्मन्ड मिसाउने । थोरै आइस र दुई चम्चा मह र दुई चम्चा कगतीको रस हालेर ब्लेन्ड गरी सर्भ गर्न सकिन्छ ।

ड्रागनफ्रुट लस्सी : यो लस्सी बनाउन पाकेको ड्रागनफल लिएर तास्ने र टुक्रा-टुक्रामा काटेर जारमा हाली एक स्कुप भेनिला आइसक्रिम हाल्ने, साथमा चिल मिल्क एक कप र दही एक कप, एक चम्चा चिनी हाली ब्लेन्ड गरी सर्भ गर्न सकिन्छ ।

किवी लस्सी : यो लस्सी बनाउनु छ भने ग्रिक योगहर्ट उत्तम हुन्छ । एक कप कर्डमा दुईवटा किवी ताछेर हाल्ने र एक चम्चा मह, दुई मुन्टा पुदिना हाली ब्लेन्ड गरी अन्तमा थोरै भेनिला एसेन्स, कार्डमम एसेन्स ड्रप गरी चलाएर सर्भ गर्ने ।

म्यांगो लस्सी : यो लस्सी बनाउन पाकेको ठूलो एक दाना आँपको बोक्रा र कोया हटाई ब्लेन्डरमा राख्ने । एक चम्चा मह, आधा-आधा कप चिल दही र दूध हालेर ब्लेन्ड गरी सर्भ गर्न सकिन्छ ।

डन्डिफोर भएका मानिसले सेभिङ गर्दा यी कुरामा ध्यान दिनुस्

कतिपय पुरुष दैनिक दाह्री काटेर फर्मल र स्मार्ट देखिन चाहन्छन् । जसले पुरुषलाई सुन्दर देखाउन पनि मद्दत गर्छ । तर, कतिपयको छाला संवेदनशील हुन्छ । जसका कारण सेभिङपछि विभिन्न समस्या आउने गर्छ । उसो त कतिपयको अनुहारमा पिम्पल्स (डन्डिफोर) पनि हुन्छ । यस्तो अवस्थामा सेभिङ गर्न निकै कठिनाइ उत्पन्न हुन्छ । यद्यपि, केही सावधानी अपनाएमा यसरी पिम्पलयुक्त अनुहारमा पनि सजिलै सेभिङ गर्न भने सकिन्छ ।



अनुहारको सफाइ

सेभिङ गर्नुभन्दा पहिला अनुहारलाई राम्रोसँग पानीले सफा गर्नुपर्छ । त्यसपछि नरम टावेललाई अनुहारमा केही बेरसम्म अँठ्याएर राख्नुस् । जसले तपाईंको अनुहारलाई मुलायम गराउँछ । यसो गर्दा अनुहारको रौंका जरा पनि खुल्छन् । जसले तपाईंको सेभिङलाई आरामदायी बनाउन सहयोग पुऱ्याउँछ ।

आयल मसाज

त्यसपछि पनि सीधै सेभिङ गर्नुको साटो सेभिङ तेल (आयल)को प्रयोग गर्न सक्नुहुन्छ । यस्तो आयलले अनुहारमा राम्रोसँग मसाज गर्नुपर्छ । जसले अनुहारलाई नरम बनाउने गर्छ । यसले पनि तपाईंलाई सेभिङ गर्दा आराम मिल्छ । यसपछि रेजरले आरामसँग सेभिङ गर्न सकिन्छ । यसो गर्दा पिम्पल्सयुक्त अनुहारमा पनि सेभिङ गर्न कुनै पनि कठिनाइ उत्पन्न हुँदैन ।

अल्कोहल फ्री क्रिम

यदि तपाईंको अनुहारमा पिम्पल्स या अन्य खटिरा छन् भने सेभिङ क्रिममा पनि विशेष ध्यान दिन आवश्यक हुन्छ । यसका लागि अल्कोहल फ्री सेभिङ क्रिमकै छनोट गर्नुपर्छ । तपाईंले यस्तो क्रिमको प्रयोग गर्न आवश्यक हुन्छ, जसमा सेन्सेथिक तनाव हुन्छ । किनकि, यस्तो क्रिमले तपाईंको छालामा जलन उत्पन्न गराउने गर्छ । जहिले पनि नेचुरल ओयलको मात्रा बढी भएको सेभिङ क्रिमको छनोट गर्नुपर्छ ।

रेजर

यदि तपाईंको छाला बढी संवेदनशील छ भने सिंगल ब्लेड भएको रेजर प्रयोग गर्नुपर्छ । मल्टिपल ब्लेड भएको रेजरका कारण अनुहारमा भएको पिम्पल्स काटिने र फुट्ने सम्भावना बढी हुन्छ । सेभिङ गर्नुभन्दा पहिला र पछि एन्टिब्याक्टेरियल लोसनको सहयोगले सफा गर्न सकिन्छ ।

संगीतले ल्याउँछ यस्ता सकारात्मक परिवर्तन

संगीतले बौद्धिक, सामाजिक व्यक्तित्व विकासमा सघाउँछ । वाद्यवादन, गायन, गीत सिर्जनालगायत संगीतका विधाले मानिसमा उर्जा भर्छ । धैर्य, आत्मविश्वास र आत्मजागरण बढाएर लैजान्छ । हुन त संगीतका लागि उमेरको हद छैन, जुनसुकै उमेरका मानिसले पनि संगीतको अभ्यास गरेर आफूलाई शान्त राख्न सक्छन् । तर, बच्चैबाट संगीत सुरु गर्दा यसै क्षेत्रमा करिअर बनाउन पनि सहज हुन्छ ।

सिर्जनशीलता : फरक तरिकाले सोच्ने र कल्पना गर्ने बानी बस्छ । पृथक् योजना र दृष्टिकोण बनाउनका लागि यो उपयोगी छ ।

सामाजिक बनाउँछ : संगीत समूहमा बसेर सिकिन्छ । समूहमै बसेर प्रस्तुत गरिन्छ । जसकारण सामाजिक रूपमा घुलमिल हुने, समूहमा विश्वास गर्ने र सहकार्य गर्ने खुबी विकास भएर जान्छ ।

भावनात्मक विकास : भावनामा संगीतको शक्तिशाली प्रभाव रहन्छ । संगीतमार्फत आफूलाई अभिव्यक्त गर्न सक्ने खुबी बालबालिकामा विकास हुनु भनेको उनीहरूको भावनात्मक बौद्धिकता र बुझाइ विकास हुनु हो ।



खुसी : भविष्यमा संगीतमै करिअर बनाउने वा सौखका रूपमा भए पनि यसलाई निरन्तरता दिने बानी विकास हुन्छ । संगीतमा लाग्नेहरू खुसी र भरिपूर्ण हुन्छन् ।

सुन्ने कला : संगीतमा लाग्नेमा ध्यानपूर्वक सुन्ने बानीको विकास हुन्छ । त्यस्तै, भाषाको दखल पनि राम्रो हुन्छ । राम्रोसँग सुन्ने र त्यसलाई मस्तिष्कमा पनि राम्ररी स्मरण गर्ने खुबी विकास हुन्छ । उदाहरणका लागि, गीतमार्फत ए, बी, सी, डी वा क, ख, ग, घ सिकाउँदा बालबालिकाले चाँडै सिक्छन् र सम्झन्छन् पनि । अध्ययनहरूले देखाएका छन्, कुनै विदेशी भाषामा बोल्नभन्दा गाउन सहज हुन्छ ।

शान्ति : मस्तिष्क, शरीर र आत्माका लागि संगीत लाभदायी छ । यसले मानिसलाई शान्त राख्छ । तसर्थ, बच्चालाई जीवनका महत्त्वपूर्ण पाठ बुझाउनका लागि अभिभावकले उनीहरूको रुटिनमा खेलकुदसँगै संगीतलाई पनि समावेश गराउन जरुरी हुन्छ । उनीहरूको मानसिक, शारीरिक र सामाजिक कला सुधार भएर जान्छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिकी गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

नारायणगढ शाखा, चितवन

ऋणीको विवरण

१. नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा दर्ता.नं. २१४९५३/७५/०७६ अन्तर्गत मिति २०७६/०१/२९ मा दर्ता कायम भएको **एभियन ह्याचरी प्रा.लि.** कम्पनी दर्ता ठेगाना : भरतपुर म.न.पा.- २३, मधुपुरी, चितवन स्थायी लेखा नं. ६०९५३३३१० मिति २०७६/०२/०३ **संचालक : केशव पोखरेल** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा आवधिक कर्जा**	**२. केशव पोखरेल** ना.प्र.नं. ३५/३१८/०३५ जारी मिति २०५१/०२/०१ जि.प्र.का. चितवन बाबुको नाम : चिरन्जीवी पोखरेल बाजेको नाम : तिलक प्रसाद पोखरेल स्थायी ठेगाना : पार्वतीपुर - ८, चितवन **कर्जा शिर्षक : घर कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

निर्मला धिमिरे ना.प्र.नं. १३१६३७ जारी मिति २०६२/०५/१२ जि.प्र.का. गोरखा बाबुको नाम : केदार नाथ धिमिरे पतिको नाम : केशव पोखरेल ससुराको नाम : चिरन्जीवी पोखरेल स्थायी ठेगाना : हर्मि - ६, गोरखा **(ऋणी एभियन ह्याचरी प्रा.लि. र ऋणी केशव पोखरेलका लागि व्यक्तिगत जमानत)**	**चिरन्जिवी पोखरेल** ना.प्र.नं. २८७ जारी मिति २०४५/०९/३० जि.प्र.का. चितवन बाबुको नाम : तिलक प्रसाद पोखरेल बाजेको नाम : चक्रपाणी पोखरेल स्थायी ठेगाना : जगतपुर - १, चितवन **(ऋणी एभियन ह्याचरी प्रा.लि. लागि मात्र व्यक्तिगत जमानत)**

लिवाङ शाखा, रोल्पा

ऋणीको विवरण

१. प्रदेश सरकार,उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति रोल्पामा प्रा.फ.नं.घ.उ.वि २९११/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/२५ मा दर्ता कायम भएको **भिम होटल**
फर्म दर्ता ठेगाना : गंगादेवी गा.पा - १, रोल्पा
स्थायी लेखा नं. ६०८९१४४४८ मिति २०७५/०९/०३
प्रोपाइटर : खिमविक्रम घर्ती
कर्जा शिर्षक : आवधिक कर्जा

२. खिमविक्रम घर्ती
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

खलसरा घर्ती मगर ना.प्र.नं. ५४३०४६/१६० जारी मिति २०६३/१०/२७ जि.प्र.का. रोल्पा बाबुको नाम : इन्द्र बहादुर घर्ति पतिको नाम : खिमविक्रम घर्ती ससुराको नाम : लालबहादुर घर्ती स्थायी ठेगाना : ओत ०५, रोल्पा	**खिमविक्रम घर्ती** ना.प्र.नं. १०४४९/५४१०४६/५७१५६ जारी मिति २०६२/१२/२०, जि.प्र.का. रोल्पा बाबुको नाम : लालबहादुर घर्ती बाजेको नाम : सार्की घर्ती स्थायी ठेगाना : ओत - ०५, रोल्पा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

जनवर्गीय संगठनको भूमिका उपेक्षामा किन ?

लोकतन्त्रका एकजोडी पखेटा छन्- विभिन्न राजनीतिक दल र तिनका जनवर्गीय संगठन । यी पखेटाको सन्तुलित उडानविना लोकतन्त्र लक्ष्यमा पुग्न असम्भव छ ।



● बद्रीप्रसाद खतिवडा

अग्रलेख

०४६ सालमा शाही घोषणाबाट राजनीतिक दलमाथिको प्रतिबन्ध हट्यो । सो घोषणापत्रको मसी ओभाउन नपाउँदै दलीय तानाशाही सिन्डिकेट उदय भयो । त्यसले निर्दलीय पञ्चायती शासनकालमा आफ्नो बलबुतामा ०३६ मा स्थापित एवं ०४६ को बहुदलीय प्रजातन्त्र प्राप्तिमा सहयोद्धाको अहं भूमिका निर्वहन गरेको नेपाल राष्ट्रिय शिक्षक संगठन (नेराशि) लाई दमनको प्रथम निसाना बनायो । ०४७ को प्रारम्भदेखि कांग्रेस नेता गिरिजाप्रसाद कोइरालाको इसारामा नेकापक्षीय शिक्षकलाई नेराशि संगठनबाट अलग्याएर नेपाल शिक्षक संघ नामको भिन्न समूह खडा गरियो । तत्पश्चात् मूल संगठनबाट चोइटिँदै दलैपिच्छेका शिक्षक समूह बनाउने क्रम सुरु भयो । चोइटिँदै, चोइटिँदै बाँकी रहेको नेराशि संगठनको शेष अंश नेता केपी ओलीको डम्फुको तालमा अलोकतान्त्रिक बेसुरा नाच चाच्दै छ अचेल ।

लोकतन्त्रका पनि एकजोडी पखेटा छन्- विभिन्न राजनीतिक दल र तिनका जनवर्गीय संगठन । यी पखेटाको सन्तुलित उडानविना लोकतन्त्र लक्ष्यमा पुग्न असम्भव छ । स्वतन्त्र पेसागत जनवर्गीय संगठनको सहकार्य एवं सहयोगविना दलहरूले मुलुक हाँक्ने दुस्साहस गर्दा विगत साढे तीन दशकदेखि मुलुकले गति लिन सकिरहेको छैन । रामायणको कथामा एउटा पखेटा रावणको तरवारले काटिएपछि जटायु थला परेको थियो । हाम्रा स्वार्थान्ध दलहरू यसबाट शिक्षा लिन अनिच्छुक देखिन्छन्, फलस्वरूप विगत ३६ वर्षदेखि मुलुकको स्थिति झन्-झन् खस्किँदो छ । यसको एक मात्र प्रमुख कारण जनवर्गीय संगठनको भूमिकाको उपेक्षा हो । हाल जनवर्गीय संगठन, पखेटा भाँचिएसरह कुँजो अवस्थामा छन् । यी त भए पुराना दलका जनवर्गीय संगठनलाई हेर्ने दोषपूर्ण दृष्टि । नवोदित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जनवर्गीय संगठनलाई हर्ने दृष्टि पुराना दलहरूको भन्दा अझ धेरै निषेधपूर्ण र निरंकुश देखिएको छ । सो पार्टीको एक वर्ष पुगेको अवसरमा आयोजित पत्रकार भेलामा सभापति रवि लामिछानेले भनेका थिए- तपाईंहरू संगठन बनाउने झमेलामा नलाग्नुहोस्, तपाईंका यावत् मुद्दा हामी रास्वपाको संरचनाभित्रैबाट सम्बोधन र समाधान गर्नेछौं ।

पुराना दलहरूले जनवर्गीय संगठनको अपहरण गरी, पखेटा कुँजो बनाएको भए पनि संगठनको अस्तित्वलाई नै नकार्न भने सकेका थिएनन् । रास्वपाले जनवर्गीय संगठनको अपरिहार्यतालाई बुझ्न नसक्नु र निषेध गर्नु मुलुककै लागि दुर्भाग्य हो । यो भनेको नवोदित रास्वपाको ठूलो कमजोरीको संकेत हो । निरीह किसान, मजदुर, दलित, महिला आदि शोषित पीडितलाई वर्गीय संगठन नबनाउन उपदेश दिने, रास्वपाले पुँजीपति वर्गको नेतृत्व गर्ने नेपाल उद्योग संघ, नेपाल व्यापार संघ, नेपाल उद्योग परिसंघ र बैंकर्स एसोसिएसनजस्ता मालिक संगठनलाई विघटन गर्ने उपदेश दिने हैसियत राख्छ कि, मौन बस्छ त्यो भने हेर्न बाँकी नै छ । अहिलेसम्मको अभिव्यक्तिबाट यो दल विश्व पुँजीपति खेमाकै एक हिस्सा रहेको पुष्टि हुन्छ । अनजानमा यो अभिव्यक्ति दिइएको हो भने उसले सार्वजनिक रूपमै माफी माग्नुपर्छ ।

रास्वपाले पुराना दलहरूको पदचिह्नमा हिँड्न छाड्नुपर्छ । सांसद विकास कोषका नाममा पाँच करोड लिनेजस्ता हर्कत त्याग्न सक्नुपर्छ । सांसदलाई निर्माण-ठेकेदार बनाउनु हुँदैन । साना विकास निर्माणका कार्य संविधानले स्थानीय निकायलाई सुम्पिएको छ । उसले यो स्वीकार गर्छ कि, अस्वीकार गर्छ हेर्न बाँकी छ । यद्यपि, यो विषय अहिले सर्वोच्च अदालतका कारण अन्योलमा छ । उसले हेक्का राख्नुपर्छ, अहिलेको जनसमर्थन चिया कपभित्रको आँधीबेहरी साबित हुन बेर लाग्नेछैन । रास्वपाले जनवर्गीय संगठनलाई हेर्ने दृष्टिकोणलगायत अन्य गल्तीलाई सुधार गरेन भने 'दिउँसो तेल नखाने, राति कोल चाट्ने' उखान उसमा चरितार्थ हुनेछ ।

हामीबीच जनवर्गीय एवं पेसागत संगठनलाई हेर्ने तीन



प्रकारको दृष्टिकोण पाइयो- १. जनवर्गीय संगठनको अस्तित्व नकार्ने रास्वपा, २. संगठनको स्वत्व-हरण गरी त्यसलाई भजन मण्डलीमा रूपान्तरण गर्ने पुराना दल, ३. स्वतन्त्र, एकल जनवर्गीय संगठनको पक्षमा उभिनेहरूसँग मतैक्य राख्ने लेखक । मुलुकले विगत ३५ वर्षमा समयसापेक्ष उन्नति गर्न नसक्नुका दर्जनौं कारण होलान् । नीतिगत भ्रष्टाचार पनि एउटा ठूलै कारण हो । यद्यपि, यी सबै गौण कारण हुन् । प्रधान कारण, लोकतन्त्रमा जनवर्गीय संगठनको अस्तित्व नकार्ने, स्वत्वहरण गरी तिनलाई निकम्मा बनाउने कार्य हो ।

> निरीह किसान, मजदुर, दलित, महिला आदि शोषित-पीडितलाई वर्गीय संगठन नबनाउन उपदेश दिने रास्वपाले पुँजीपति वर्गको नेतृत्व गर्ने नेपाल उद्योग संघ, नेपाल व्यापार संघ, नेपाल उद्योग परिसंघ, बैंकर्स एसोसिएसनजस्ता मालिक संगठनलाई विघटन गर्ने उपदेश दिने हैसियत राख्छ कि मौन बस्छ ?

जनवर्गीय संगठन र भ्रातृ (भगिनी) संगठनबीचको भिन्नता नबुझ्दा पठित वर्ग पनि अलमलमा परेका छन् । ०३६ सालमा स्थापित नेराशि संगठन नेपालको जेठो र स्वतन्त्र पेसागत वर्गीय संगठन हो । ०३६ सालदेखि ०४६ सम्मको एक दशक यो संगठनको स्वर्णिम कालखण्ड रह्यो । त्यस कालमा उक्त संगठनमा काम गर्ने अवसर पाएका यावत् शिक्षक आफूलाई गौरवान्वित महसुस गर्छन् । बहुदलको पुनः स्थापनापछि जन्मेका, जन्माइएका वा मूल संगठनबाट चोइटिएर जन्मेका जेजति नामधारी जनवर्गीय संगठन छन्, तिनको स्वतन्त्र हैसियत छैन । तिनले विभिन्न दलका भ्रातृ संगठनको हैसियत मात्र राख्छन् । किसान, मजदुर, शिक्षक, विद्यार्थी, दलित आदि स्वतन्त्र संगठनले संविधानतः एउटा-एउटाले मात्र राष्ट्रिय संगठनको वैधानिक र कानुनी मान्यता पाउनुपर्छ । अन्यथा, गत ३५ वर्ष खेर गएजस्तै अरू कैयौं वर्ष यो मुलुकको सुशासन, समुन्नति र शान्तिको राग अलापेरै बित्नेछ ।

स्वतन्त्र जनवर्गीय संगठनको लोकतन्त्रमा अपरिहार्यताबारे थप प्रसंग केलाऊँ । नेपालका तीन करोड जनतामध्ये सबै दलका कार्यकर्ता मिलाउँदा कार्यकर्ताको कुल संख्या बढीमा ३०-४० लाख हुन सक्ला । राजनीतिक माहोलमा ती मात्र परिचालित छन् । जनसंख्याको ठूलो हिस्सा निष्क्रिय छ । तिनको पाँच वर्षमा एकपटक, आवधिक निर्वाचनमा मतदानमा बाहेक सक्रियता हुँदैन । तर, जनवर्गीय संगठनले विविध वर्ग, पेसाका मुलुकभरका बाल-वृद्ध, महिला-पुरुष, सहरी-ग्रामीण, दलित, सबै धर्मावलम्बीलगायत तीन करोड जनतालाई यो वा त्यो सांगठनिक कार्यमा सदाकाल चलायमान राख्न सक्छन् । यस अर्थमा पनि सफल लोकतन्त्रका निमित्त जनवर्गीय संगठनको सक्रिय भूमिका अपरिहार्य छ ।

जनवर्गीय संगठनको स्वतन्त्रता दलीय तानाशाहीले गर्दा हाल अपहरित अवस्थामा छ । तिनलाई पखेटा काटिएको जटायुको अवस्थामा पुऱ्याइएको छ । यही कारण चितवनजस्तो जिल्लाका सचेत कृषकसमेत आ-आफ्ना जायज माग लिएर जोडदार आन्दोलन गर्ने हैसियतमा छैनन् । ती किसान मिहेनत गरी पसिना बगाएर उत्पादन गरेका तरकारी, दूध सडकमा फ्याँक्न बाध्य छन् । यसको एक मात्र कारण स्वतन्त्र जनवर्गीय संगठनको अस्तित्व हरण नै हो ।

निरंकुश पञ्चायत कालमा एउटै नेराशिले पञ्चायतलाई घुँडा टेकाएर आफ्ना माग पूरा गराएको इतिहास साक्षी छ । शिक्षक संगठनलगायत सम्पूर्ण जनवर्गीय संगठन आ-आफ्नो अनुकूलको राजनीतिक दलको अरौटेभरौटे भजन मण्डलीमा परिणत छन् । नाम मात्रका सबै जनवर्गीय संगठनले नेपाल बार एसोसिएसनको संगठनात्मक ढाँचाबाट शिक्षा ग्रहण गरौं, स्वतन्त्र बनौं र फुटेर होइन, संगठित भएर एउटा संगठनमा जुटौं । यसबाट सांगठनिक खर्च पनि कम हुन्छ । जनवर्गीय संगठनभित्र वैचारिक प्रतिस्पर्धा कायम हुन्छ र यो नै लोकतान्त्रिक अभ्यास पनि हो ।

मुलुक तेस्रो र अन्तिम जनआन्दोलनको पर्खाइमा छ । पहिलो जनआन्दोलन ०४६ मा भयो, यसले बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गऱ्यो । दोस्रो जनआन्दोलन ०६२/६३ मा भयो र त्यसले लोकतन्त्रको स्थापना गऱ्यो । कुशल राजनीतिक नेतृत्वको अभावमा ती दुवै आन्दोलनले ऐतिहासिक जिम्मेवारी पूरा गर्न सकेनन् ।

भारत, चीन, भियतनाम, दक्षिण अफ्रिकामा एउटै क्रान्ति पर्याप्त भयो, जसले ती मुलुकलाई दिशाबोध गरिरहेको छ । उनीहरूलाई नेपालमा जस्तो पटक-पटक क्रान्तिको जरुरत परेन । किनकि ती देशका क्रान्तिकारीले आफ्नै देशलाई आधारभूमि बनाए । क्रान्तिको लगाम आफ्नै मुठीमा राखे । क्रान्तिको स्वरूप पनि आफैंले निर्धारण गरे । नेपालमा भने ००७ सालदेखि ०६३ सम्मका सबै आन्दोलनका निर्णय विदेशी भूमिमा, विदेशीको इसारामा भए, जसले गर्दा ती परिवर्तनले नेपालीको अपनत्व पाएनन् र असफल सिद्ध भए ।

मतदाताको जिम्मेवारी मतदान गर्ने मात्र होइन, निरन्तर आफूले चुनेको प्रतिनिधि र सम्बद्ध दललाई खबरदारी गरिरहनु पनि उनीहरूको जिम्मेवारी हो । निरन्तर खबरदारीका लागि मतदाताले आ-आफ्नो क्षेत्रमा सतर्कता समूहको अभ्यास थाल्नु उचित हुन्छ ।

(खतिवडा नेपाल राष्ट्रिय शिक्षक संगठन तथा मानव अधिकार संरक्षण मञ्चका संस्थापक अध्यक्ष हुन्)

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डे**लाई



भारतमा हुन लागेको जी–२० सम्मेलनलाई नेपालले कसरी बुझ्नु ठीक हुन्छ ?

विश्वका विकसित र उदीयमान २० आर्थिक शक्तिराष्ट्रको यो शिखर सम्मेलन अन्तर्राष्ट्रिय कूटनीतिमा भारतका लागि विशिष्ट अवसर हुनेछ । प्रधानमन्त्री मोदीका लागि यसको आन्तरिक राजनीतिक लाभांश उर्वर सिद्ध हुने अपेक्षा गरेर 'एक देश : एक चुनाव' को राजनीतिक मार्गचित्र सार्वजनिक भइसकेको छ । नेपालको राजनीतिक विवेक र कूटनीतिक सिपका लागि समय चुनौतीपूर्ण हुनेछ ।

रुस र चीनका राष्ट्रपतिको अनुपस्थिति र भारतले थपेको निम्तालु देशको सूचीबारे के भन्नुहुन्छ ?

पुटिन नआउनुको कारण बुझ्न सकिन्छ । तर, चीनका राष्ट्रपति भएदेखि जी-२० का सबै सम्मेलनमा सहभागी सि जिनपिङको अनुपस्थिति भने अर्थपूर्ण छ । विश्व शक्तिसंघर्षको नाजुक घडीमा भारतलाई थप हैसियत दिन चीनियाँ अनिच्छा र दुई देशबीच बढ्दो तनाव यसमा प्रतिविम्बित भएको छ । नेपालले नोट गर्नुपर्ने बुँदा के हो भने अमेरिकाले दोस्रो पटक पनि 'डेमोक्रेसी समिट'बाहिर राखेको बंगलादेशलाई जी-२० मा बोलाइएका 'नौ पाहुना देश'मा भारतले सामेल गरेको छ । यसमा जोडिएको क्षेत्रीय सन्देशलाई नेपालले परिपक्व ढंगमा अर्थ्याउनुपर्छ ।

नेपालले चिन्तन गर्नुपर्ने बुँदाहरू के-के हुन् ?

भारतले उदीयमान भूराजनीतिक र आर्थिक शक्तिको हैसियतको हकदाबी जोडदारढंगमा गर्न थालेको छ । 'एक देश : एक चुनाव'मा गएपछि सुरु हुने राजनीतिक संक्रमणकालमा यो दाबी तथा अमेरिकासँग बढिरहेको सामरिक घनिष्टता र चीनसँगको वैरभावलाई भारतले छिमेकीसँगको सम्बन्धमा कसरी भजाउन खोज्छ भन्ने प्रश्न महत्त्वपूर्ण हुनेछ । नेपालको चिन्तन र मूल्यांकन केन्द्रित हुनुपर्छ । शासकीय क्षमता र कूटनीतिक सिप हासिल गर्न नेपालसँग समय थोरै छ ।

प्रेरक प्रसंग

विवेकानन्द र दुई महिला

एकपटक एक सन्त युरोपको यात्रामा थिए । कतै जाने क्रममा उनी रेलबाट यात्रा गरिरहेका थिए । उनी झ्यालबाहिरको दृश्यमा मग्न थिए । नजिकै दुई स्थानीय महिला बसेका थिए । सन्तको गेरु वस्त्र देखेर ती दुई महिलाले उनको खुब मजाक उडाए । तर, सन्त सुनेर पनि नसुनेजस्तै गरी आफ्नै धुनमा मग्न भइरहे ।



सन्तले एउटा घडी बाँधेका थिए । कुनै युरोपेली प्रशंसकले उनलाई त्यो उपहारमा दिएका थिए । घडी हेर्दा निकै महँगोजस्तो देखिन्थ्यो । त्यसैले, ती दुई महिलाले उनको त्यो घडी लुट्ने योजना बनाए । उनीहरूले सन्ततिर हेर्दै भने- ओइ अनौठा मान्छे ! तिमीले बाँधिरहेको घडी खुरुक्क हामीलाई देऊ । आनाकानी गऱ्यौ भने तिमीले हाम्रो इज्जत लुट्ने कोसिस गऱ्यौ भनेर प्रहरी बोलाई उजुरी गरिदिन्छौं । महिलाले भनेको कुरा सुने पनि ती सन्तले सुन्दै नसुनेजस्तो व्यवहार गरिरहे । उनले उनीहरूतिर ध्यानै दिएनन् ।

ती महिलाले ती सन्त बहिरो भएको ठानेर इसाराले पनि आफ्नो कुरा बुझाउन खोजे । तर, सन्तले त्यो पनि नबुझेजस्तो गरे । अन्त्यमा, सन्तले एउटा कलम र कापीको पाना निकाले र आफूले भन्न खोजेको कुरा त्यसमा लेखेर दिनू भन्दै इसारा गरे । उनीहरूले पनि त्यसमा आफूले भन्न खोजेको कुरा लेखेर दिए । सन्तले त्यो कागज लिए र पढे, जसमा लेखिएको थियो- तिमी आफ्नो घडी खुरुक्क हामीलाई देऊ । अन्यथा, हामी प्रहरी बोलाएर तिमीले हाम्रो इज्जत लुट्ने कोसिस गऱ्यौ भनेर उजुरी गरिदिनेछौं । कागज पढिसकेपछि सन्त मुसुक्क मुस्कुराए र मिठो अंग्रेजी लबजमा नम्रतापूर्वक भने- महोदयाहरू, ल हुन्छ, अब प्रहरी बोलाउनुहोस् । सन्तको कुरा सुनेर ती दुई महिला झसंग भए र त्यहाँबाट अर्के डिब्बातिर लागे । ती सन्त थिए- स्वामी विवेकानन्द ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अस्पतालको चरम लापरबाही

पछिल्ला दिनमा अस्पताल प्रशासन या चिकित्सकको लापरबाहीबाट बिरामीको ज्यान गएका या अंगभंग भएका समाचार पटक-पटक प्रकाशित हुँदै आएका छन् । यसै क्रममा कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा दुई घन्टा कुर्दा पनि उपचार नपाएर एक बालिकाले ज्यान गुमाएको समाचार प्रकाशित भएको छ । देशकै प्रमुख बाल अस्पतालको इमर्जेन्सीमा पुगेर दुई घन्टा पनि कसैले उपचार नपाएर ज्यान गुमाउन बाध्य हुन्छ भने यो सामान्य मृत्यु नभई अस्पताल प्रशासन, इमर्जेन्सीमा कार्यरत चिकित्सक तथा सुरक्षाकर्मी सबैले गरेको हत्या हो । यसबारे सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नुका साथै पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ । साथै, भविष्यमा यस्तो चरम लापरबाही नदोहोरिने ग्यारेन्टी पनि गरिनुपर्छ ।

● **वन्दना कुशवाह**, वसुन्धरा, काठमाडौं

महानगरको सकारात्मक प्रयास

काठमाडौं महानगरले महानगरभित्रका सामुदायिक विद्यालयमा १० कक्षासम्मै दिवा खाजा उपलब्ध गराउने समाचार सुन्दा खुसी लाग्यो । यसले गरिब जनताले छोराछोरीको खाजाको चिन्ता लिन नपर्ने भएको छ । यसबाट विद्यार्थी पनि भोकै बस्नुपर्ने बाध्यताबाट मुक्त भएका छन् । अब महानगरको ध्यान सामुदायिक विद्यालयको पठनपाठनमा सुधार ल्याउनेतिर जानु जरुरी छ । खाजाले विद्यार्थीको पेट त भरिएला । अभिभावकको चिन्ता पनि मेटिएला । तर, विद्यार्थीको पठनपाठनमा सुधार भएन भने यसको अर्थ छैन ।

● **भूमिका बटाला**
सामाखुसी, काठमाडौं

इतर समूहले ठीक गऱ्यो

'विश्व र प्रदीपसहित महाधिवेशनकेन्द्रित 'टिम बिल्डिङ'को गृहकार्यमा इतर' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । कांग्रेसको इतर समूहका नेताहरूले एक-अर्कामाथि विश्वास नगर्ने र आफूलाई नै ठूलो ठान्ने गरेकाले उनीहरू कमजोर देखिँदै आएका थिए । अब समूहमा महामन्त्री विश्वप्रकाश शर्मा र युवानेता प्रदीप पौडेलसमेत सामेल भएको खण्डमा यो समूह बलियो हुने निश्चित छ । साथै, अब यस समूहले एकढिक्का भई संगठन सुदृढीकरणका लागि वडातहका कार्यकर्ता र जनतामाझ जानु जरुरी छ ।

● **पूर्णसिंह परियार**
पुल्चोक, ललितपुर

डेरा सार्दैमा समस्याको समाधान हुँदैन

प्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले १६ भदौमा चन्द्रागिरी-२, स्थित घट्टेडाँडाको एक समारोहबीच जनतासँग माओवादी विशेष रूपान्तरण अभियानको औपचारिक रूपमा उद्घाटन गरे । राजधानीको कमलादीमा बसेको माओवादी केन्द्रको केन्द्रीय समिति बैठकले तीनमहिने अभियानका लागि पदाधिकारीसहित केन्द्रीय समितिको जिम्मेवारी हेरफेर गर्ने निर्णय गरेको थियो । सोहीअनुसार उनीहरूलाई ७५३ पालिकामध्ये कम्तीमा एउटा वडा हेर्ने गरी कार्यविभाजन टुंग्याएर वडा-वडामा पठाएको छ । तर, नेतालाई यसरी डेरा सार्दैमा समस्याको समाधान हुँदैन । यथार्थमा उनीहरूको चरित्र र व्यवहार फेर्नुपर्छ ।

माओवादी केन्द्रभित्रै वर्गीय खाडल जन्मँदै, हुर्कँदै र फैलँदै गइरहेको छ । यहाँ नेताहरूको संस्कार र जीवन विलासी हुँदै गएको छ । आलिसान महल र महँगा मोटरसहितको फाइँफुइँ हेर्दा उनीहरू कम्युनिस्ट नेताजस्ता लाग्न छाडिसकेका छन् । पार्टीले वर्गीय पक्षधरता भुल्दै गयो । जनयुद्धका सहिद, घाइते र बेपत्ता परिवारको अवस्था कहालीलाग्दो छ । असल, इमानदार र अनुशासित कार्यकर्ता दैनिक आधारभूत आवश्यकता पूरा गर्न नसकेर विदेश पलायन हुन बाध्य भए । पार्टी धेरैजसो सत्ताकै सेरोफेरोमा रहँदा पनि कार्यकर्ताको संरक्षण र व्यवस्थापन गर्न सकेन । त्यसैले युवापंक्तिमा निराशा र कुण्ठा चुलिएको छ । नयाँ विचार उत्पादन गर्न सक्ने, आलोचनात्मक र सामर्थ्यवान् युवाको जबसम्म पार्टीमा सही मूल्यांकन हुँदैन, तबसम्म राजनीतिक शुद्धीकरण असम्भव छ ।

● **गम्भीरजंग आचार्य**, सुनकोसी-५, सिन्धुली
gambhiracharya904@gmail.com

चन्द्रयान-३ पछि नयाँ क्षितिज पर्खिंदै भारत

भारतीय अन्तरिक्ष कार्यक्रम संसारकै सबैभन्दा पुरानो र सबैभन्दा महत्त्वाकांक्षी कार्यक्रममध्ये एक हो



देश/विदेश

● शशी थरुर

मंगलयान भनेर चिनिने भारतको मार्स अर्बिटर मिसन सन् २०१४ मा मंगल ग्रहको कक्षमा पुग्न सफल भएको थियो । भारत यो उपलब्धि हासिल गर्ने पहिलो एसियाली राष्ट्र बन्न पुग्यो र यससँगै भारतको यो मिसन विश्वकै यस्तो मिसन बन्यो, जुन पहिलो प्रयासमै मंगल ग्रहको कक्ष पुग्न सफल भयो । त्यसवेला न्युयोर्क टाइम्सले भारतको अन्तरिक्ष मिसनलाई लिएर कार्टुन छापेको थियो । कार्टुनमा हुनेखाने पश्चिमा पुरुष एक बन्द कोठामा भारतको मार्स मिसनको समाचार पढिरहेका थिए र बाहिर भारतीय भनेर चिनाइएका व्यक्ति पगडी, धोती-कुर्ता पहिरेर गाई डोऱ्याउँदै बन्द कोठाका ढोका ढकढक्याइरहेका थिए । यस कार्टुनले निःसन्देह कृपाभाव र नश्लभेद दर्साइरहेको थियो । स्वभावतः भारतीय यो कार्टुनलाई लिएर निकै क्रुद्ध भएका थिए । अहिले भारतको चन्द्रयान-३ मिसनले विश्वमै पहिलोपटक चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गरेपछि एक नयाँ कार्टुन चर्चित बनेको छ । यो नयाँ कार्टुनमा बन्दकोठामा धोती-कुर्ता लगाएका भारतीय गाईसँगै बसेर भारत चन्द्रमाको दक्षिणी ध्रुव पुग्ने पहिलो मुलुक शीर्षकमा समाचार छापिएको न्युयोर्क टाइम्स पढिरहेका देखिन्छन् भने कोठाबाहिर अमेरिकी, रुसी र अन्य मानिस हातमा रकेट लिएर ढोका खोल्न याचना गरिरहेका छन् ।

भारतीयले आफ्नो अन्तरिक्ष कार्यक्रममा निकै गर्व गर्छन् । नगरून् पनि किन ? भारतीय अन्तरिक्ष कार्यक्रम संसारकै पुरानो र महत्त्वाकांक्षी कार्यक्रममध्ये एक हो । यो कार्यक्रम भारत स्वतन्त्र भएको र पीडादायी ढंगले पाकिस्तान छुट्टिएको वर्ष अर्थात् सन् १९४७ मा अहमदाबादमा स्थापित फिजिकल रिसर्च ल्याबरोटेरीबाट सुरु भएको थियो । सन् १९६२ मा अग्रगामी सोच भएका भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले इन्डियन नेसनल कमिटी फर स्पेस रिसर्च (इन्कोस्पार) को स्थापना गरेसँगै भारतले अन्तरिक्ष खोजको औपचारिक यात्रा सुरु गरेको थियो । सन् १९६९ मा इन्कोस्पार इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन (इसरो) बन्यो । त्यसयता इसरोले चन्द्रमामा तीन मिसन र मंगलग्रहमा एक मिसन पठाएको छ । त्यसैगरी इसरोले अन्तरिक्ष वाहन र भूउपग्रह निर्माण गरेको छ । यसबाहेक यही महिनामा भारतले आदित्य-एलवान नामक शौर्य वेधशाला प्रक्षेपण गरिरहेको छ र यो वर्षको अन्त्यसम्ममा पृथ्वीको तल्लो कक्षमा दुईदेखि तीनजना अन्तरिक्षयात्री पठाउने योजना बनाएको छ । यसअघि एक भारतीय अन्तरिक्षयात्रीले सोभियत अन्तरिक्षयानबाट सन् १९८४ मा पृथ्वीको कक्षको परिक्रमा गरेका थिए ।

अन्तरिक्षमा भारतको सफलता नेहरूले गरेको 'वैज्ञानिक चिन्तन'को प्रवर्द्धन, राष्ट्रिय उन्नतिका लागि प्रविधिमा विश्वास र गरिबी, खाद्य असुरक्षा, रोग-भोक एवं अशिक्षाजस्ता चुनौतीका बाबजुद पनि भारतीय वैज्ञानिकप्रतिको विश्वासका कारण सम्भव भएको हो । नेहरू तारालाई लक्ष्य बनाउन प्रतिबद्ध थिए । पर्याप्त बजेट अभावका बाबजुद पनि भारतको अन्तरिक्ष कार्यक्रम सफल हुनुका पछाडि नेहरूको आत्मनिर्भरताको सिद्धान्तले काम गरेको छ । मंगलयान र चन्द्रयान-३ जस्ता मिसनमा इसरोको न्यून लागतले पनि बजेटको अवस्था दर्साउँछ । वास्तवमा इसरोको मिसनको लागत नासा मिसनको तुलनामा दशांश थियो । चाखलाग्दो के छ भने इसरोको मिसन ग्रेभिटी र इन्टरस्टेलरजस्ता हलिउडका अन्तरिक्षसम्बन्धी चलचित्रभन्दा पनि सस्तो थियो ।

इसरो मितव्ययितामा मात्रै सीमित छैन । उत्कृष्ट



तस्बिर : नोह सेलम/एएफपी

स्वदेशी प्रविधि अपनाएको इसरो प्रक्षेपण वाहन र भूउपग्रहको अग्रणी उत्पादक पनि हो । त्यसैगरी, किफायती अन्तरिक्ष प्रक्षेपणका कारण इसरोको माग बढिरहेको छ । २४ सफल प्रक्षेपण गरेको पोलार सेटेलाइट लन्च भेइकल एक उत्कृष्ट सफलता हो । फेब्रुअरी २०१७ मा भारतले एक रकेटमा एक सय चार भूउपग्रह प्रक्षेपण गरेर कीर्तिमान कायम गरेको थियो । प्रक्षेपण गरिएका अधिकांश भूउपग्रह अमेरिकी थिए ।

सन् १९६० को दशकमा जब भारतीय रकेट बैलगाडामा ढुवानी गरिन्थ्यो । यस अर्थमा हामीले निकै उन्नति गरेका छौं । विभिन्न विज्ञले अन्तरिक्ष अर्थतन्त्रमा हाल दुई प्रतिशत हिस्सा ओगटेको भारतको अन्तरिक्ष कार्यक्रमले आगामी एक दशकमा १० प्रतिशत हिस्सा ओगट्ने आकलन गरेका छन् ।

जब भारतको ल्यान्डर चन्द्रमामा अवतरण भयो प्रधानमन्त्री नरेन्द्र मोदीले बुद्धिमत्तापूर्ण ढंगले सम्पूर्ण मानवताको जितको अवतरणलाई अर्थ्याएका छन् । त्यसैगरी उनले अवतरणले एक अर्ब ४० करोड भारतीयको आकांक्षा र क्षमतालाई प्रतिबिम्बित गर्छ भनेर सकारात्मक सन्देश दिएका छन् ।

भारतको अन्तरिक्ष कार्यक्रमले यसको प्राविधिक क्षमतामा जोड दिन्छ । कार्यक्रमले साइबर नियमनदेखि शान्ति स्थापनासम्मका विश्वव्यापी समस्या समाधानमा योगदान गर्ने क्षमता पनि दर्साएको छ । भारतले आफूलाई विकसित मुलुकको पदचाप पछ्याउने मात्रै नभई आफैं पथप्रदर्शक बनिरहेको देखाइरहेको छ ।

चन्द्रयान-३ को सफलताले विश्वस्तरमा भारतको विश्वास बढेको छ । भारतले जी २० को अध्यक्षता गरिरहेको छ र यो दक्षिणी गोलार्धको एक मुखर आवाज हो । अहिले भारतले जटिल भूराजनीतिको सामना गरिरहेको छ अर्थात् क्वाड (अस्ट्रेलिया, जापान र संयुक्त राज्य अमेरिकासँग) र सांघाई सहयोग संगठन (रुस र चीनसँग) सँग सक्रिय रूपमा जोडिएको छ । पश्चिमा राष्ट्रसँगको सम्बन्ध बलियो हुँदा भारतले चीनसँगको तनावपूर्ण सीमा विवाद र आफ्नो परम्परागत सहयोगी रुससँग थप जटिल सम्बन्धजस्ता चुनौतीको सामना गरिरहेको छ ।

भारतको विश्वव्यापी भूमिका र सम्बन्धको भविष्य निश्चित देखिँदैन, तथापि अन्तरिक्ष उपलब्धिले भारतले अन्य मुलुकबाट अथाह सम्मान पाएको छ । चन्द्रयान-३ पछि भारत नयाँ क्षितिज पर्खिरहेको छ ।

(थरुर भारतीय राष्ट्रिय कंग्रेसका नेता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सीको अनुपस्थितिमा सफल होला त भारतको जी–२० अध्यक्षता ?

दिल्लीमा हुने जी-२० शिखर सम्मेलनमा चीनका राष्ट्रपति सी जिनपिङको अनुपस्थितिले आयोजक भारतलाई गम्भीर चुनौती गरिदिएको छ । भारतले सम्मेलनको अन्तिममा जारी गरिने संयुक्त घोषणापत्रमा सबै राष्ट्रको सहमति कायम गर्ने लक्ष्य राखेको सन्दर्भमा सीको अनुपस्थितिले अब त्यो सम्भव हुन कठिन छ । सीको अनुपस्थितिले दुई देशबीचको सीमा विवादमा अझै तिक्तता रहिरहेको संकेत गर्छ । २०२० देखि चीन र भारतबीच लद्दाख क्षेत्रको सिमानालाई लिएर विवाद चलिरहेको छ । त्यसमाथि भर्खरै चीनले २८ अगस्टमा जारी गरेको २०२३ को मानक नक्साप्रति भारतका भूमि परेको भन्दै भारतले कूटनीतिक च्यानलमार्फत चीनसँग कडा विरोध जनाएको छ ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले सोमबार राष्ट्रपति सीले नयाँदिल्लीमा हुने जी-२० शिखर सम्मेलनमा भाग नलिने र सम्मेलनमा चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व ली छ्याङले गर्ने जानकारी दिएका थिए । जी-२० को वर्तमान अध्यक्षको हैसियतमा भारतले सेप्टेम्बर ९ र १० मा देशको राजधानी नयाँदिल्लीमा समूहको वार्षिक शिखर सम्मेलन आयोजना गर्दै छ । भारतीय विदेशमन्त्री एस जयशंकरले सम्मेलनमा कुन देशको कुन स्तरको नेताले प्रतिनिधित्व गर्दै छ भन्दा प्रमुख मुद्दामा कुन देशले के अडान लियो भन्नेमा ध्यान केन्द्रित हुनुपर्ने बताए । भारतीय विदेश राज्यमन्त्री मीनाक्षी लेखीले पनि सीको अनुपस्थितिले शिखर सम्मेलनको नतिजामा कुनै असर नपर्ने बताइन् ।

भारतीय अधिकारीले सीको अनुपस्थितिले कुनै असर नपर्ने विश्वस्त पार्ने प्रयास गरेका भए पनि संयुक्त घोषणामार्फत सहमति हासिल गर्न असफल हुँदा भारतको प्रतिष्ठामा धक्का लाग्नेछ । भारतले आफूलाई वैश्विक शक्तिका रूपमा आफूलाई उभ्याउने प्रयास गरिरहेको समयमा जी-२० अध्यक्षताका रूपमा संयुक्त घोषणा जारी नसक्दा उसलाई हानि पुग्नेछ । यदि भारतले चीन र रुसलगायत पश्चिमी देशसमेत बाँकी सबै जी-२० सदस्यलाई संयुक्त वक्तव्यमा सहमत गराउन सकेन भने भारतको जी-२० अध्यक्षता सन् २००८ पछि पहिलोपटक संयुक्त विज्ञप्तिविनै अन्त्य हुनेछ । यसअघि भारतमै बसेको जी-२० का विज्ञमन्त्रीहरूको बैठक पनि संयुक्त विज्ञप्तिमा आमसहमति हासिल नभई समाप्त भएको थियो ।



भारतले नेताहरूले शिखर सम्मेलनमा भने अन्तिम समयतिर भए पनि कुनै खालको सहमति गर्न सक्ने आशा गरेको एक सरकारी अधिकारीले रोयटर्सलाई बताए ।

चीनले जी-२० शिखर बैठकअघि भएका विभिन्न स्तरका बैठकमा पनि अवरोधपूर्ण व्यवहार देखाइरहेको भारतीय अधिकारीको बुझाइ छ । एक वर्षदेखि भारतले समूहका लागि गरेको विभिन्न पहलमा प्रतिरोध गर्ने एक मात्र मुलुक चीन देखिएको तिनको बुझाइ छ । बेइजिङले शिखर सम्मेलनअघि भएका विभिन्न जी-२० बैठकहरूमा लगभग सबै विषयमा भिन्न दृष्टिकोण राख्यो ।

चीनले मिसन लाइफ (वातावरणका लागि जीवनशैली), महिला नेतृत्व विकास र एमएसएमई विषयमा पनि प्रश्न उठाएको थियो । त्यस्तै, चीनले जी-२० बैठकहरूमा जलवायु परिवर्तनसँग जुध्न भएका छलफलमा पनि मन लगाएर सहभागी नभएको भारतीय अधिकारी बताए । अर्कोतर्फ जी-२० को पर्यटक विषय सम्मेलन कस्मिरको श्रीनगर भएको भन्दै चीनले भाग नै लिएन । यी अवरोधात्मक कदमले चीन भारतले कतै विकासोन्मुख मुलुक (ग्लोबल साउथको) नेतृत्व लेला भनेर सशंकित रहेको विश्लेषकले बताए ।

जी-२० शिखर सम्मेलनको आयोजनाका सन्दर्भमा भारतका लागि चीनको अवरोधकारी अडान एक मात्र चुनौती भने होइन । संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यअन्तर्गतको भोकमरी अन्त्य गर्ने, शिक्षा, स्वच्छ ऊर्जा र जलवायु परिवर्तनसम्म पूरा गर्न विकासोन्मुख देशका लागि कोषको नयाँ प्रतिबद्धतालाई लिएर अमेरिका नेतृत्वको जी-७ राष्ट्रहरू र बृहत् जी-२० बीच मतभेद देखा पर्दै गएको ब्लुमबर्गले लेखेको छ । शिखर सम्मेलनअघि जारी जी-२० विज्ञप्तिको मस्यौदा संस्करणमा संयुक्त राष्ट्रसंघीय दिगो विकासका लक्ष्य प्राप्त गर्न विकासोन्मुख देशहरूलाई थप पाँच सय अर्ब डलरको वित्त आवश्यक रहेको उल्लेख छ । यद्यपि, जी-७ का सदस्यराष्ट्रहरू यति रकम निकासा गर्न सहमत हुने सम्भावना देखिँदैन ।

भारतसँग अझै पनि सहमति सिर्जना गर्ने समय छ । तर, अहिले भारतीय संस्थापनभित्र भने यो प्रश्न गरिँदै छ कि भारतका सामु विश्वव्यापी नेतृत्व गर्ने अवसर आउँदा के चीनले त्यसलाई असफल बनाउन लागेको हो ? अझ विशेषतः त्यो समयमा जब भारत चीनको आर्थिक विकल्प बन्न लागेको चर्चा भइरहेको छ ?

- इकोनोमिक्स टाइम्सबाट

विपक्षी गठबन्धनको नाम फेरेर 'भारत' बनाउन सुझाव

भारतीय कांग्रेस नेता शशि थरूरले केन्द्रीय सरकारले देशको नाम फेर्न लागेको चर्चामाझ विपक्षी दलहरूको गठबन्धनको नाम पनि 'इन्डिया'बाट 'भारत'बनाउने सुझाव दिएका छन् । थरुरले अंग्रेजी वर्णमालाको बिएचएआरएटीको पूर्ण रूप पनि के हुन सक्ने सुझाएका छन् । भारतको पूर्ण रूपमा 'एलाएन्स फर बेटरमेन्ट, हार्मोनी एन्ड रेस्पोन्सिबल एडभान्समेन्ट फर टुमरो (भारत)' (जसको नेपाली अर्थ सुधार, सद्भाव र भविष्यको उत्तरदायी उन्नतिका लागि गठबन्धन) हुन्छ । विपक्षी गठबन्धनले भारत नाम राखे मात्र सरकारले देशको नाम बदल्ने मूर्ख खेल रोक्न सक्ने शेखर टिप्पणी गरेका छन् ।

भारतकी राष्ट्रपति द्रौपदी मुर्मूले जी-२० को शिखर सम्मेलनमा सहभागी हुन आउने प्रतिनिधिलाई रात्रिभोजका लागि पठाएको निमन्त्रणापत्रमा उनको पदलाई 'प्रेसिडेन्ट अफ इन्डिया'को सट्टा 'प्रेसिडेन्ट अफ भारत' उल्लेख भएपछि भारतमा अहिले देशको नाम बदल्न लागेको चर्चा चुलिएको छ । विपक्षीहरूले 'इन्डिया' नामको गठबन्धन बनाएपछि तर्सिएर मोदी सरकारले यस्तो कदम उठाउन लागेको विपक्षी दलले आरोप लगाइरहेका छन् । थरुरको पार्टी कांग्रेस विपक्षी गठबन्धन 'इन्डियन नेसनल डेभलपमेन्टल इन्क्लुसिभ एलाइन्स (इन्डिया)'को एक घटक हो ।



थरुरले देशलाई 'भारत' भन्नमा कुनै संवैधानिक अवरोध नभएको भए पनि 'इन्डिया' नाम पूर्ण परित्याग गर्ने मूर्खता गर्न नहुने बताएको छ । यसको ठूलो 'ब्रान्ड मूल्य' भएको उनको दाबी छ । खासमा पाकिस्तानका संस्थापक मोहम्मद अली जिन्नाले नै हालको भारतलाई 'इन्डिया' भन्न नहुने अडान लिएको इतिहास पनि उल्लेख गरे । 'भारतले आफ्नो नाम इन्डिया राखेमा ऊ ब्रिटिस साम्राज्यको उत्तराधिकारी राज्य हुने र पाकिस्तान ऊबाट छुट्टिएर गएको पृथक्तावादी राज्य हुने जिन्नाको डर थियो,' थरुरले भने ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६०६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र मिति २०८०/४/१७ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक"मा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २१८६२/०७२/७३ अन्तर्गत मिति २०७२/११/०४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४ स्थित **न्यु ब्लुस्टार फैन्सी एण्ड बेबी सप** **प्रोप्राईटर तथा जमानीकर्ता : सन्ध्या साहु**	२) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १६३६७/०६८/६२ (स्थानिय व्यापार) अन्तर्गत मिति २०६८/११/२२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ३ स्थित **ब्लु स्टार फैन्सी** **प्रोप्राईटर तथा जमानीकर्ता : शेर सिंह रावल**
	३) सन्ध्या साहु स्थायी ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ४ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ३ बाबु : कमल सिंह साहु ससुरा : कमल सिंह रावल पति : शेर सिंह रावल	**४) शेर सिंह रावल** स्थायी ठेगाना : बैतडी जिल्ला, सकार गा.वि.स. वडा नं. ३ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ३ बाबु : कमल सिंह रावल बाजे : कालु सिंह रावल

धितोको विवरण

१) कमल सिंह साहुकी छोरी, कमल सिंह रावलकी बुहारी, शेर सिंह रावलकी पत्नि, कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनगढी न.पा. वडा नं. ३ बस्ने सन्ध्या साहुको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा. वडा नं. ३ स्थित कित्ता नं. ४७१, ४१, ९८३, ९९ र ३३१ को क्षेत्रफल क्रमश २०३.२०, ३१०.२१, ६७७.२६, ६८६.५० र ६७.५० (ब.मि.)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) कमल सिंह साहुकी छोरी, कमल सिंह रावलकी बुहारी, शेर सिंह रावलकी पत्नि, कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनगढी न.पा. वडा नं. ३ बस्ने सन्ध्या साहुको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ३ स्थित कित्ता नं. ४७१, ४१, ९८३, ९९ र ३३१ को क्षेत्रफल क्रमश २०३.२०, ३१०.२१, ६७७.२६, ६८६.५० र ६७.५० (ब.मि.)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

३) कालु सिंह रावलको नाति, कमल सिंह रावलको छोरा, बैतडी जिल्ला, सकार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ३ बस्ने शेर सिंह रावलको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ३ स्थित कित्ता नं. ८१० र ८१२ को क्षेत्रफल क्रमश ५५ र २८५ (ब.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

४) न्यु ब्लुस्टार फैन्सी एण्ड बेबी सपको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

५) ब्लु स्टार फैन्सीको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सन्ध्या साहु	२) शेर सिंह रावल
स्थायी ठेगाना : कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ४ हाल ठेगाना : कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ३ बाबु : कमल सिंह साहु ससुरा : कमल सिंह रावल पति : शेर सिंह रावल	स्थायी ठेगाना : बैतडी जिल्ला, सकार गा.वि.स. वडा नं. ३ हाल ठेगाना : कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ३ बाबु : कमल सिंह रावल बाजे : कालु सिंह रावल

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६०६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५४५३८/०७८/०७८ अन्तर्गत मिति २०७८/१०/१९ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर स्थित **नरसिंह अवतार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** **संचालक तथा जमानीकर्ता: विजय कुमार सिंह क्षेत्री** स्थायी ठेगाना : पर्सा जिल्ला, पिडारीगुठी गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११ बाबु : रामासिंह क्षेत्री बाजे : उदित सिंह क्षेत्री	**विनिता अधिकारी** स्थायी ठेगाना : धादिङ जिल्ला, किरानचोक गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११ बाबु : कृष्णबहादुर अधिकारी ससुरा : रामासिंह क्षेत्री पति : विजय कुमार सिंह क्षेत्री

धितोको विवरण

१) कृष्णबहादुर अधिकारीकी छोरी, रामासिंह क्षेत्रीकी बुहारी, विजय कुमार सिंह क्षेत्रीकी पत्नि, धादिङ जिल्ला, किरानचोक गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११ बस्ने विनिता अधिकारीको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ६९ को क्षेत्रफल ००२२४.८० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) नरसिंह अवतार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
किशोर खवास स्थायी ठेगाना :मोरङ जिल्ला, सुन्दरपुर गा.वि.स वडा नं ३ हालको ठेगाना :मोरङ जिल्ला, सुन्दरहरैचा न.पा वडा नं ६ बाबु : भुमा खवास बाजे : विरजा खवास	**सुभद्रा कुमारी खवास** स्थायी ठेगाना :मोरङ जिल्ला, धनपालथान गा.पा वडा नं ५ हालको ठेगाना : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा वडा नं ६ बाबु : नुनु लाल खवास ससुरा : भुमा खवास पति: किशोर खवास

धितोको विवरण

विरजा खवासको नाति, भुमा खवासको छोरा, मोरङ जिल्ला, सुन्दरपुर गा.वि.स वडा नं ०३ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, सुन्दरहरैचा न.पा वडा नं ६ बस्ने किशोर खवासको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, हरैचा गा.वि.स. वडा नं. ९/घ स्थित कित्ता नं. ३४०३ को क्षेत्रफल ०-०-१७-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

ऋणीहरुको विवरण

३)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा, लघु उद्यम दर्ता नं. ९४२/०७४/०७५ अन्तर्गत मिति २०७५/०२/०४ मा औद्योगिक व्यवसाय ऐन २०७३ को दफा १५ को (१) (क) र २ को (च) बमोजिम निजी लघु उद्यममा दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ३, स्थित **मान्द्रो टिपिकल चुलो** **प्रोप्राइटर तथा जमानीकर्ता: प्रतिक्षा रानाभाट पौडेल** ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बाबु : रण बहादुर राणाभाट ससुरा : भिमलाल पौडेल पति : राजन पौडेल	**२) राजन पौडेल** स्थायी ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बाबु : भिमलाल पौडेल बाजे : पशुपति पौडेल

धितोको विवरण

१) देउमणि पौडेलको नाती, पशुपति पौडेलको छोरा, चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बस्ने भिमलाल पौडेलको नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ५ (हाल भरतपुर म.न.पा. वडा नं. १६), स्थित कित्ता नं. ६१३, १२७, ६१५ र ६१७ को क्षेत्रफल क्रमश: ०-४-१८.५, ०-१-०, ०-१-७ र ०-१-७.२५ (बिघा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) मान्द्रो टिपिकल चुलोको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) राजन पौडेल	२) सिता देवी पौडेल	३) भिमलाल पौडेल	४) प्रतिक्षा रानाभाट पौडेल
स्थायी ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बाबु : पशुपति पौडेल बाजे : पशुपति पौडेल	स्थायी ठेगाना: चितवन जिल्ला, मंगलपुर गा. प. वडा नं. ५ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बाबु : भक्त प्रसाद चालिसे ससुरा : पशुपति पौडेल पति : भिमलाल पौडेल	स्थायी ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बाबु : पशुपति पौडेल बाजे : देउमणि पौडेल	ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ बाबु : रण बहादुर राणाभाट ससुरा : भिमलाल पौडेल पति : राजन पौडेल

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पतिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०५/२१)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/०६/०४

बोलपत्र खोलिने मिति
२०८०/०६/०५ दिउँसो १ बजे

तपसिल

क्र. सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण
१.	धितो कर्जा	**१) ऋणी : तिल चन्द्र सारु मगर** (ना.प्र.नं. ३६३२५३, मिति २०४४/१२/२४ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) ठेगाना : कावासोती ०१, नवलपरासी बाबु : मिन बहादुर सारु मगर बाजे : भोजविर **व्यक्तिगत जमानीकर्ताहरु :** **१. डोल बहादुर सारु मगर** (ना.प्र.नं. ४७५५८, मिति २०६२/०६/२१ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : तिल चन्द्र सारु मगर बाजे : मिन बहादुर सारु मगर **२. पुनमाया सारु मगर** (ना.प्र.नं. १३/०५८, मिति २०४५/०२/१८ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : इन्द्र बहादुर घर्ती मगर पति : तिल चन्द्र सारु मगर ससुरा : मिन बहादुर सारु मगर **३. दल बहादुर सारु** (ना.प्र.नं. ५४३७८, मिति २०६३/०४/२२ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : तिल चन्द्र सारु मगर बाजे : मिन बहादुर सारु मगर	तिल चन्द्र सारु मगरको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती गा.वि.स./न.पा. वडा नं. ०४ (ङ) स्थित कि.नं. १६३ (०-४-७-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
२.	विविध कर्जा	**२) ऋणी : एस एन टि फर्निचर सप्लायर्स** प्रा.फ.र.नं. : ४११/०७५/०७६ ठेगाना : भरतपुर ०१, चितवन **व्यक्तिगत जमानतकर्ताहरु :** **१. सुरेन्द्र पौडेल** (ना.प्र.नं. १४२६/०६०, मिति २०६०/०२/०७ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : मेख बहादुर क्षेत्री बाजे : दल बहादुर क्षेत्री **२. कालिका देवी क्षेत्री** (ना.प्र.नं. २१७, मिति २०४४/१२/११ मा जि.प्र.का. चितवनबाट जारी भएको) पति : मेख बहादुर क्षेत्री ससुरा : दल बहादुर क्षेत्री **३. सुभाष पौडेल** (ना.प्र.नं. ३५१०३८/१५, मिति २०६७/०२/३१ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : मेख बहादुर क्षेत्री बाजे : दल बहादुर क्षेत्री **४. गीता महत** (ना.प्र.नं. ४४१०२६/२२३, मिति २०६५/०६/१२ मा जि.प्र.का. गोरखाबाट जारी भएको) बाबु : क्षेत्र बहादुर महत पति : सुरेन्द्र पौडेल ससुरा : मेख बहादुर क्षेत्री **५. अलिशा लामिछाने** (ना.प्र.नं. ३५-०१-७६-००३७१, मिति २०७६/०१/११ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : बाबुराम लामिछाने पति : सुभाष पौडेल ससुरा : मेख बहादुर क्षेत्री **६. मेख बहादुर क्षेत्री** (ना.प्र.नं. ३५-१७२५, मिति २०४३/०९/२३ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : दल बहादुर क्षेत्री बाजे : कविराज क्षेत्री	मेख बहादुर क्षेत्रीको नाममा चितवन जिल्ला मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, शुक्रनगर गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. ५२८ (०-१-१०-० विगाहा), कि.नं. ३७२ (०-२-०-० विगाहा) र प्ले.पे. रातापुर गा.वि.स./न.पा. वडा नं. ७(ख) स्थित कि.नं. २०१(०-२-५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
३.	विविध कर्जा	**३) ऋणी : एस जि एम इन्टरनेशनल** प्रा.फ.र.नं. : ४२७९७/०७५/१४९४/११०२५ ठेगाना : देवचुली १३, नवलपरासी **व्यक्तिगत जमानीकर्ताहरु :** **१. चन्द्रकान्त जैसी** (ना.प्र.नं. १५१३१, मिति २०५६/१०/०२ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : नन्दलाल जैसी बाजे : भगानाथ जैसी **२. गीता जैसी** (ना.प्र.नं. ३६-२-०१२/१८६, मिति २०६४/१२/१२ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : कृष्ण बहादुर क्षेत्री पति : चन्द्रकान्त जैसी ससुरा : नन्दलाल जैसी **३. महेश शर्मा** (ना.प्र.नं. ३६२०११/४०३६, मिति २०७१/१२/०५ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : चन्द्रकान्त जैसी बाजे : नन्दलाल जैसी **४. प्रिती मैरे** (ना.प्र.नं. ७७-०१-७८-०८२१८, मिति २०७८/१०/२५ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : कृष्णराज गैरे पति : महेश शर्मा ससुरा : चन्द्रकान्त जैसी	गीता जैसीको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स./न.पा. वडा नं. ०१ (क) स्थित कि.नं. २४६२ (०-०-५.२५-० विगाहा) र कि.नं. २४६३ (०-०-५.२५-० विगाहा) तथा पे.पे. वडा नं. ०६ (क) स्थित कि.नं. २२२६ (०-३-११-० विगाहा) र कि.नं. २२२८ (०-४-९-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
४.	धितो अधिविकर्ष कर्जा	**४) ऋणी : रुद्र बहादुर थापा** (ना.प्र.नं. ४१२२३, मिति २०४३/०४/२३ मा जि.प्र.का. गुल्मीबाट जारी भएको) ठेगाना : तम्घास ०२, गुल्मी बाबु : दुर्गा बहादुर थापा बाजे : ठेक बहादुर **व्यक्तिगत जमानीकर्ता :** **पुष्पा थापा** (ना.प्र.नं. ४१४९०, मिति २०४४/०१/२१ मा जि.प्र.का. गुल्मीबाट जारी भएको) पति : रुद्र बहादुर थापा ससुरा : दुर्गा बहादुर थापा	रुद्र बहादुर थापाको नाममा गुल्मी जिल्ला मालपोत कार्यालय गुल्मीमा दर्ता कायम रहेको गुल्मी जिल्ला, तम्घास गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. १७२२ (०-९-३-० रोपनी) र कि.नं. १७२४ (०-११-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

क्र. सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण
५.	हायर पर्चेज कर्जा	**५) ऋणी : जि.बि. निर्माण सेवा प्रा.लि.** दर्ता नं. : २०२६९२३/०७५/०७६ ठेगाना : मंगलसेन ०३, अछाम **व्यक्तिगत जमानीकर्ताहरु :** **१. रोहित घिमिरे** (ना.प्र.नं. ३५-०१-७४-०५४४६, मिति २०७४/०४/१२ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : गणेश क्षेत्री बाजे : खड्ग बहादुर क्षेत्री **२. निर्प बहादुर विष्ट** (ना.प्र.नं. १५८१८, मिति २०५६/०४/१४ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : नर बहादुर विष्ट बाजे : मन बहादुर विष्ट **३. रोजिना घिमिरे** (ना.प्र.नं. ३५-०१-७४-१४१२१, मिति २०७४/११/३० मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : गणेश क्षेत्री बाजे : खड्ग बहादुर क्षेत्री	१. रोजिना घिमिरे र रोहित घिमिरेको संयुक्त नाममा चितवन जिल्ला मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, सिस्वार गा.वि.स./न.पा. वडा नं. ०८ (ज) स्थित कि.नं. ८६१ (०-१-० विगाहा) र कि.नं. ९६४ (०-२-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । २. यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमको सवारी साधन : कम्पनीको नाम : **JCB India** सवारीको मोडेल : **205 Excavator** निर्माण वर्ष : **2018** ईन्जिन नं. : **84457164** च्यासिस नं. : **PUNJD20BAJ2241129** सवारी दर्ता नं. : सु.प्र.प्र.१ -००१ क १४२०
६.	विविध कर्जा	**६) ऋणी : मे जय नरसिंह ज्वेलर्स** प्रा.फ.र.नं. : ३२४०६/०७१/७२ ठेगाना : वीरगंज ११, पर्सा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुनिता कुमारी सर्राफ** (ना.प्र.नं. ०५६४२७७५, मिति २०५७/११/२४ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : शिव नारायण सा सोनार पति : दिपक कुमार शर्राफ ससुरा : शम्भु प्रसाद **२. दिपक कुमार शर्राफ** (आधार कार्ड नं. ३५४५ ६५८१ ५२२५) बाबु : शम्भु प्रसाद बाजे : नाम प्राप्त नभएको	सुनिता कुमारी सर्राफको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज वडा नं. ११ स्थित कि.नं. १५(००१४५.६ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
७.	विविध कर्जा	**७) ऋणी : टेस्टी वाइट्स क्याफे एण्ड बार** प्रा.फ.नं.घ.उ.वि. : ९३२५६/०७४/७५ ठेगाना : पोखरा ०६, कास्की **व्यक्तिगत जमानीकर्ताहरु :** **१. राजन ढकाल** (ना.प्र.नं. ११९७४५, मिति २०५८/०७/१९ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : रामचन्द्र ढकाल बाजे : कृष्ण बहादुर ढकाल **२. रामचन्द्र ढकाल** (ना.प्र.नं. ४४९३९, मिति २०५३/०३/१३ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : कृष्ण बहादुर ढकाल बाजे : दिल बहादुर ढकाल **३. शिव ढकाल** (ना.प्र.नं. ४६-०१-७३-१००९१, मिति २०७३/१२/३० मा जि.प्र.का. कास्कीबाट जारी भएको) पति : रामचन्द्र ढकाल ससुरा : कृष्ण बहादुर ढकाल **४. रवि ढकाल** (ना.प्र.नं. १७२६७४, मिति २०६३/०६/२७ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : रामचन्द्र ढकाल बाजे : कृष्ण बहादुर ढकाल **५. सागर ढकाल** (ना.प्र.नं. ४६-०१-७१-०१२५४, मिति २०७१/०२/०७ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : रामचन्द्र ढकाल बाजे : कृष्ण बहादुर ढकाल **६. पुजन कुवर ढकाल** (ना.प्र.नं. ४६३०२१/४६४, मिति २०६३/१०/०८ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : राजन ढकाल बाजे : रामचन्द्र ढकाल	टेस्टी वाइट्स क्याफे एण्ड बारको नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ०६ स्थित कि.नं. ५३(२७७.०० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
८.	अधिविकर्ष कर्जा	**८) ऋणी : आर्यन कन्स्ट्रक्सन** घ.तथा सा.उ.का. प्रा.फ.पर्सा नं. : १०४९८/०७५/०७६ ठेगाना : हरिहरपुर वडा नं. ०९, पर्सा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. शिवशंकर प्रसाद कुर्मी** (ना.प्र.नं. ३४१०३३/६२, मिति २०६५/०४/२६ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : सोहन राउत कुर्मी बाजे : किसुन राउत **२. सोहन राउत कुर्मी** (ना.प्र.नं. ३६१२१३०४, मिति २०३५/०४/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : किसुन राउत बाजे : कन्हाई राउत कुर्मी **३. हरिशंकर प्रसाद कुर्मी** (ना.प्र.नं. ३६१२२६५७, मिति २०६२/०८/१३ मा जि.प्र.का. पर्सा बाट जारी भएको) बाबु : सोहन राउत कुर्मी बाजे : किसुन राउत **४. सबिता कुमारी कुर्मी** (ना.प्र.नं. ३४-०१-७६-०६६३९ मिति २०७६-०६-१० मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : मोहन कुमार पटेल पति : हरिशंकर प्रसाद कुर्मी ससुरा : सोहन राउत कुर्मी	सोहन राउत कुर्मीको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, हरिहरपुर पश्चिम गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. ७२ (४२१.२५ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारामका उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

विद्युत् निर्यातभन्दा आन्तरिक खपतलाई प्राथमिकतामा राख्न सरोकारवालाको सुझाव

काठमाडौं/ सरोकारवालाहरूले विद्युत्को निर्यातभन्दा पनि आन्तरिक खपतलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन्। विद्युत्को निर्यातले भन्दा आन्तरिक खपतले अर्थतन्त्रमा बढी फाइदा हुने ऊर्जासम्बन्धी सरोकारवालाहरूको भनाइ छ।

आन्तरिक रूपमा खपत भएपछि बाँकी हुने विद्युत् मात्रै निर्यात गर्नुपर्ने उनीहरूको सुझाव छ। आन्तरिक खपत बढाउने योजना नबनाई निर्यातमा जोड दिनु राम्रो नभएको उनीहरूले बताएका हुन्।

बुधबार काठमाडौंमा नेपाल पूर्वाधार पत्रकार समाजले आयोजना गरेको विद्युत् व्यापारसम्बन्धी छलफलमा बोल्ने सरोकारवालाहरूले पहिला आन्तरिक खपतलाई नै प्राथमिकतामा राख्नुपर्ने बताएका हुन्।

प्रतिनिधिसभा सदस्य तथा पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले आन्तरिक खपत बढाउने र निर्यात गर्ने विषयमा ठोस नीति आउनुपर्ने बताए। साथै, वैदेशिक ऊर्जा सम्बन्धलाई पनि सन्तुलनमा राख्नुपर्ने उनले बताए।

'साँढेको लडाइँमा बाछाको मिचाइजस्तो हुनुहुँदैन। हामीले दुवै छिमेकी मुलुकसँगको ऊर्जा तथा कूटनीतिक सम्बन्धलाई सन्तुलनमा राख्नुपर्छ,' उनले भने, 'सोहीअनुसार वैदेशिक ऊर्जा व्यापारलाई अघि बढाउनुपर्छ।' यस्तै, प्रतिनिधिसभा सदस्य ठाकुर गैरेले मन्त्रालयगत समन्वय र नीतिगत अभावका कारण जलविद्युत् विकासमा बाधा भएको बताए। जलविद्युत्को विकासमा भएको झन्झटिलो प्रक्रियालाई सहज बनाउनुपर्ने बताए।

सोहीअनुसार संसदमा दर्ता हुन लागेको विद्युत् विधेयकलाई पारित गर्नुपर्ने उनको भनाइ छ। यस्तै, सांसद प्रदीप पौडेलले विद्युत् व्यापार सम्बन्धमा राष्ट्रिय प्राथमिकता नै बनाउनुपर्ने बताए। 'अहिले हामी विद्युत् व्यापार गर्ने भनेर अघि बढेका छौं। तर, यसको राष्ट्रिय प्राथमिकता अझै बनेको छैन। आन्तरिक खपत गर्ने कि निर्यात गर्ने भनेर पहिला राष्ट्रिय प्राथमिकता बनाउनुपर्छ,' उनले भने, 'त्यसपछि सोहीअनुसार विद्युत् उत्पादन, पूर्वाधार विकास र आवश्यक कानुन बनाउन अग्रसर हुनुपर्छ।'

यस्तै, उनले विद्युत् विकासलाई सहयोग पुग्ने गरी आफू प्राइभेट विधेयक पेस गर्न पनि तयार रहेको बताए। यसमा ऊर्जा सरोकारवालाहरूले आवश्यक सहयोग गर्नुपर्ने उनले बताए। यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधु भेटुवालले भारतमा मात्रै नभएर बिमस्टेक सदस्य मुलुकमै विद्युत् व्यापार गर्ने गरी काम भइरहेको बताए। साथै, नेपाल विद्युत् प्राधिकरणका निर्देशक प्रबल अधिकारीले भारतको नीतिबारे काउन्टर नीति ल्याउन आवश्यक रहेको बताए। 'भारतले आफ्नो वैदेशिक विद्युत् व्यापारका लागि विभिन्न कडा नीतिहरू ल्याएको छ। तर, भारतले त्यस्तो नीति ल्यायो भनेर चिन्ता गर्ने होइन,' उनले भने, 'त्यसलाई काउन्टर दिने नीति नेपालले ल्याउन सक्नुपर्छ।'

धान, मकै र गहुँको उत्पादकत्व वृद्धि

गण्डकी/ गण्डकी प्रदेशमा मुख्य खाद्यान्न बाली मानिएका धान, मकै र गहुँको उत्पादकत्व वृद्धि भएको छ। प्रदेशको भूमि व्यवस्था तथा कृषि मन्त्रालयका अनुसार आव ०७८/७९ मा धानमा ३.४३, मकैमा १०.२२ र गहुँमा ७.९२ प्रतिशतले उत्पादकत्व बढेको हो। आव ०७७/७८ मा प्रतिहेक्टर ३.५ मेट्रिक टन धान उत्पादन भएकामा आव ०७८/७९ मा बढेर ३.६२ मेट्रिक टन पुगेको हो। आव ०७७/७८ मा प्रतिहेक्टर २.७४ मेट्रिक टन मकै उत्पादन भएकामा पछिल्लो वर्ष ३.२ मेट्रिक टन उत्पादन भएको मन्त्रालयले जनाएको छ।

पछिल्ला दुई आवमा गहुँको उत्पादकत्व पनि बढेर प्रतिहेक्टरमा २.४ बाट २.५९ मेट्रिक टन पुगेको प्रदेश कृषि विकास निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले जानकारी दिए। उनका अनुसार सबैभन्दा बढी मकैको उत्पादकत्व वृद्धि भएको पाइएको छ।

मुख्य खाद्यान्न बालीको उत्पादकत्व प्रतिहेक्टर ३.८ मेट्रिक टन पुऱ्याउने प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको लक्ष्य रहेको रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार आवधिक योजनाको अन्तिम वर्षमा आइपुग्दा धानमा मात्र उत्पादकत्व लक्ष्यभन्दा केही बढी पुगेको छ।

सामाजिक सुरक्षा कोषद्वारा पाँच अर्ब ६७ करोड दाबी भुक्तानी

काठमाडौं/ सामाजिक सुरक्षा कोषले योगदानकर्तालाई विभिन्न सुविधाबापत पाँच अर्ब ६७ करोड रुपैयाँ दाबी भुक्तानी गरेको छ। कोषले विभिन्न योजना सञ्चालन गरेबापत ९८ हजार पाँच सय ७३ योगदानकर्तालाई उक्त रकम भुक्तानी गरेको हो।

योगदानकर्ताको जीवनमा आइपर्ने स्वास्थ्य जोखिम कम गर्न तथा आयको निरन्तरताका लागि चार प्रकारका योजना सञ्चालनमा ल्याएको कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व योजनाअन्तर्गत ४० हजार तीन सय ८७ योगदानकर्तालाई ६५ करोड ८२ लाख ५० हजार र दुर्घटना तथा अशक्तता सुरक्षा योजनाबापत दुई हजार ३१ श्रमिकलाई सात करोड ८० लाख ८७ हजार रुपैयाँ भुक्तानी गरेको छ। यसैगरी, आश्रित परिवार सुरक्षा योजनाबापत तीन सय ९३ योगदानकर्ताले नौ करोड २० लाख र वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत चार अर्ब ८४ करोड ३२ लाख १७ हजार भुक्तानी लिएका छन्।

हालसम्म ४१ अर्ब एक करोड योगदान संकलन भएको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए। कोषमा सात लाख ५७ हजार योगदानकर्ता सूचीकृत भएका छन्। औपचारिक क्षेत्रका चार लाख ४१ हजार पाँच सय ७६, वैदेशिक क्षेत्रका तीन लाख एक सय ५४ हजार चार सय ७७, अनौपचारिक क्षेत्रका एक र स्वरोजगार क्षेत्रका १९ जना श्रमिक तथा १८ हजार दुई सय ५२ रोजगारदाता छन्।

चार जिल्लामा टेलिकमको फाइबर लाइन विस्तार

धनकुटा/ नेपाल टेलिकम धनकुटा शाखाले सेवा प्रवाह गरिरहेका पूर्वी पहाडका चार जिल्लामा अप्टिकल फाइबरमार्फत द्रुतगतिको इन्टरनेट विस्तार थालेको छ। टेलिकमले धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुरमा एडिएसएसमार्फत क्षमता बढाएर ग्राहकलाई वायरलेस प्रविधिको 'फोरजी' सेवा तथा एफटिटिएच (अप्टिकल फाइबर प्रविधि)बाट द्रुत गतिको इन्टरनेट प्रवाह गर्न थालेको हो। यसअघि टेलकमले एडिएसएसबाट प्रवाह गरेको २० जिबिपिएसबाट एफटिटिएच इन्टरनेटअन्तर्गत कपर वायरबाट पाँच एमबिपिएससम्मको इन्टरनेट सेवा तथा जिएसएम (टुजी, थ्रिजी र फोरजी) सेवा विस्तार गर्दै आएको थियो।

हाल उक्त प्रविधिलाई स्तरोन्नति र जमिनमुनि बिछ्याइएको फाइबरमार्फत जिल्लासम्म एक सय जिबिपिएसको मुख्य प्रसारण लाइन पुगेपछि टेलिकमले अप्टिकल फाइबरमार्फत ग्राहकलाई आवश्यकताअनुसारको द्रुत गतिको इन्टरनेट उपलब्ध गराउन थालेको हो। सेवाको स्तरोन्नति र विस्तारसँगै अब चार जिल्लाका नागरिकले सीमित इन्टरनेट चलाउनुपर्ने बाध्यता अन्त्य हुनाका साथै आफूले चाहेको स्पिड (८,२५,८० एमबिपिएस) सम्मको सेवा लिन पाउने भएका छन्। कार्यालयका प्रमुख तथा वरिष्ठ इन्जिनियर सुमन आचार्यका अनुसार धनकुटा जिल्लाको हिले बजार, मूलघाट, छथरजोरपाटी गाउँपालिकाको सिन्धुवा बजार, साँगुरीगढी गाउँपालिकाको भेडेटार बजारमा फाइबरमार्फत इन्टरनेट सेवा विस्तार गरिएको छ। धनकुटाकै पाख्रिबास नगरपालिका र चौबिसे गाउँपालिकामा पनि चालू आर्थिक वर्षमा सेवा सञ्चालनमा आउने आचार्यले जानकारी दिए।

त्यस्तै, संखुवासभाको खाँदबारी र तुम्लिङटार, धर्मदेवी नगरपालिकाको मुढेशनिश्चरेमा पनि इन्टरनेट विस्तार गरिएको छ। चैनपुर नगरपालिकामा यसै वर्षदेखि काम सुरु गरिनेछ। अहिले सुनसरीको इटहरीबाट धनकुटाको हिले, तेह्रथुमको म्याडलुङ, पाँचथरको फिदिम र झापाको बिर्तामोडबाट पुनः इटहरीसम्म एक सय जिबिपिएस इन्टरनेट जडान भइसकेको छ। यसबाट कुनै एक स्थानको फाइबरमा क्षति भए तापनि अर्को रुटबाट सेवा सञ्चालन हुने भएकाले चार जिल्लामा इन्टरनेट सेवा दिगो हुने कार्यालय प्रमुख आचार्यको भनाइ छ।

सेवा विस्तारसँगै हाल धनकुटामा दुई हजार ६ सय २१ वटा राउटरमार्फत आठ हजार घरधुरीले अप्टिकल फाइबरमार्फतको इन्टरनेट उपभोग गरिरहेका छन्। भोजपुरमा सात सय तीन राउटरमार्फत एक हजार पाँच सय घरधुरीले, संखुवासभामा नौ सय ८० राउटरमार्फत दुई हजार घरधुरीले र तेह्रथुममा ६ सय ७० राउटरमार्फत एक हजार पाँच सय घरधुरीले इन्टरनेट उपभोग गरिरहेको आचार्यले बताए। -रासस

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २१ भदौ ०८०

सञ्चालनमा आए ५१ वटा चार्जिङ स्टेसन

देशभर थप ५०० चार्जिङ स्टेसन बनाउने विद्युत् प्राधिकरणको योजना

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले देशका विभिन्न स्थानमा निर्माण गरेको ५१ वटा विद्युतीय सवारीसाधनको अत्याधुनिक फास्ट चार्जिङ स्टेसन सञ्चालनमा आएको छ। विद्युतीय सवारीसाधनको प्रयोग बढ्न थालेपछि प्राधिकरणले चैत ०७७ देखि सातै प्रदेशमा चार्जिङ स्टेसन निर्माण अघि बढाएको थियो। त्यसको झन्डै साढे दुई वर्षमा सबै चार्जिङ स्टेसन तयार भएसँगै बुधबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत र सचिव दिनेशकुमार घिमिरेले संयुक्त रूपमा नेपाल पुलिस क्लब भृकुटीमण्डपमा स्थापना गरिएको फास्ट चार्जिङ स्टेसनको उद्घाटन गरेका हुन्।

प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा नर्वे सरकारको प्राविधिक सहयोगमा चार्जिङ पूर्वाधार विकास आयोजनाअन्तर्गत सात प्रदेशका मुख्य राजमार्ग, बसपार्क र ठूला सहरमा ५१ वटा चार्जिङ स्टेसन निर्माण गरिएको हो। करिब ४० करोड लागतमा निर्माण गरिएका चार्जिङ स्टेसनमध्ये २६ वटामा ठूला बस, माइक्रो, ट्रक, पिकअप, कार र २५ वटामा साना-ठूला कार चार्ज गर्न मिल्नेछन्।

पहिलो चरणको चार्जिङ स्टेसन निर्माण पूरा भएपछि प्राधिकरणले थप पाँच सयवटा चार्जिङ स्टेसन बनाउने प्रक्रिया अघि बढाएको छ। हाल यस विषयमा प्रारम्भिक अध्ययन भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

'यी चार्जिङ स्टेसनहरूको निर्माण सफल रूपमा भयो। तर, हामीलाई यतिले मात्रा पुग्दैन। नेपालमा विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै गएकाले थप चार्जिङ स्टेसन बनाउन अपरिहार्य छ,' उनले भने, 'त्यसैले देशभर थप पाँच सयवटा चार्जिङ स्टेसन बनाउने गरी अध्ययन अघि बढाएका छौं।'

साथै, प्रदेश र अधिकांश जिल्लालाई समावेश गरेर थप चार्जिङ स्टेसन बनाउने प्राधिकरणको योजना छ। पाँच सयवटा चार्जिङ स्टेसन बनाउन न्यूनतम चार अर्ब लागत अनुमान गरिएको छ। उक्त स्रोत सुनिश्चित गरेर थप चार्जिङ स्टेसन निर्माण अघि बढाउने कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

यस्तै, मन्त्री बस्नेतले ५१ वटा चार्जिङ स्टेसन सञ्चालनमा आउनु विद्युतीय सवारीसाधनको यात्रा हरित, स्वच्छ ऊर्जा खपतमार्फत कार्बन उत्सर्जन तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणमार्फत देशको दिगो विकासमा महत्त्वपूर्ण



पाइला भएको बताए। विद्युतीय सवारीसाधनको प्रवर्द्धनमा नीतिगत तथा कानुनी व्यवस्थाका लागि सरकारले काम गरिरहेको उल्लेख गर्दै बस्नेतले विद्युतीय गाडी नेपालमै उत्पादन गर्नका लागि लगानीकर्तालाई आकर्षित गर्न कार्य भइरहेको बताए।

आन्तरिक रूपमा विद्युत् खपत बढाउने महत्त्वपूर्ण क्षेत्र यातायात भएको उल्लेख गर्दै ऊर्जासचिव घिमिरेले विद्युतीय सवारीसाधनको प्रयोगले प्रतिव्यक्ति ऊर्जा खपत बढाउन सहयोग पुग्ने बताए। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रवर्द्धन गर्न चार्जिङ स्टेसन स्थापना गरिएको बताए।

विद्युतीय सवारी साधन पेट्रोलियम पदार्थबाट चल्नेभन्दा १५-२० गुणा सस्तो पर्ने उल्लेख गर्दै घिसिङले यसबाट देशको वैदेशिक मुद्रा सञ्चितिमा पनि सकारात्मक योगदान पुग्ने बताए। यस्तै, एसियाली विकास बैंककी दक्षिण एसिया ऊर्जा महाशाखा प्रमुख सुजाता गुप्ताले कार्बनउत्सर्जन घटाउने यातायात महत्वपूर्ण क्षेत्र भएकाले विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने पूर्वाधार निर्माणमा जोड दिइन।

■ कस्तो छ चार्जिङ स्टेसन ?

हरेक चार्जिङ स्टेसनमा १४२ किलोवाट क्षमताको चार्जर, त्यसमा विद्युत् आपूर्तिका लागि ५० केभिएको ट्रान्सफर्मर,अनलाइन विलिङ प्रणालीको जडान गरिएको छ। चार्जिङ स्टेसनमा छिटो चार्ज गर्न मिल्ने ६०-६० किलोवाटका डिसी र २२ किलोवाटका एसी चार्जरहरू राखिएका छन्। यसबाट ठूला बससहित तीन वटा सवारीसाधनले एकसाथ चार्ज गर्न सकिने छ। चार्जिङ स्टेसन निर्माण आपूर्ति, जडान, परीक्षण,सञ्चालन र मर्मतसम्भारका लागि वाङवाङ डिजिटल इनर्जी कर्पोरेसन लिमिटेड, जियाङ्सू, चीनसँग ३७ करोड ७९ लाख ५५ हजार रुपैयाँमा (करबाहेक) ठेक्का सम्झौता भएको थियो।

सञ्चालनमा आएको ५ वर्षसम्म चार्जिङ स्टेसनको मर्मतसम्भार ठेकेदार कम्पनीले नै गर्ने छ। ३ सयभन्दा बढी चार्जरलाई सेवा दिन सक्ने गरी प्राधिकरणको डाटा सेन्टरमा चार्जिङ स्टेसनको सफ्टवेयर राखिनेछ। ५१ वटै स्टेसनको कन्ट्रोल काठमाडौंबाट हुनेछ। सवारीसाधनको चार्ज गरिसकेपछि ग्राहकले क्युआर कोड र मोबाइल एपमार्फत बिलको भुक्तानी गर्न सक्नेछन्।

■ कति लाग्छ शुल्क ?

चार्ज गर्दा कारहरूमा औसत ७० पैसा, एसयुभीहरूमा ८० पैसा, माइक्रोबसमा ९० पैसा र बसहरूमा एक रुपैयाँ २० पैसा प्रतिकिलोमिटर खर्च लाग्नेछ। व्याट्री क्षमताअनुसार कम्तीमा आधा घन्टादेखि एक घन्टासम्ममा चार्ज पूर्ण हुन सक्छ। आन्तरिक रूपमा विद्युत्को खपत बढाउन, पेट्रोलियमको खपत कम गराउन, वातावरणमैत्री यातायात प्रणालीको विकासका चार्जिङ स्टेसन स्थापना गरिएको हो।

■ कहाँ कति चार्जिङ स्टेसन

स्थान (जिल्ला)	सङ्ख्या
धार्के (धादिङ)	२
मुग्लिङ (चितवन)	१
साझा सेवा बल्खु (काठमाडौं)	२
साझा सेवा पुल्चोक (ललितपुर)	१
नेपाल विद्युत् प्राधिकरण, रत्नपार्क (काठमाडौं)	१
नेपाल पुलिस क्लब, भृकुटीमण्डप (काठमाडौं)	१
पारस बसपार्क (चितवन)	२
खुर्कोट (सिन्धुली)	२
सिन्धुली बसपार्क (सिन्धुली)	१
इलाका प्रहरी कार्यालय बर्दिवास (महोत्तरी)	२
हरिवन (सर्लाही)	२
इनरुवा बसपार्क (सुनसरी)	१
प्रहरी पेट्रोल पम्प, लाहान (सिराह)	२
कालिका फ्युल सेन्टर, मालेपाटन, पोखरा (कास्की)	२
पर्यटक बसपार्क पोखरा (कास्की)	१
दमक बसपार्क (झापा)	२
बेलका नगरपालिका (उदयपुर)	२
बिर्तामोड बसपार्क (झापा)	२
सुर्खेत बसपार्क (सुर्खेत)	२
हेटौडा, रातमाटे (मकवानपुर)	२
विद्युत् प्राधिकरण तालिम केन्द्र खरिपाटी (भक्तपुर)	१
प्रहरी पेट्रोल पम्प, सामाखुसी (काठमाडौं)	२
बेगनास ताल, पोखरा (कास्की)	१
बुटवल बसपार्क (रुपन्देही)	२
इटहरी (सुनसरी)	१
विराटनगर (मोरङ)	१
कोहलपुर नयाँ बसपार्क (बाँके)	२
धनगढी (कैलाली)	२
त्रिशूली हावा घर (नुवाकोट)	१
बङ्गार, त्रिशूली (नुवाकोट)	१
कुश्मा (पर्वत)	१
लमही बसपार्क (दाङ)	२
लम्की (कैलाली)	१

स्रोत : नेपाल विद्युत् प्राधिकरण

क्यानले ल्यायो साढे ३७ अर्बको बजेट

नयाँ पत्रिका

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले चालू आर्थिक वर्षका लागि ३६ अर्ब ६६ करोडको बजेट ल्याएको छ। मंगलबार बसेको सञ्चालक समिति बैठकले चालू आवका लागि बजेट, नीति तथा कार्यक्रम पास गरेको हो। चालू आर्थिक वर्षको बजेट अघिल्लो आवको भन्दा पाँच अर्ब कम छ।

क्यानले विमानस्थललगायतका हवाई पूर्वाधार निर्माणका लागि १९ अर्ब पुँजीगत बजेट विनियोजन गरेको छ। यस्तै, चालू खर्चतर्फ सात अर्ब र वित्तीय व्यवस्थातर्फ १० अर्ब ६६ करोड विनियोजन गरिएको छ। ठूला पूर्वाधार आयोजना भैरहवाको गौमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको हुनाले क्यानले बजेट घटाएको हो।

चालू आर्थिक वर्षमा देशभरका विमानस्थल सञ्चालनबापत १५ अर्ब ८८ करोड रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको छ। गत आर्थिक वर्षमा क्यानले करिब साढे १३ अर्ब आम्दानी गरेको थियो। दुई ठूला विमानस्थलसमेत सञ्चालनमा आइसकेको हुँदा क्यानले वार्षिक आम्दानी १० प्रतिशतले बढाएर करिब १६ अर्बको लक्ष्य तोकेको हो। बजेटमा कर्मचारीलाई बोनसदेखि सरकारलाई लाभांश वितरण गर्नसम्म रकम विनियोजन गरिएको छ।

चालू बजेटमा देशैभरका आन्तरिक विमानस्थलको स्तरोन्नतिलाई प्राथमिकतामा राखिएको छ। नयाँ आयोजना निर्माण थालनीभन्दा पनि निर्माणाधीन अवस्थामा रहेका आयोजनालाई अगाडि बढाउने नीति बजेटले लिएको छ।

क्यानले भरतपुर, नेपालगन्ज, विराटनगर र भोजपुर विमानस्थलको स्तरोन्नति सुरु गरेको छ। भरतपुर, नेपालगन्ज र विराटनगर विमानस्थलमा सुविधासम्पन्न टर्मिनल भवन निर्माण चालू आवमै ५० प्रतिशत सम्पन्न गर्ने लक्ष्य लिइएको छ। यस्तै, भरतपुर विमानस्थलमा एटिआर ७२ जहाज अवतरण गर्न सक्ने गरी विस्तारको योजना बजेटमा छ। भरतपुर विमानस्थलमा अहिले एटिआर ४२ जहाज अवतरण गर्न सक्छ। हवाई क्षमता अभिवृद्धि आयोजनाअन्तर्गत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)मा स्तरोन्नतिको कामलाई तीव्रता दिइने भएको छ। त्रिभुवन विमानस्थलमा भइरहेको पार्किङ एप्रोन, प्यारालल ट्याक्सी वे, ह्यांगर एप्रोन निर्माणलगायत काम तीव्रताका साथ अगाडि बढाउने भनिएको छ। बाराको निजगढमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि आवश्यक पूर्वतयारीका काम र लगानी तथा निर्माण मोडालिटीसम्बन्धी काम टुंग्याउने नीति लिइएको छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सुरु गर्नुलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पनि अवसर र चुनौतीका रूपमा लिएको छ।

बजेटले हवाई सुरक्षा अभिवृद्धिलाई प्राथमिकतामा राखेको छ। जसअन्तर्गत विभिन्न विमानस्थलमा उड्डयन उपकरण, सुरक्षा उपकरण र सञ्चारसम्बन्धी उपकरण जडान गरिनेछ। स्टल उडानमा मौसमी जानकारी गराउने इन-रुट वेदर क्यामेरा जडानदेखि चरा धपाउने उपकरणसमेत राख्ने लक्ष्य लिइएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

फेरि बढ्न थाल्यो पेट्रोलियम पदार्थको खपत

गत आवमा २७ अर्ब रुपैयाँले पेट्रोलियम पदार्थको आयात घटेको थियो


अजित अधिकारी/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०७९/८० मा उच्च दरले घटेको पेट्रोलियम पदार्थको खपत चालू आव ०८०/८१ को पहिलो महिनाबाटै बढ्न थालेको छ। नेपाल आयल निगम लिमिटेडको तथ्यांकअनुसार गत आवमा ग्यासको खपत १०.४० प्रतिशतले वृद्धि हुनुबाहेक अन्य पेट्रोलियमको खपत घटेको थियो। निगमका अनुसार गत आवमा पेट्रोल ८.२६ प्रतिशत, डिजेल १९.७६ प्रतिशत, मट्टीतेल २५.३१ प्रतिशत र हवाई इन्धन ३.९८ प्रतिशतले आयात घटेको थियो। तर, चालू आवको साउनमा अघिल्लो महिनाको सोही अवधिको तुलनामा पेट्रोल ६.८४ प्रतिशत, डिजेल ७.८६ प्रतिशत, मट्टीतेल ५२.७२ प्रतिशत, हवाई इन्धन ११.७२ प्रतिशत र ग्यास ९.११ प्रतिशतले आयात बढेको छ।

गत आवको साउनमा पेट्रोल ५४ हजार आठ सय ७६ किलोलिटर, डिजेल ७९ हजार तीन सय ४२ किलोलिटर, मट्टीतेल पाँच सय २० किलोलिटर, हवाई इन्धन ११ हजार तीन सय ५२ किलोलिटर र ग्यास ४१ हजार चार सय ७० किलोलिटर आयात भएको थियो। चालू आवको साउनमा पेट्रोल ५८ हजार नौ सय आठ किलोलिटर, डिजेल ८६ हजार एक सय १७ किलोलिटर, मट्टीतेल ११ सय किलोलिटर, हवाई इन्धन १२ हजार आठ सय २४ किलोलिटर र ग्यास ४५ हजार ६ सय ३१ किलोलिटर आयात भएको निगमले जनाएको छ।

निगम प्रवक्ता मनोज ठाकुरले गत आवको तुलनामा यो वर्ष मूल्य कम भएका कारण खपत बढेको प्रारम्भिक विश्लेषण भएको बताए। 'गत आवमा अन्तर्राष्ट्रिय भाउ निकै उच्च भएकाले नेपाली बजारमा पनि मूल्य धेरै थियो, जसकारण खपत केही कम हुनपुगेको थियो,' उनले भने, 'चालू आवमा भने तुलनात्मक मूल्य कम छ। जसकारण खपत बढेको हाम्रो बुझाइ छ।'

प्रवक्ता ठाकुरले भनेजस्तै गत आवको साउनको तुलनामा यो वर्ष पेट्रोलियमको मूल्य घटेको छ। गत वर्ष साउनमा पेट्रोल एक सय ८१ रुपैयाँ, डिजेल र मट्टीतेल समान एक सय ७२ रुपैयाँ



र आन्तरिक हवाई इन्धन एक सय ९० रुपैयाँ प्रतिलिटर थियो। बाह्य हवाई इन्धन १.६४ डलर प्रतिलिटर र खाना पकाउने ग्यास एक हजार आठ सय रुपैयाँ प्रतिसिलिन्डर थियो।

यो वर्ष साउनमा भने मूल्य घटेर पेट्रोल एक सय ७०, डिजेल र मट्टीतेल समान एक सय ५० रुपैयाँ, आन्तरिक हवाई इन्धन एक सय ३६ रुपैयाँ प्रतिलिटर कायम भएको थियो। त्यस्तै, बाह्य हवाई इन्धन १.०३५ डलर प्रतिलिटर र खाना पकाउने ग्यास एक हजार ६ सय ६० रुपैयाँ प्रतिसिलिन्डर थियो। यसरी मूल्यमा ठूलो कमी आएकाले खपतमा वृद्धि भएको निगमको भनाइ छ। यद्यपि, भदौमा निगमले लगातार मूल्यवृद्धि गरेका कारण उपभोक्ता मारमा पर्न थालेका छन्।

निगमका अनुसार भारत र नेपालको मूल्य समान हुँदासमेत खपतमा वृद्धि भएको छ। गत वर्ष नेपालमा महँगो हुँदा मालवाहक ठूला सवारीसाधनले भारतमा इन्धन भर्ने गरेका थिए भने यो वर्ष साउनमा नेपालमा मूल्य केही सस्तो भएको हुँदा ठूला त्यस्ता गाडीले नेपालमै इन्धन भरेर जाने गरेका थिए। जसकारण खपतमा समेत सुधार आएको निगमको भनाइ छ।

निगमको तथ्यांकअनुसार गत आवमा कुल २७ अर्ब रुपैयाँले पेट्रोलियम पदार्थको खपत घटेको थियो। अघिल्लो आव ०७८/७९ मा तीन खर्ब आठ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएकोमा गत आव ०७९/८० मा भने दुई खर्ब ८१ अर्ब रुपैयाँको मात्रै आयात भएको थियो। चालू आवमा भने खपतदर वृद्धि हुने प्रारम्भिक अनुमान छ।

■ डिजेलको खपत हिस्सा नै घट्यो

पेट्रोलियमको कुल खपतमध्ये डिजेलको हिस्सा सबैभन्दा धेरै छ। आव ०७८/७९ सम्म डिजेलको खपत हिस्सा ५९ प्रतिशत थियो। तर, गत आव ०७९/८० मा डिजेलको खपत हिस्सा नै घटेर ५० प्रतिशतमा सीमित भएको निगमले जनाएको छ। त्यस्तै, २१ प्रतिशत हिस्सा ओगट्ने गरेको पेट्रोलको खपत हिस्सा बढेर २४ प्रतिशत पुगेको छ। खाना पकाउने एलपी ग्यासको खपत हिस्सा पनि १७ प्रतिशतबाट बढेर १९ प्रतिशत पुगेको छ।

पछिल्ला वर्षहरूमा हवाईजहाजमा यात्रा गर्नेको संख्या बढेसँगै हवाई इन्धनको पनि खपत बढेको छ। जसकारण यसको खपत हिस्सा ६ प्रतिशत पुगेको छ भने मट्टीतेलको खपत हिस्सा करिब एक प्रतिशत रहेको छ।

रकम नभई चेक दिएमा मात्र रिटर्न स्लिप दिन सुझाव

काठमाडौं/ नियतवश चेक काटेको अवस्थामा बाहेक रिटर्न स्लिप जारी गर्न नपाइने व्यवस्था गर्न महान्यायाधिवक्ता कार्यालयले सुझाव दिएको छ। नेपाल राष्ट्र बैंकले आयोजना गरेको बैंकिङ कसुरको अभियोजन समस्या र समाधान विषयक कार्यक्रममा नायब महान्यायाधिवक्ता टेकबहादुर घिमिरेले कार्यालयको तर्फबाट यस्तो सुझाव दिएका हुन्।

आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिएबाहेकको अवस्थामा समेत बैंकले चेक रिटर्न स्लिप जारी गर्ने गरेको विषयलाई प्रस्तुतिमा समस्याको रूपमा उठान गरिएको छ। हस्ताक्षर नमिलेको, रकम फरक परेको अवस्थामा बैंकले चेक रिटर्न स्लिप जारी गर्न नहुने कार्यालयको सुझाव छ।

■ राष्ट्र बैंकको एकीकृत निर्देशिकामाथि कानुनी प्रश्न

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गर्ने एकीकृत निर्देशिकामाथि महान्यायाधिवक्ताको कार्यालयले कानुनी प्रश्न उठाएको छ। केन्द्रीय बैंकले जारी गर्ने एकीकृत निर्देशिका बैंक तथा वित्तीय संस्थाको आन्तरिक प्रशासनिक वा कार्यविधिगत त्रुटिमाथि विभागीय कारबाहीको विषय हो वा फौजदारी कसुरअन्तर्गतको बैंकिङ कसुरजन्य कार्य हो यकिन हुन नसकेको कार्यालयको ठहर छ।

त्यस्तै, एकीकृत निर्देशिकाको कानुनी हैसियतमाथि नै प्रश्न उठाइएको छ। कार्यालयले बैंकिङ कसुरसम्बन्धी मुद्दाको अनुसन्धान गर्दा सम्पत्ति रोक्का राख्नुपर्ने सुझाव दिएको छ। सम्पत्ति रोक्का नराख्दा बिगो असुली गर्न समस्या भएको महान्यायाधिवक्ता कार्यालयले जनाएको छ।

■ बैंकिङ कसुरमा चेक बाउन्सको मुद्दा बढी

बैंकिङ कसुरमा चेक बाउन्सकै मुद्दा बढी हुने गरेको नेपाल प्रहरीको तथ्यांकले देखाएको छ। गत आवमा देशभर बैंकिङ कसुरमा १२ हजार १२८ वटा मुद्दा परेको छ। त्यसमा चेक बाउन्सको मात्रै १२ हजार ३० वटा छन्। अघिल्लो आव ०७८/७९ मा देशभर पाँच हजार ४१६ वटा बैंकिङ कसुरको मुद्दा परेको थियो। त्यसमा चेक बाउन्सको मात्रै पाँच हजार ३७० मुद्दा थिए। कोरोना महामारी, पछिल्लो समय देखिएको आर्थिक शिथिलतालगायतका कारण यस्तो मुद्दाको संख्या बढ्दै गएको प्रहरीहरू बताउँछन्।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा
गोप्य सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५(पन्ध्र) दिने सूचना
(प्रकाशित मिति २०८०/०५/२१, नयाँ पत्रिका)

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको घर कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरू, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरिने भएको हुँदा सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित संघ संस्थाले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असूली विभाग तथा नेपालगञ्ज, करकाँदो स्थित शाखा कार्यालयबाट प्राप्त हुने गोप्य सिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सोही विभाग तथा शाखा कार्यालयमा बुझाउन सक्नु हुनेछ। गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ। उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६ औं दिनमा **काठमाण्डौ स्थित धितोको हकमा बैंकको केन्द्रिय कार्यालय काठमाण्डौ स्थित ऋण असूली विभागमा तथा बाँके स्थित धितोको हकमा बैंकको शाखा कार्यालय नेपालगञ्ज, करकाँदोमा खोलिने छ**। (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। साथै लिलाम बिक्रीबाट बैंकको सम्पुण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तिय संस्था ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिकी सम्बन्धी प्रकिया तत्काले रद्द गर्न सकिने जानकारी गराईन्छ।

तपसिल

सि.नं	ऋणीहरू तथा व्यक्तिगत जमानतकर्ताहरू को नाम, थर र वतन	धितोको विवरण
१.	**ऋणी:** श्री नर भक्त राइको नाती श्री टंक राईको छोरा खोटाङ जिल्ला, पुरानो गाँउ वडा नं. ४, जाल्पा स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज वडा नं.२, न्युरोड बस्ने वर्ष ३६ को **श्री कन्चन राई** (ना.प्र.न.१३०४८/१७१, जारी मिति २०६०।११।०५, जि.प्र.का. खोटाङ)	श्री कन्चन राईको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला कारकाँदो वडा नं.४ स्थित कित्ता नं. ३९१ को क्षे.फ/ब.मि ०–०–१८.२५–०(बिघा)/ ३०८।९७ ब.मि.को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
२.	**ऋणी:** श्री परिचन शाहको नातीनी, श्री चिरन्जीव शाहको छोरी कृष्ण बहादुर के.सीको बुहारी, गेहेन्द्र बहादुर के.सी.को श्रीमती बाँके जिल्ला, नेपालगञ्ज वडा नं. १६, मुक्तीपुर स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज वडा नं. १० शिद्धार्थटोल बस्ने वर्ष ४३ की **श्री रजनी शाह के.सी.** (ना.प्र.न. ३९६९५१६३, धनुषा, जारी मिति २०५५/०२/०८, जि.प्र.का. बाँके)	श्री रजनी शाह के.सीको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला नेपालगञ्ज वडा नं. १३ स्थित कित्ता नं. १३८ को ब.मि ३५८।०० (ब.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
३.	**ऋणी:** श्री छविलाल बस्नेतको नाती, श्री खुस बहादुर बस्नेतको छोरा दाङ जिल्ला, उरहरी वडा नं. २, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, थानकोट महादेवस्थान, वडा नं. १, गुर्जुधारा बस्ने वर्ष ५१ को **श्री तेज बहादुर बस्नेत** (ना.प्र.न. ९१६/१४२५, जारी मिति २०४६।११।०८, जि.प्र.का. दाङ)	श्री तेज बहादुर बस्नेतको नाममा मालपोत कार्यालय काठमाण्डौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला थानकोट महादेवस्थान वडा नं.१ स्थित कित्ता नं. ९६५ को क्षे.फ/ब.मि ०–२–३–० (आना)/ ८७।४४ ब.मि. को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी शर्तहरू:

१. बोलपत्र आह्वान तथा लिलाम बिक्रिको सूचना प्रकाशित भएको १६ औं दिन अर्थात मिति २०८०/०६/०५ शुक्रबारका दिन दिनको ठीक ११.०० बजे **काठमाण्डौ स्थित धितोको हकमा बैंकको केन्द्रिय कार्यालय काठमाडौं स्थित ऋण असूली विभागमा तथा बाँके स्थित धितोको हकमा बैंकको शाखा कार्यालय नेपालगञ्ज, करकाँदोमा खोलिने छ**। बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/ वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहबरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षी अनुपस्थित हुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन।

२. बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

३. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रक्रिया रोक्का वा बदर हुनेछ। बोलपत्र सदर भएपश्चात ऋणीले सम्पुर्ण रकम बूझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नु पर्ने भएमा बोलपत्र रद्द गरी सम्पुर्ण रकम फिर्ता गर्न सकिनेछ।

४. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

EXPRESSION OF INTEREST

Himalayan Bank Limited invites sealed application from the creative Advertising Agencies/Companies with proven track records in assisting Bank and Financial Institutions in order to enhance Brand Image and Brand Recall Value.

Interested Companies/Firms are required to download the Request For Quotation (RFQ) Document form from the Bank's website (https://www.himalayanbank.com/en/publication-en) or obtain the form from HBL Head Office, Kamaladi.

Eligibility Criteria:

- The firm/company should have at least 5 years experience from registration date.
- The firm/company should have proven past record of working with any Bank and Financial Institutions.
- The firm/company should have required expertise of handling the social media platforms.
- The firm/company should have average annual turnover of at least NPR 30.00 Million in last Fiscal Year.

Necessary Documents for Submission:

The interested advertising agencies/companies are required to submit the duly notarized copies of below mentioned documents in the sealed envelop:

- Duly signed and stamped RFQ Form
- Company/Firm Registration Certificate
- Memorandum of Association (MOA) and Article of Association (AOA)
- PAN/VAT Registration Certificate
- Latest Tax Clearance Certificate
- Updated Director's Register
- Updated Shareholder's Register
- Renewed Registration Certificate

The last date of submission of the sealed documents is September 21, 2023 (Ashwin 04, 2080) within office hours and should be submitted to HBL Head Office, Kamaladi. The applications after the deadline shall not be accepted. The Bank reserves the right to accept or reject the application fully or partially without assigning any reason whatsoever. Only the shortlisted agencies shall be called for the presentation.

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

General Administration Department
Himalayan Bank Limited
Corporate Office, Kamaladi, Kathmandu
Phone No.: 01-4246218/19, POB: 20590

लुम्बिनी गुरुयोजनाका काम एक महिनाभित्र सम्पन्न गर्न निर्देशन

भैरहवामा **दिपेश पछाई**



पटक-पटक ताकेता गर्दा पनि निर्माण व्यवसायीले अटेर गरेपछि लुम्बिनी गुरुयोजना क्षेत्रका निर्माणलाई एक महिनाभित्र सक्न लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले निर्माण कम्पनीलाई निर्देशन दिएका छन् । सम्झौता अवधिभित्र सन्तोषजनक काम नभएपछि लुम्बिनी गुरुयोजना क्षेत्रका निर्माणाधीन सडक, पार्किङ, गेट एवं विद्युत् पोल र सडकबत्तीको बुधबार निरीक्षण एवं अनुगमनपछि उपाध्यक्ष डा. लामाले एक महिनाभित्र काम सम्पन्न गर्न निर्देशन दिएका हुन् ।

उपाध्यक्ष डा. लामाले केही हप्ताअगाडि निर्माण व्यवसायीहरूलाई बोलाएर काम छिटो गर्न निर्देशन दिएका थिए । निर्देशन दिएको दुई हप्तामा पनि फिल्डमा काम गर्ने मान्छे नभेटिएपछि बुधबार अनुगमन गर्दै फिल्डबाटै एक महिनाभित्र सम्झौता भएका काम सम्पन्न गर्न निर्देशन दिएका हुन् । उपाध्यक्ष डा. लामाले विश्वका बौद्धमार्गीहरूको आस्थाको केन्द्र लुम्बिनीको निर्माणाधीन अधुरो सडकका कारण सास्ती पाएकाले हेलचेक्र्याइँ नगर्न निर्माण कम्पनीलाई यसअगाडि नै सचेत गराएका थिए ।

लुम्बिनी गुरुयोजनाअन्तर्गत दुई वर्षअघि ४४ किमि ड्रेन, १३ किमि सडक कालोपत्रे, १२ किमि सडक ब्लक, आठवटा गेट र २२ सय पोल लगायतका सडकबत्ती निर्माणका लागि छुट्टाछुट्टै चार निर्माण व्यवसायीले ठेक्का सम्झौता गरी काम गरिरहेका छन् । तर, सम्झौताको म्याद सकिनै लाग्दा पनि निर्माण कार्य आधा पनि हुन नसकेपछि उपाध्यक्ष डा. लामा आफैं फिल्डमा गएर निर्माण कार्यको अनुगमन गरेका हुन् ।

उपाध्यक्षसहित स्थलगत निरीक्षण एवं अनुगमनमा सदस्यसचिव सानुराजा शाक्य, योजना प्रमुख सरोज भट्टराई, कार्यकारिणी सदस्य नेत्र शाही, परिषद् सदस्य गोपीकृष्ण शर्मासहितको टोली सहभागी थियो । निर्माण व्यवसायीसँग पहिलो चरणको ठेक्का सम्झौता सकिनै लाग्दा पनि कामको गति नबढेकाले एक महिनाभित्र भौतिक प्रगति बढाउनुपर्ने र वाहानाबाजी गरेमा म्याद थप नगर्ने उपाध्यक्षले चेतावनी दिए ।

'यो पवित्र भूमि हो, बुद्धको जन्मस्थलमा पवित्र भावनाले काम गर्नुहोस्,' निर्माण व्यवसायीलाई भने, 'अब जेसुकै वाहना गरे पनि हामीले छोड्दैनौं, एक महिनाभित्र नतिजा ननिकाले कोषले अन्य कदम चाल्छ ।' उनले काममा सुधार नगरे ठेक्का सम्झौता नै रद्द गर्न सक्ने चेतावनी दिएका छन् ।

निर्माण कम्पनीले तोकिएको समयमा काम नगरेको पाइएकाले कोषले सचेत गराएको सदस्यसचिव सानुराजा शाक्यले बताए । त्यस्तै, योजना प्रमुख सरोज भट्टराईले कोषले यसअघि पनि पटक-पटक सचेत गराएको र अहिले उपाध्यक्षले एक महिनाभित्र भौतिक प्रगति हासिल गर्ने गरी काम गर्न निर्माण व्यवसायीलाई निर्देशन भएको बताए । कोषका अनुसार चारवटा निर्माण व्यवसायीमध्ये २ वटाले ५० देखि ५५ प्रतिशत र २ वटाको २८ प्रतिशत मात्रै भौतिक प्रगति देखिएको छ ।

ठेक्का सम्झौता लुम्बिनी अनक खड्का कृष्ण जेभी, लामा एपेक्स कमलजित जेभी, रमन गजुरमुखी रामजानकी जेभी र खानी अर्घाखाँची बाबुल जेभीसँग लुम्बिनी विकास कोषले गुरुयोजनाअन्तर्गतका विभिन्न कामका लागि अलग-अलग ठेक्का सम्झौता गरेको थियो ।

ईशान अस्पतालले सेवा विस्तार गर्ने



काठमाडौं/ ईशान बाल तथा महिला अस्पतालले स्थापनाको २८औं वार्षिकोत्सवको अवसर पारेर आफ्नो सेवा विस्तारको योजना सार्वजनिक गरेको छ । ०५२ सालमा ईशान नर्सिङ होमको नाममा १५ शय्याबाट सुरु भएको यस अस्पतालले अहिले एक सय बेडको सुविधासम्पन्न अस्पताल बनाउन सफल भएको र सेवालाई अझ विस्तार गर्ने योजना रहेको अस्पतालका निर्देशक प्रा.डा. रामनन्दनप्रसाद चौधरीले बताएका हुन् ।

अस्पताल आफ्नै सुविधासम्पन्न भवनमा सरेपछि सुविधा तथा क्षमता वृद्धि गर्दै बालरोग, बाल सर्जरी, बाल न्युरोलोजी, बाल कार्डियोलोजी, बाल नेफ्रोलाजी, बाल ग्यास्ट्रो इन्टेरोलोजीलगायत महिला तथा वयस्कका अन्य विशेषज्ञ सेवा विस्तार गरिसकेको जनाएको छ । हाल सामान्य बालरोग, स्त्री तथा प्रसूति ओपिडी सेवासमेत प्रदान गर्दै आइरहेकोमा छिट्टै पेडियाट्रिक बोनम्यारो प्रत्यारोपण सुरु गर्ने योजना रहेको उनले जनकारी दिए । उनले ईशान अस्पताल बिरामी र वातावरणमैत्री भएको उनको भनाइ छ । निकट भविष्यमा सय शय्याको सेवा-सुविधा विस्तार गर्ने योजना रहेको डा. चौधरीको भनाइ थियो । अहिले अस्पतालमा ८० जना विभिन्न विषयमा विषेशज्ञता भएका स्वाथ्यकर्मीबाट सेवा प्रवाह गरिरहेको अस्पतालले जनाएको छ ।

सल्लाघारीमा बिवाइडीको नयाँ सोरुम

काठमाडौं/ बिवाइडीले भक्तपुरको सल्लाघारीमा सुविधासम्पन्न नयाँ सोरुम सञ्चालनमा ल्याएको छ । कम्पनीले विमाई अटोमोबाइल्सको नाममा नयाँ सोरुम सञ्चालनमा ल्याएको हो ।



सोरुम उद्घाटन गर्दै विमाई अटोमोबाइल्सका प्रबन्ध निर्देशक नरेन्द्रकुमार रानाले ग्राहकमाझ बढ्दै गएको बिवाइडीको लोकप्रियतालाई मध्यनजर गरेर नयाँ सोरुम सञ्चालनमा ल्याएको बताए । ग्राहकहरूको बढ्दो मागलाई परिपूर्ति गर्दै निरन्तर गुणस्तरीय सेवा तथा सुविधा प्रदान गर्न बिवाइडी प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

नेपाली बजारमा विद्युतीय गाडीले राम्रो हिस्सा ओगटेको बिवाइडीले नयाँ इलेक्ट्रिक एसयुभी एटो थ्री सार्वजनिक गरेसँगै नयाँ सोरुम पनि सञ्चालनमा ल्याएको कम्पनीको भनाइ छ । बिवाइडीको गाडी चढ्ने हरेक ग्राहकको आवश्यकता पूरा गर्न विक्रेता सञ्जाल विस्तारलाई विशेष प्राथमिकता दिई अघि बढिरहेको कम्पनीले उल्लेख गरेको छ ।

अरुण तेस्रो प्रवेशमार्ग र पावरहाउसको काम पाँच दिनदेखि बन्द



संखुवासभामा **नवीन गुरुङ**

संखुवासभामा निर्माणाधीन नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत आयोजनाको पावरहाउस पुखुवा जाने प्रवेशमार्ग र पावरहाउसको सम्पूर्ण काम पाँच दिनदेखि बन्द छ ।

स्थानीय जग्गाधनीले मुआब्जा रकम माग गर्दै पावरहाउस पुखुवा जाने प्रवेशमार्ग र पावरहाउस गृह पुखुवाका सम्पूर्ण काम ठप्प पारेका हुन् । गत शनिबारदेखि अरुण तेस्रो प्रवेशमार्ग मुआब्जापीडित संघर्ष समितिले सम्पूर्ण काम र यातायात ठप्प पारे पनि जिल्ला प्रशासन कार्यालय र अरुण तेस्रो आयोजनाले भने कुनै प्रतिक्रिया जनाएको छैन । मुआब्जापीडित संघर्ष समितिका केन्द्रीय संयोजक जनीकुमार राईले माग सम्बोधन नभएसम्म वार्तामा पनि नबस्ने बताए । 'वार्ता र सहमति गर्न छलफल गऱ्यो, विनानिष्कर्ष टुंगिन्छ, मुआब्जाबापतको रकमचाहिँ आउँदैन । हाम्रो माग सम्बोधन हुनपऱ्यो,' राईले भने, 'स्थानीय जग्गाधनीलाई मुआब्जाबापतको रकम दिने भनेर निर्धारण भइसकेको मुआब्जा किन रोकियो, पटक-पटक भुक्याएकाले अब चुप लागेर बस्दैनौं, मुआब्जा तत्काले वितरण हुनुपर्छ ।'

खाँदबारी नगरपालिका-४ को छ्याङ्कुटी डाँडाबाट अरुण तेस्रोको कुनै पनि यातायातका साधान आयोजनास्थल जान दिएको छैन । सात वर्षदेखिको आन्दोलनपछि गत वैशाखमा मुआब्जा दर निर्धारण भए पनि पैसाचाहिँ नपाएको भन्दै स्थानीयहरू आन्दोलनरत छन् । पटक-पटकको मागलाई बेवास्ता गरेकाले सडकमा नै उत्रिनुपरेको स्थानीयहरू बताउँछन् ।

अरुण तेस्रो प्रवेशमार्गको खाँदबारी नगरपालिका-४ को छ्याङ्कुटी डाँडादेखि चिचिला गाउँपालिका-३ पुखुवा विद्युतगृहसम्म जाने २४ किमि सडकखण्डको तत्कालै मुआब्जा दिनुपर्ने उनीहरूको माग छ ।

गत ०८० वैशाख २६ गते छ्याङ्कुटी-दिदिङ सडकखण्डको छुट मुआब्जा जिल्ला प्रशासन कार्यालय संखुवासभाका प्रमुख जिल्ला अधिकारी संयोजक भएको मुआब्जा निर्धारण समितिले प्रतिरोपनी ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो । पहिलो चरणमा चार सय ५४ रोपनीको जम्मा ५३ करोड ७४ लाख ५० हजार रुपैयाँ बजेट निकासीका लागि लगानी बोर्डलाई पत्राचार गरेको थियो । तर, सरकारले रकम बाँड्न सकेको छैन । अरुण तेस्रो विद्युत् आयोजनाको काम भारतीय कम्पनी सतलज एसजेभिएनले गरिरहेको छ । हालसम्म करिब ६५ प्रतिशत काम सम्पन्न भइसकेको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०५/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेकाे हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो वन्धक लेखिँदाएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा विक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ २८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नयाँ पर्सा, चितवनमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नेले भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोछ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. **ऋणीहरुको विवरण:**

क. महेन्द्र विक्रम ठकुरी/भगवती ठकुरीको छोरी, मान वहादुर कार्की/उमा माया कार्कीको बुहारी, लेख वहादुर कार्कीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साविक राप्ती न.पा. वडा नं.०२) वस्ने **सुनीता ठकुरी** (ना.प्र. नं. ३५-०१-७४-०६६७८, जारी मिति २०७४/०५/०४, जिल्ला प्रशासन कार्यालय चितवन) ।

ख. तुल वहादुर कार्की/तुला माया कार्कीको नाति, मान वहादुर कार्की/उमा माया कार्कीको छोरा, रमिना गुरुङको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साविक चैनपुर गा.वि.स. वडा नं.०६) वस्ने **शेर वहादुर कार्की** (ना.प्र.नं. ३५३०१५/८७४, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय चितवन)....१ र तुल वहादुर कार्की/तुला माया कार्कीको नाति, मान वहादुर कार्की/उमा माया कार्कीको छोरा, सुनीता ठकुरीको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साविक चैनपुर गा.वि.स. वडा नं. ०६) वस्ने **लेख वहादुर कार्की** (ना.प्र.नं. ३५१०१५/११७७, जारी मिति २०६८/१०/१५, जिल्ला प्रशासन कार्यालय चितवन)....१ समेत २

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तुल वहादुर कार्की/तुला माया कार्कीको नाति, मान वहादुर कार्की/उमा माया कार्कीको छोरा, सुनीता ठकुरीको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साविक चैनपुर गा.वि.स. वडा नं. ०६) वस्ने **लेख वहादुर कार्की** (ना.प्र.नं. ३५१०१५/११७७, जारी मिति २०६८/१०/१५, जिल्ला प्रशासन कार्यालय चितवन) ।

२. मान वहादुर गुरुङ/स्याममाया गुरुङको नातिनी, धन वहादुर गुरुङ/सितामाया गुरुङको छोरी, मान वहादुर कार्की/उमा माया कार्कीको बुहारी, शेर वहादुर कार्कीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साविक चैनपुर गा.वि.स. वडा नं. ०६) वस्ने **रमिना गुरुङ** (ना.प्र.नं.०३४१५०, जारी मिति २०६३/११/०१, जिल्ला प्रशासन कार्यालय चितवन) ।

३. तुल वहादुर कार्की/तुला माया कार्कीको नाति, मान वहादुर कार्की/उमा माया कार्कीको छोरा, रमिना गुरुङको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साविक चैनपुर गा.वि.स. वडा नं.०६) वस्ने **शेर वहादुर कार्की** (ना.प्र.नं. ३५३०१५/८७४, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय चितवन) ।

४. महेन्द्र विक्रम ठकुरी/भगवती ठकुरीको छोरी, मान वहादुर कार्की/उमा माया कार्कीको बुहारी, लेख वहादुर कार्कीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साविक राप्ती न.पा. वडा नं.०२) वस्ने **सुनीता ठकुरी** (ना.प्र. नं. ३५-०१-७४-०६६७८, जारी मिति २०७४/०५/०४, जिल्ला प्रशासन कार्यालय चितवन) ।

लिलाम हुने सम्पतीको विवरण

१. **शेर वहादुर कार्की** र **लेख वहादुर कार्की**को संयुक्त नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ११६९ को क्षेत्रफल. ०-४-१८-० (विगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण**

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय वागमति प्रदेश, भरतपुर, चितवनमा मिति २०७८/०४/२५ मा प्रा.फ.द.नं. १७२/०७८/०७९ कायम भई दर्ता रहेको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **एडि एस चितवन पशुपालन फर्म** (प्रोप्राईटर सेतु मगरको नाति, डिल वहादुर मगर/वि माया मगरको छोरा, तारा कुमारी एक्चैको पति, चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०३ (साविक चैनपुर गा.वि.स. वडा.नं ०६) वस्ने **अक्कल वहादुर मगर** (ना.प्र.नं. ८०६९/०६२, जारी मिति २०६२/०१/०६, जिल्ला प्रशासन कार्यालय चितवन) ।

व्यक्तिगत जमानीकर्ताको विवरण :

१. खड्क वहादुर एक्चैको नातिनी, राम वहादुर एक्चै/सानु मगरको छोरी, डिल वहादुर मगर/वि माया मगरको बुहारी, अक्कल वहादुर मगरको पत्नी, सिन्धुली जिल्ला, वालाजोर गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ वस्ने **तारा कुमारी एक्चै** (ना.प्र.नं. २०१०३९/३२/२८५७, जारी मिति २०६४/०९/११, जिल्ला प्रशासन कार्यालय सिन्धुली)।

लिलाम हुने सम्पतीको विवरण

१. **अक्कल वहादुर मगर**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ६०५ र ५४२ को क्षेत्रफल क्रमश १६९७.११ र ५१२.८७ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० भदौ २७ गते** भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ २८ गते ०३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा नयाँ पर्सा, चितवनमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक विदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन विदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० भदौ २८ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँ पर्सा, चितवन फोन नं. ०५६-५८३३२६/२७

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/२१

यस फाइनान्सको शाखा कार्यालय नारायणगढ, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईं ऋणीले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ । सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाईं ऋणीको अन्य चल/अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ । साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाईं ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
नाम : निर्मल कुमार श्रेष्ठ बुवा : बन्धु राज श्रेष्ठ बाजे : शंकमान श्रेष्ठ ना. प्र. नं : ३७४३/०५५ मिति : २०५५/०३/२९, जि.प्र.का. चितवन ठेगाना : गीतानगर वडा नं ५, चितवन । हाल : भरतपुर म.न.पा.वडा नं. ६, चितवन ।	**नाम : अन्जु श्रेष्ठ** बुवा : राम श्रेष्ठ पति : निर्मल कुमार श्रेष्ठ ससुरा : बन्धु राज श्रेष्ठ ना.प्र.नं : ३७-०२-७०-०७३०५ मिति : २०७०/१०/२६, जि.प्र.का. रुपन्देही ठेगाना : देवदह वडा नं. ५, रुपन्देही हाल : भरतपुर म.न.पा.वडा नं. ६, चितवन ।
धितो सुरक्षणको विवरण	
मालपोत कार्यालय भरतपुर, चितवनमा निर्मल कुमार श्रेष्ठको नाममा दर्ता रहेको नारायणी अञ्चल, चितवन जिल्ला, पटिहानी वडा नं. ३ ख स्थित कि.नं. १७३१ क्षेत्रफल ६७७.२६ व.मी. को जग्गा तथा त्यसमा भए गरेको निर्माणहरु समेत ।	

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

सुदूरपश्चिममा बजार अनुगमन



कञ्चनपुरमा **मोहन विष्ट**

सुदूरपश्चिम प्रदेश सरकारले बजार अनुगमन सुरु गरेको छ । चाँडपर्वको पूर्वसन्ध्याको अवसर पारेर प्रदेश सरकारले बजार अनुगमन सुरु गरेको हो ।

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमातहत रहेको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले बजार अनुगमन सुरु गरेको छ । सोमबारदेखि कञ्चनपुरको भीमदत्त नगरपालिका महेन्द्रनगर बजारबाट अनुगमन सुरु गरिएको छ । उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक खेमराज चौधरीले बजारमा अखाद्य वस्तुको कारोकार गैरकानुनी रूपमा व्यवसाय सञ्चालन गरिएको गुनासो बढ्दै गएपछि प्रदेश सरकारले बजार अनुगमन सुरु गरेको बताए ।

प्रदेश सरकार एक्लैले भन्दा पनि सम्बन्धित जिल्ला प्रशासन, स्थानीय एवं अन्य सरोकारवाला सबै प्रतिनिधिको संयुक्त उपस्थितिमा बजार अनुगमन गरिएको निर्देशक चौधरीको भनाइ छ । 'यस वर्ष हामीले कञ्चनपुरको महेन्द्रनगरबाट बजार अनुगमन सुरु गरेका छौं,' निर्देशक चौधरीले भने, 'अब प्रदेशभरि निरन्तर बजार अनुगमन गर्छौं ।'

महेन्द्रनगरका पानी उद्योग, मार्ट, मिठाई पसल, खाद्यान्न पसल, ग्यास पसल, कस्मेटिक पसलको अनुगमन गरिएको उनले बताए ।

नर्देशक चौधरीले अनुगमनमका क्रममा म्याद सकिएका वस्तु बिक्री-वितरणका लागि राखिएको, प्रतिबन्धित पेय पदार्थ भारतबाट ल्याएको, विनाक्वारेन्टाइन खाद्य सामग्री ल्याएको, लेबल नराखेको, पसल दर्ताविनै पान, सूर्ति व्यवसाय सञ्चालन गरेकोजस्ता कैफियत भेटिएको बताए ।

'हामीले जहाँ जुन पसलमा कैफियत भेटायौं, त्यहाँ आवश्यक निर्देशन दिएका छौं,' निर्देशक चौधरीले भने, 'आज पहिलो दिन निर्देशनको पालनासमेत गराएका छौं, कसैलाई जरिवाना र कारबाही गर्नुपर्ने अवस्था आएन, महेन्द्रनगरमा व्यवसायी क्रमिक रूपमा सचेत भइरहेको पाइयो ।'

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य अनुसन्धान अधिकृत हरिसिंह बोहराले महेन्द्रनगरमा खाद्य उद्योग तथा पसलमा मानव स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सेवा बिक्री-वितरणका लागि राखिएको बताए । 'हामीले बजार अनुगमनका क्रममा मानव स्वास्थ्यका लागि हानिकारक र प्रतिबन्धित पेय पदार्थ, क्वारेन्टाइन प्रमाणित नगरेका वस्तु बिक्रीका लागि राखेको पाइयो,' उनले भने, 'ती सबै उद्योगी व्यवसायीलाई हामीले सचेत गराएका छौं ।'

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक खेमराज चौधरीले अब प्रदेश सरकारले नौवटै जिल्ला सदरमु

लुम्बिनीबाट एमालेमा...

पृष्ठ १ बाट क्रमशः

उम्मेदवार थिए । दुई सय पाँच सदस्यीय प्रदेश कमिटीमा पौडेलनिकट कँडेलकै बहुमत पुग्ने गरी ६० प्रतिशतभन्दा बढी सदस्य निर्वाचित भएका छन् ।

एमालेमा नवौं महाधिवेशनबाट ओली र माधव नेपाल समूह संस्थागत भएको थियो । अब भने ओलीका उत्तराधिकारी बन्न पौडेल र पोखरेलको नेतृत्वमा नयाँ गुटको उदय भएको राजनीतिक विश्लेषकको टिप्पणी छ । लुम्बिनी अधिवेशनको चुनावी प्रतिस्पर्धाबाट सुरु भएको ध्रुवीकरणले नौवटा प्रदेश अधिवेशन सकिँदासम्म आकार लिइसक्ने उनीहरूको बुझाइ छ ।

पार्टी राजनीतिका लागि विकल्प खुला राखेकी पूर्वराष्ट्रपति विद्या भण्डारीले पनि एमालेभित्रको नयाँ ध्रुवीकरणलाई नजिकबाट नियालिरहेको एमालेपंक्तिको बुझाइ छ । यद्यपि, प्रदेश अधिवेशनहरूका विषयमा सूचना लिनेबाहेक भण्डारीले रुचि राखेरै पौडेल र पोखरेल समूह कसैलाई सहयोग गरेकी छैनन् ।

'अब एमालेमा नयाँ ध्रुवीकरण अगाडि बढ्ने देखिन्छ, लुम्बिनी प्रदेशको अधिवेशनसँगै ध्रुवीकरणले आकार लिई नै सक्यो,' वाम राजनीतिक विश्लेषक झलक सुवेदीले नयाँ पत्रिकासँग भने, 'एमालेमा अरू प्रदेश अधिवेशनहरू पनि हुँदै छन्, ती सबै सकिँदासम्म ध्रुवीकरणले पूर्ण रूपमा आकार ग्रहण गरिसक्छ भन्ने मेरो बुझाइ छ ।'

१६ भदौमा अधिवेशनको उद्घाटन सत्रमा भाग लिएर १७ भदौमा काठमाडौं फर्किएका ओलीले उद्घाटन र बन्दसत्र दुवैलाई सम्बोधन गर्दै सहमतिबाटै नेतृत्व छान्न निर्देशन दिएका थिए । नेतृत्वले उद्घाटन मन्तव्यमा सार्वजनिक रूपमा पार्टी एकता बलियो बनाउन सहमतिमै जोड दिनु स्वाभाविक थियो । तर, बन्दसत्रलाई समेत सम्बोधन गरेर चुनावको सट्टा जसरी हुन्छ सहमति गर्न दिएको निर्देशनलाई धेरैजसो प्रतिनिधिले अस्वाभाविक मानेका थिए ।

प्रदेश इन्चार्ज सचिव पद्मा अर्याललाई पनि 'जसरी हुन्छ सहमति गर्न' ओलीले निर्देशन दिएका थिए । त्यसपछि पदाधिकारी तहका नेताको साथ लिएर सहमतिको प्रयास गरेकी थिइन्, जसले गर्दा अधिवेशन लम्बिएको थियो । पूर्वनिर्धारित कार्यतालिकाअनुसार १७ भदौमै अधिवेशन सम्पन्न हुनुपर्ने थियो । तर, सहमति नभई चुनावी बाटोमा गएसँगै तीन दिन लम्बिएर २० भदौमा मात्र सम्पन्न भएको थियो ।

अधिवेशनबाट चुनावी प्रतिस्पर्धाबाटै नेतृत्व छानिँदा पार्टीलाई नियन्त्रणमा राख्ने ओली प्रयास असफल भएको सुवेदीको भनाइ छ । 'यसले दुई कुरा देखाएको छ । एउटा- एमालेमा अहिले पनि कार्यकर्ता लोकतान्त्रिक विधि र पद्धतिप्रति आकर्षित छन् र त्यसप्रति विश्वास गर्छन् भन्ने देखाउँछ । दोस्रो- एमालेको नेतृत्वमा जोसुकै आएर निश्चित समय नियन्त्रणमुखी बाटोमा पार्टीलाई लैजान चाहे पनि त्यो सम्भव छैन है भन्ने सन्देश दिएको छ,' सुवेदीले भने, 'नेतृत्वको निर्देशनभन्दा पनि फरक जान सकिन्छ भनेर कार्यकर्ताले बोलेका छन् । ओलीले भन्दैमा डराएर जे भन्यो त्यही मान्ने स्थिति छैन भन्ने पनि यसले देखाउँछ, यो एमालेभित्रको धेरै सकारात्मक पाटो हो ।'

इन्चार्ज अर्याल भने लुम्बिनीमा प्यानल प्रतिस्पर्धाजस्तो देखिए पनि त्यो अस्थायी मात्र भएकाले आन्तरिक ध्रुवीकरणमा प्रभाव नपार्ने दाबी गर्छिन् । 'प्यानलजसरी चुनाव भएर नेतृत्व निर्वाचित भए पनि त्यो अस्थायी हो । धेरै इन्ट्रेस्टेड साथीहरू भएपछि उहाँहरूलाई चुनावबाटै जितिन्छ कि भन्ने लाग्नु स्वाभाविक थियो, त्यस हिसाबले नै उहाँहरू बाँडिएर जानुभो । तर, अध्यक्षबाहेक पदाधिकारीको अन्य पदमा दुईजनाभन्दा बढीकै उम्मेदवारी भएकाले शिरदेखि तीरसम्म प्यानल चुनाव भएन,' अर्याललले नयाँ पत्रिकासँग भनिन्, 'अध्यक्ष दुईजना हुँदा प्यानलजस्तो देखिए पनि सचिव निर्विरोध निर्वाचित हुनुभो, उपाध्यक्ष र उपसचिवमा चार-पाँचजनाको उम्मेदवारी थियो, त्यसैले ठ्याक्कै प्यानल होइन, कोही प्यानल, कोही स्वतन्त्र व्यक्तिगत प्रतिस्पर्धाबाटै जित्नुभो ।'

सहमतिका लागि कोसिस गर्दागर्दै उम्मेदवारहरूले नै प्रतिस्पर्धा चाहँदा अनुमति दिँदैमा नयाँ गुट जन्मियो भन्न नमिल्ने दाबी गर्दै अर्यालले पदाधिकारीसहित कमिटीको बहुमत सदस्य सर्वसम्मत विधिबाटै निर्वाचित भएको पनि बताइन् । 'उहाँहरूले चाहेको बाटो पार्टीले अनुमति दिँदैमा अमूक नेतासँग जोडेर स्थायी गुट बन्यो भन्न मिल्दैन । हामीले सहमति र चुनाव दुवै विधि अपनायौं, दुई सय पाँच सदस्यीय कमिटीमध्ये सचिवसहित करिब डेढ सय सदस्य सहमतिमै निर्वाचित गर्‍यौं, त्यस हिसाबले अधिवेशनमा सहमति र प्रतिस्पर्धाको दुवै विधि अपनाउँदा पार्टीको आन्तरिक जीवनमा हार्दिकताको सन्देश पनि दिएको छ ।'

पौडेल र पोखरेल दुवैलाई एमालेभित्र ओलीको उत्तराधिकारीका रूपमा समेत हेरिएको छ । मंसिर ०७८ मा चितवनमा सम्पन्न १०औं महाधिवेशनमा दुवैजना महासचिवको दौडमा थिए । दुवैजना महासचिवमा भिड् दा त्यतिबेलै पार्टीभित्र ११औं महाधिवेशनलक्षित नयाँ ध्रुवीकरणको संकेत गर्न सक्ने आकलन गरिएपछि ओलीले पौडेललाई उपाध्यक्ष र पोखरेललाई महासचिवमा मनाएर व्यवस्थापन गरेका थिए ।

पौडेल र पोखरेललाई एउटै पदमा प्रतिस्पर्धाबाट रोकिएपछि ओलीले पार्टीविरुद्ध घेराबन्दी रहेको मनोविज्ञान खडा गरेर १०औं महाधिवेशन सर्वसम्मत बनाउन अन्तिमसम्म कोसिस गरेका थिए । यद्यपि, ओलीको प्रयास सफल भएन । तत्कालीन उपाध्यक्ष भीम रावलले ओलीविरुद्ध अध्यक्षमा उम्मेदवारी दिए तर, मैदानमा रहेका लुम्बिनीबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरू नै भित्री रूपमा कँडेल र रिजाल जिताउने अभियानमा सक्रिय बने । उपमहासचिव प्रदीप ज्ञवालीले रिजाललाई साथ दिए भने सचिवद्वय गोकर्ण विष्ट र छविलाल विश्वकर्माको साथ कँडेलले पाए । इन्चार्ज पद्मा अर्याल मात्र तटस्थ भूमिकामा देखिइन् । यद्यपि, उनी पनि आन्तरिक समीकरणमा पौडेलनिकट मानिन्छिन् । उपाध्यक्ष युवराज ज्ञवाली भने कतै खुलेनन् ।

विश्लेषक सुवेदी पार्टीका धेरै सिनियर लिडर भएको लुम्बिनी प्रदेशमा भएको चुनावी प्रतिस्पर्धाले एमालेलाई धेरै लोकतान्त्रिक बनाउन नै मद्दत पुऱ्याउने बताउँछन् । 'लुम्बिनीको प्रतिस्पर्धा आशा गर्न लायक छ,' उनले भने ।

लुम्बिनीका १२ जिल्लामध्ये आठ जिल्लाबाट सर्वसम्मत प्रदेश सदस्य निर्वाचित भएका थिए भने रूपन्देहीबाट प्रतिनिधित्व गर्ने सदस्यमा मात्र पूर्ण निर्वाचन भएको थियो । बाँकी तीन जिल्लाका सदस्यमा भने आंशिक चुनाव भएको थियो ।

लुम्बिनीपछि एमालेमा क्रमशः ५ र ६ असोजमा मधेश, ८ र ९ असोजमा बागमती, १० र ११ असोजमा कर्णाली, १२ र १३ असोजमा कोशी तथा १५ र १६ असोजमा गण्डकी प्रदेशको अधिवेशन हुँदै छ । त्यस्तै, १९ र २० असोजमा उपत्यका विशेष र २१ र २२ असोजमा सुदूरपश्चिम प्रदेशको अधिवेशन हुँदै छ ।

अहिलेसम्म केन्द्रीय सम्पर्क समन्वय कमिटीको मात्र अधिवेशन तोकिएको छैन । लुम्बिनीमा पौडेल र पोखरेल समूहबीच आमने-सामने प्रतिस्पर्धा भएकाले अन्य प्रदेशमा पनि उनीहरूकै समूहबीचको प्रतिस्पर्धा पेचिलो बन्ने निश्चितजस्तै देखिएपछि एमाले पंक्ति तरंगित बनेको छ ।

लुम्बिनीको प्रभावसँगै बागमतीमा अन्तिममा महेश बस्नेत, कैलाल ढुंगेल, केशव पाण्डे र खेम लोहनीमध्येबाट पोखरेल र पौडेलको रोजाइको उम्मेदवार हुने सम्भावना रहेको एमालेमा चर्चा छ । त्यस्तै, कोशीमा विनोद ढकाल, टीकाराम चेम्जोड, घनश्याम खतिवडा र तुलसी न्यौपानेमध्येकै उम्मेदवार बन्ने चर्चा छ ।

तत्कालीन मालेको चौथो महाधिवेशन हुँदै पाँचौं महाधिवेशनबाट एमालेले जबजलाई आत्मसात् गर्दै सुरु गरेको आन्तरिक जीवनको प्रतिस्पर्धा आकर्षणको विषय भए पनि १०औं महाधिवेशनपछि अध्यक्ष ओलीले नियन्त्रण गर्न खोज्दा लुम्बिनीबाट कार्यकर्ताले अस्वीकार गरेको सुवेदीको भनाइ छ । यसले पार्टीभित्र ओलीको पकड विस्तारै कमजोर बन्दै जाने संकेतका रूपमा बुझ्नुपर्नेसमेत उनको तर्क छ ।

'प्रजातान्त्रिक अभ्यासलाई नै जोड दिएर ०५९ देखि कमरेड केपी ओलीले एमालेमा बहस सिर्जना गर्दै निर्वाचित भएर जब उहाँ अध्यक्षमा निर्वाचित भएर पार्टी सत्तामा पुग्नुभो त्यसपछि बिस्तारै-बिस्तारै पार्टीलाई नियन्त्रित बनाउँदै, लोकतान्त्रिक स्पेस खुम्च्याउँदै आफ्नो इच्छाअनुसार मात्र चल्ने संस्था बनाउन खोज्नुभो, लुम्बिनीमा पनि सहमतिका नाममा कार्यकर्तालाई उर्दी जारी गर्नुभो जब कि त्यहाँ सार्वभौम प्रतिनिधि सहभागी थिए,' सुवेदीले भने, 'एमालेमा जबजले अगाडि सारेको पार्टी निर्माणसम्बन्धी अभ्यासलाई ओलीले उल्ट्याउने र नियन्त्रित अभ्यास गर्ने जुन अभ्यास गर्नुभएको थियो, त्यसले राम्रो बाटो लिएको थिएन । तर, एमालेभित्र विगत ३० वर्षयता भएका अभ्यासलाई लुम्बिनीका कार्यकर्तापंक्तिलाई भने लोकतान्त्रिक पद्धतिप्रति, पार्टीको लोकतान्त्रीकरणको प्रक्रियाप्रति चाहिँ एकदम आकर्षित गरिरहेको देखियो । किनभने पार्टी अध्यक्षको निर्देशनका बाबजुद लुम्बिनीका प्रतिनिधि प्रतिस्पर्धाको माध्यमबाट प्यानल बनाएर चुनावमा गएर आफ्ना नेता छनोट गर्ने विधितिर लागे ।'

त्यसलाई पार्टीभित्र ओलीको अपिल र पकड कमजोर बनेको अर्थमा पनि बुझ्न सकिने उनको भनाइ छ । 'जसरी ०७४ को आमनिर्वाचनमा उहाँको अपिलले काम गर्दा ओली कमरेड लोकप्रिय मत ल्याउन, पार्टीलाई जिताउन सक्षम हुनुहुन्थ्यो, त्यो स्थिति गएको स्थानीय, संसद् र प्रदेशको चुनावहरूले केही कमजोर भयो भन्ने सन्देश दिएको थियो । तर, लुम्बिनी अधिवेशनपछि अब पार्टीभित्र पनि ओलीको एकछत्र र नियन्त्रणले काम गर्दैन, ओलीका निर्देशनहरूमाथि प्रश्न उठाउने, चुनौती दिने र कार्यकर्ताहरू एक स्टेप अगाडि बढेर आफ्नो अधिकारको प्रयोग गर्ने ठाउँमा पुगे भन्ने सन्देश दिएको छ,' उनले भने, 'यसको अर्थ पार्टीभित्र पनि ओली क्रमशः कमजोर हुँदै गएको हो भन्ने सन्देश जान्छ ।'

कसलाई कति मत ?



१ हजार ५ प्रतिनिधिमध्ये ९ सय ६५ जनाले मतदान गरेका थिए । अध्यक्षमा पाल्पाका राधाकृष्ण कँडेलले ४ सय ७९ मत ल्याएर विजयी हुँदा प्रतिस्पर्धी प्युठानका हरि रिजालले ४ सय ७७ मत ल्याए । अध्यक्ष कँडेलसँगै उपाध्यक्षमा रुपन्देहीका भोजप्रसाद श्रेष्ठ, पुरुष उपसचिवमा रोल्पाका पूर्ण बुढामगर र महिला उपसचिवमा बर्दियाकी लीला रानामगर निर्वाचित भएका छन् । सचिव पदमा यसअघि नै दाङका लक्ष्मण आचार्य निर्विरोध निर्वाचित भएका थिए ।

निर्वाचितमध्ये पुरुष उपसचिवमा निर्वाचित रोल्पाका बुढामगर मात्र रिजाल प्यानलका हुन् । पदाधिकारीमा सचिवसहित भूगोलतर्फ १२ मध्ये ८ जिल्लाका सदस्य निर्विरोध निर्वाचित भएका थिए । पाँच पदाधिकारीमध्ये चार पदमा निर्वाचन भएको थियो । यसबाहेक भूगोलतर्फ रुपन्देही, गुल्मी, बाँके र दाङ जिल्ला गरी चार जिल्ला, लेखा कमिटी र प्रदेश खुलातर्फ मतदान भएको थियो ।

उपाध्यक्षमा निर्वाचित कँडेल पक्षका श्रेष्ठ ४ सय ५५ मत ल्याएर विजयी भएका छन् । उपाध्यक्षमा रुपन्देहीका विश्वराज बरालले ३०६, बाँकेका पूजन विश्वकर्माले ९८, रुकुमका शान्तकुमार वलीले ५६ मत ल्याएका थिए । बराल रिजाल समूहका हुन् । अन्य दुईजनाले छुट्टै उम्मेदवारी दिएर प्रतिस्पर्धा गरेका थिए । त्यस्तै, उपसचिव खुलामा बुढामगर ४ सय १८ मत ल्याएर निर्वाचित भएका छन् । उनीसँगै बाँकेका दुर्गाप्रसाद थारू चौधरीले ३९३, रोल्पाका उपेन्द्रलाल कामीले १ सय १० मत ल्याएका थिए । चौधरी कँडेल प्यानलबाट निर्वाचन लडेका थिए ।

महिला उपसचिवमा लीला रानामगर ३ सय ५२ मत ल्याएर विजयी भएकी छिन् । उनले रिजाल समूहकी वसन्ती अधिकारीलाई १ मतले पराजित गरेकी हुन् । यस्तै, लेखा समिति अध्यक्षमा कँडेल समूहकै दामोदर घिमिरे विजयी भएका छन् । उनले रिजाल समूहका विष्णुराज बिसीलाई २ सय ७ मत अन्तरले पराजित गरेका हुन् । लेखा समितिको उपाध्यक्षमा बैकुण्ठ महत निर्विरोध निर्वाचित भएका थिए । मतदानमा ९ सय ६५ मत खसेको थियो ।

भने घनश्याम भुसाल र भीम आचार्यले उपाध्यक्षमा प्रतिस्पर्धा गरेका थिए ।

पौडेल र पोखरेलबीच ०७४ को निर्वाचनदेखि नै आन्तरिक प्रतिस्पर्धा छ । तत्कालीन नेकपा कालमा महासचिव रहँदा पौडेल र तत्कालीन मुख्यमन्त्री पोखरेलबीच दाङ र बुटवलमध्ये कुन ठाउँलाई राजधानी बनाउने खुलेआम प्रतिस्पर्धा चलेको थियो । उनीहरूबीचको प्रतिस्पर्धा १०औं महाधिवेशन, ०७९ को आमनिर्वाचनमा निकटहरूलाई टिकट वितरण हुँदै प्रदेश अधिवेशनसम्म आइपुग्दा शक्ति परीक्षणका रूपमा पटाक्षेप भएको एमाले पंक्तिमा चर्चा चलेको छ । शक्ति परीक्षणको कडा प्रतिस्पर्धामा पौडेलले पोखरेललाई उछिनेका छन् ।

लुम्बिनी अधिवेशनमा अध्यक्ष ओलीले सर्वसम्मतिका लागि कोसिस गर्न पदाधिकारीलाई पनि निर्देशन दिएका थिए । ओलीको निर्देशनलाई साथ दिँदै त्यसका लागि प्रयास गर्न आग्रह गरेका पौडेल उनीसँगै काठमाडौं फर्किए भने महासचिव पोखरेल उद्घाटनकै बेलुका चीन भ्रमणमा गए ।

नक्कली भुटानी...

पृष्ठ १ बाट क्रमशः

गरेकी थिइन् । नयाँ काण्ड (सुन) आउँदा पुरानो (भुटानी) काण्ड थन्क्याइएको र यो उचित नभएको उनको भनाइ थियो ।

'अध्यागमन विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारी र तस्करीका नाइके दावा छिरिङको च्याट कुराकानीको वास्तविकता के हो ? कस्तो-कस्तो सामानमा सुन आउँदै छ, त्यसका लागि के-कति पैसाहरू दिने, पैसा कति अफर गरिएको भन्ने पनि च्याटमार्फत देखिएको छ । यसको वास्तविकता सरकारले जानकारी गराओस्,' उनले त्यस दिन भनेकी थिइन् ।

उनी त्यतिमा मात्र रोकिइनन्, एमाले सांसद नैनकला थापाको नामै नलिई उनीमाथि प्रहार गरिन् । 'नक्कली भुटानी शरणार्थीमा फरार अभियुक्त छोरा जसले आमालाई मैले यति पैसा पठाएको, पाउनुभयो कि पाउनुभएन भनेर भनेको छ । त्यो भिडियो रेकर्ड छ । तर, हाम्रो प्रहरी वा सरकारको आँखा त्यहाँ पुग्दैन,' न्यौपानेले भनेकी थिइन्, 'आजसम्म पनि खोजबिन हुन सकेको छैन । पूर्वमन्त्री खाण त्यही केसमा जेलमा हुनुहुन्छ । सरकारले गर्न के खोजिरहेको छ । हामी चाहन्छौं- कोही निर्दोष नफसोस्, कोही दोषी नउम्किऊन् । ...गृहमन्त्रीलाई सोध्न चाहन्छु- त्यो के हो ?'

प्रत्यक्षदर्शी सांसदहरूका अनुसार न्यौपानेले धारणा राख्दा एमाले सांसद थापा पछाडितिरको सिटमा थिइन् । केही समयमा न्यौपाने बाहिरिन लाग्दा 'माननीयज्यू पख्नुस्, पख्नुस्' भन्दै नैनकलाले बाहिरिने गेटमा भेट्टाएकी थिइन् । त्यसपछि नैनकलाले 'तपाईंले के बोलेको ? मेरो छोराबारे नभएको कुरा जे पायो त्यही बोल्ने ? अर्काको बेइज्जत गर्ने ? यो तपाईंले ठीक गर्नुभएन, यसको हिसाब हुन्छ' भनेर आक्रोश पोखेको प्रत्यक्षदर्शी एक सांसदले बताए ।

सदनमा बोलेको कुरामा व्यक्तिगत रूपमा नैनकला प्रतिवादमा आएपछि न्यौपाने पनि विवादमा उत्रिएकी थिइन् । 'एउटा सांसदले हाउसमा राखेको विषयमा अर्को सांसद आएर बाझ्ने होइन । मैले तपाईंको छोरा हो भनेको छैन, यो याद राख्नुस्,' न्यौपानेको भनाइ उद्धृत गर्दै बाझाबाझ सुनेकी एक महिला सांसदले भनिन् ।

ती सांसदले भनिन्, 'लबीसम्म पुग्दा नैनकलाजी एकदमै आवेशमा आउनुभयो । पछि एमालेकै माननीय आएर उहाँलाई तानेर भित्र लैजानुभयो ।' उनका अनुसार एमाले सांसदहरू आएर 'उहाँको बुझाइमा कमजोरी भयो' भनेर लगेका थिए । त्यतिबेलासम्म काग्रेस सांसद पनि भेला भइसकेका थिए । जसमा देवप्रसाद तिमल्सेना पनि थिए, उनले 'यो संसदीय मर्यादा नभएको' भन्दै ध्यानाकर्षण गराएका थिए ।

न्यौपाने र थापाबीचको संसद् भवनको विवाद यत्तिकै सेलाएन, त्यसपछि सामाजिक सञ्जालतिर पनि पस्यो । घटना भएकै दिन ७ भदौको साँझ न्यौपानेले फेसबुकमा लेखिन्, 'फरार अभियुक्तले परिवारको सदस्यसँग फोनमा गरेको कुराको वास्तविकता के हो ? एउटै केसमा कोही जेलमा, कसैलाई पुछपाछसम्म पनि किन भएन भनेर संसद्मा कुरा राख्दा माननीय नैनकलाजी संसद् लबीभित्रै आक्रामक शैलीमा प्रस्तुत भई मलाई तथानाम भन्नुभयो । कसैको नामसमेत किटेर नभनेको मेरो भनाइमा संसद् भवनभित्रै गरेको आपत्तिको त्यो शैली हेर्दा स्मृतिका पानाहरूमा ओझेल परिसकेका द्वन्द्वकालीन दिनहरू सम्झन पुर्गें । अनि सोच्न बाध्य छु, चोरको खुट्टा काट् भन्दा चोरले आफैं खुट्टा तान्छ भनेको यही हो त ?'

पाँच दिनपछि यो मुद्दा फेरि संसद् प्रवेश गऱ्यो । १२ भदौको बैठकमा काग्रेस सांसद शान्ति विकले यो मुद्दा उठाइन् । 'संसद् हामी सबैको साझा थलो हो । यहाँ हामीले संयम र जिम्मेवार, विषयकेन्द्रित, अरूको मर्यादालाई ख्याल गर्दै आत्मसम्मानमा चोट नपुग्ने गरी प्रस्तुत हुँदा हामी सबैको ओज बढ्ने, जनविश्वाससमेत बढ्ने ज्ञान हामी सबैलाई छ भन्ने लाग्छ,' उनले भनिन्, 'तर, ७ भदौको बैठकमा माननीय ईश्वरी न्यौपानेले बढो संयम भएर आफ्नो भनाइ राखिरहँदा प्रतिपक्षीकी एकजना माननीय सांसदले अस्वाभाविक तवरले अभद्रता प्रस्तुत गर्नुभयो । संसद्को गरिमामा खलल पुग्ने गरी लबीभित्र नै अमर्यादित रूपमा प्रस्तुत हुनुभयो । दुर्व्यवहार शैलीमा माननीय न्यौपानेमाथि अभद्र व्यवहारका साथ आक्रमण भयो । म घोर भर्त्सना गर्दछु, के कारणले गर्नुभएको हो, यो प्रश्नको उत्तर चाहिन्छ भन्ने माग राख्दछु ।'

यो मुद्दा यत्तिकै सेलाएन । १८ भदौको बैठकमा काग्रेस सचेतक सुशीला थिङले संसद्मै उठाइन् । 'संविधाको धारा १०३ अनुसार यस सदनभित्र संसद्का सदस्यलाई बोल्ने पूर्ण वाक स्वतन्त्रता छ । संविधानको अधीनमा रहेर अभिव्यक्ति दिएकी ईश्वरी न्यौपानेलाई ७ भदौमा अभिव्यक्ति दिएर बाहिर निस्कने क्रममा प्रतिपक्षीका एकजना माननीय सदस्यले यही सदनको लबी कक्षभन्दा अलिकति पर जुन व्यवहार गर्नुभयो, जुन उहाँले नमिठो शब्दहरू बोल्नुभयो, उहाँले धाक-धम्की दिनुभयो, त्यसको म घोर भर्त्सना गर्छु,' थिङले भनेकी थिइन्, 'संसद्मा उठेको प्रश्न संसद्बाटै प्रतिवाद गर्ने ज्ञान उहाँमा रहेनछ, त्यसकारण ज्ञानको कमी भएकाले उहाँलाई क्षमादान गरिदिन माननीय न्यौपानेलाई अनुरोध गर्दछु ।'

संसद्को सबैभन्दा ठूलो दल काग्रेसकै सचेतकले यो मुद्दा संसद्मा उठाएपछि दुईजना महिला माननीयबीचको विवादबारे अरू नेताहरूको पनि चासो बढेको छ । काग्रेस र एमालेका सांसदहरू वास्तविकता बुझ्दै छन् ।

एमाले सचेतक महेश बर्तौलाले आफूले यो विषय सुनेको र सत्तापक्ष सांसदले सदनमा सुनाउनुभन्दा पनि केही समस्या भए विपक्षी दलको संसदीय दललाई जानकारी गराउँदा सुधार गरेर जान सकिने धारणा राखे । 'लबीमा को कहाँ गएर के गर्नुहुन्छ थाहा हुने कुरा भएन । दलको कार्यालयमा कहींबाट सूचना पनि आएको छैन,' उनले भने, 'सम्बन्धित माननीयले पनि तपाईंको पार्टीको माननीयले यस्तो गर्नुभयो भन्नुभएको छैन । यति त परिपक्वता उहाँहरूले देखाउनुभएको भए हुन्थ्यो । किन उहाँहरूले सीधै सदनमा राख्नुभयो थाहा भएन । कतिपय अनौपचारिक ढंगले भनेको हुन सक्छ ।'

उनले न्यौपाने र थापाबीच ठ्याक्कै के भयो विस्तृत बुझ्न नपाइएको भन्दै थपे, 'यदि त्यस्तो घटना कहिलेकाहीं भयो भने एकले अर्को दललाई जानकारी गराउँदा राम्रै हुन्छ । हामी सम्बन्धित माननीयसँग के भएको हो भनेर समन्वय गर्न सक्छौं । सांसदको हार्दिकता र भित्र भएको छलफललाई बाहिर विषय बनाउनु राम्रो होइन ।'

यस विषयमा सांसद थापासँग कुरा गर्न चाहे पनि सम्पर्कमा आउन चाहिनन् । नैनकलाले फोनकल तथा म्यासेजको कुनै प्रतिक्रिया दिइनन् । उनी पूर्वमन्त्रीसमेत हुन् । यसअघि मञ्जु खाणले पनि भुटानी शरणार्थी प्रकरणमा आफूलाई मुछेर सदनमा कुरा नराखिदिन नेमकिपाका प्रेम सुवाललाई अनुरोध गरेकी थिइन् । तर, मञ्जुले हार्दिकतापूर्वक अनुरोध गरेकाले त्यति विवाद भने भएको थिएन ।

उच्च अदालतमा शरणार्थी मुद्दामाथि आज सुनुवाइ हुँदै

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै संगठित ठगी तथा किर्ते गरेको अभियोगमा थुनामा रहेकाहरूको मुद्दामा बिहीबार उच्च अदालत पाटनमा सुनुवाइ हुँदै छ । थुनामा पठाउने आदेशविरुद्ध प्रतिवादीहरू उच्च अदालत गएका थिए ।

गत १ असारमा जिल्ला अदालत काठमाडौंले 'तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीहरू हाल कसुरदार होइनन् भन्न सकिने अवस्था देखिएन' भन्दै १६ जनालाई थुनामा पठाएको थियो । थुनामा परेका सबैजना उच्च अदालत गएका छन् । जसमा पूर्वमन्त्रीद्वय टोपबहादुर रायमाझी र बालकृष्ण खाणसमेत छन् ।

गृह मन्त्रालयमा नक्कली प्रतिवेदन बनाएको देखिएको, बिचौलिया र तत्कालीन गृहसचिव टेकनारायण पाण्डेबीच यस विषयमा च्याट भएको, बिचौलिया सानु भण्डारीको डायरीमा विभिन्न व्यक्तिलाई पैसा दिएकोलगायतका विषयलाई आधार बनाई जिल्ला अदालतले थुनामा राखेको थियो । प्रहरीले ३० जना प्रतिवादीमाथि २८ करोड ८१ लाख ७४ हजार रुपैयाँभन्दा बढी बिगो माग दाबी गर्दै १० जेठमा ठगी, किर्ते, संगठित अपराध, राज्यविरुद्धको कसुर र एकीकृत कसुरको मुद्दा दायर गरेको थियो ।

एक वर्ष...

पृष्ठ १ बाट क्रमशः

प्रतिशत दस्तुरसमेत लिई त्यस्तो प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ ।' यसअनुसार नवीकरणको एक आर्थिक वर्ष ढिला हुँदासम्म तीन सयको शतप्रतिशत जोडेर ६ सय रुपैयाँ लिनुपर्नेमा १२ सय रुपैयाँ लिने गरिएको छ । यस्तो अवैध राजस्वको सर्वसाधारणले विरोध गरे पनि यातायात कार्यालयले सच्याएको छैन ।

यातायात व्यवस्था सेवा कार्यालय सानोभञ्ज्याङका सूचना अधिकारी उपेन्द्र साह सवारी दर्ता नवीकरणमा एक आर्थिक वर्ष नाघेको अवस्थामा दुईपाग्रेले एक हजार दुई सय तथा चारपाग्रेले एक हजार आठ सय रुपैयाँ बुझाउनुपर्ने बताउँछन् । नियमअनुसार नै आफूहरूले यस्तो शुल्क उठाउँदै आएको उनको भनाइ छ । तर, कुन ऐन तथा नियमावलीमा यस्तो प्रावधान भएको उनले प्रस्टसँग बताउन चाहेनन् ।

यातायात कार्यालय गुर्जुधाराका लेखा अधिकृत रमा कार्की भने एक आर्थिक नाघेको अवस्था दुईपाग्रेको नवीकरण दस्तुर जरिवानासहित ६ सय तथा चारपाग्रेको एक हजार लाग्ने बताउँछिन् । ऐनले तोकेभन्दा धेरै जरिवाना लिन नपाउने उनको भनाइ छ । तर, गुर्जुधाराले पनि व्यवहारमा भने तोकिएभन्दा दोब्बर लिने गरेको छ ।

विगतमा केही कार्यालयले दोब्बर त केहीले चार गुणा लिने फरक-फरक देखिएको थियो । तर, पछिल्लो समय सबैले नवीकरण दस्तुरको चार गुणा लिन थालेका छन् । ९० दिन नाघे पनि नै दोब्बर हुने र आर्थिक वर्ष नाघे पनि त्यसको पनि दोब्बर हुने आफूखुसी व्याख्या गरी अवैध रूपमा चार गुणा धेरै राजस्व लिने गरेका हुन् । तर, ऐनले प्रस्टसँग म्याद नाघेको अवस्थामा एक आर्थिक वर्षको नवीकरण दस्तुरको दोब्बर लिने प्रावधान छ ।

विगतमा चारपाग्रेको सवारी नवीकरण शुल्क ६० रुपैयाँ मात्र भएको दुई वर्षअघि एकैपटक तीन सय बनाउनुका साथै जरिवाना पनि उच्च बनाइएको हो । यातायात कार्यालय गुर्जुधारका प्रमुख नेत्र भट्टराई सवारी नवीकरण तथा राजस्वका विषयमा वेला-वेला गुनासो आउने र यस विषयमा समाधानका छलफल भइरहेको बताउँछन् । सवारीको नवीकरण तथा राजस्वमा आउने समस्या समाधानका लागि प्रदेशको श्रम, रोजगार तथा यातायात कार्यालयसँग छलफल भइरहेको उनको भनाइ छ ।

सार्वजनिक दबाबपछि...

पृष्ठ १ बाट क्रमशः

दिएका थिए । त्यसपछि छानबिन समिति गठन गरिएको हो । समितिको छानबिनमा दोषी देखिए कारबाही गरिने डा. रायले बताए । 'घटनाको बारेमा छानबिन गर्न समिति गठन भएको छ,' उनले भने, 'समितिको सिफारिसअनुसार हामीले सेक्युरिटी गार्ड वा अस्पतालको दोष देखिएका सम्बन्धित व्यक्तिलाई कारबाही गर्छौं ।'

उच्च ज्वरो र निरन्तर बान्ता भएर थलिएकी रेजिशालाई सोमबार साँझ आमा रिता गोपाली र हजुरबुबा कृष्णबहादुर गोपालीले उपचारका लागि कान्ति अस्पतालको इमर्जेन्सीमा पुऱ्याए तत्काल उपचारको व्यवस्था मिलाइदिन पटक-पटक गुहार गरे पनि त्यहाँ खटिएका कर्मचारीले पालोमा कुराउँदा ज्यान गएको थियो । बालिकाको मृत्युलगत्तै सोमबार राति र मंगलबार बिहान परिवार तथा आफन्तले आन्दोलन गरेपछि अस्पताल प्रशासनले मिलापत्र गराएर उन्मुक्ति लिने प्रयास गरेको थियो ।

घटनाबारे मंगलबार नयाँ पत्रिकाले प्रतिक्रिया माग्दा अस्पताल निर्देशक रायले बालिकाको मृत्यु दुःखद भए पनि दोष बिरामीको आफन्तलाई नै लगाएका थिए । आफन्तले बिरामीको अवस्थाबारे अस्पतालका कर्मचारीलाई बुझाउन नसक्दा बालिकाको मृत्यु भएको गैरजिम्मेवार जवाफ दिएका थिए । उनकै सक्रियतामा मंगलबार बालिकाकी आमा रिता र हजुरबुबा कृष्णबहादुरलाई कानुनी बाटो खोज्दा थप झन्झट हुने त्रास देखाएर मिलापत्र गराई उम्किने प्रयास भएको थियो । मंगलबार तयार गरिएको मिलापत्र ड्राफ्टमा पीडित पक्षलाई कुनै राहत तथा घटनाको छानबिनबारे केही उल्लेख थिएन ।

'हामीले त अस्पताल प्रशासनलाई कारबाही हुनुपर्छ भनेका थियौं, तर उहाँहरूले कानुनी कारबाहीको बाटोमा जाँदा उल्टै दुःख हुन्छ भन्दै मिलापत्र गर्न दबाब दिनुभयो,' कृष्णबहादुरले भने, 'मिलापत्रमा हामीलाई कुनै किसिमको राहत र सान्त्वना दिने कुरै थिएन ।' कानुनी प्रक्रियामा नलाग्न दबाब दिएकै कारण परिवारले मंगलबार नै बालिकाको अन्त्येष्टि गरेका थिए ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. २०२०/०५/०५

स्वर्गारोहणः वि.सं. २०८०/०५/०५

स्व. हरिप्रिया पाण्डे मैनाली

यस मैनाली समाज नेपालकी केन्द्रीय उपाध्यक्ष, महिला विभाग प्रमुख, महिला समूहकी अध्यक्ष एवं सामाजिक अभियन्ता लोकसेवा आयोगका पूर्

बिहीबार २१ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

उत्साहसहित फर्किए नेपाली क्रिकेटर

एसिया कपमा विश्व क्रिकेटकै महारथी पाकिस्तान र भारतसँग प्रतिस्पर्धा गरी फर्किएको नेपाली टोलीलाई विमानस्थलमा भव्य स्वागत

नयाँ पत्रिका

पहिलोपटक एसिया कपमा सहभागी नेपाली क्रिकेट टोली बुधबार स्वदेश फर्किएको छ। एकदिवसीय र टी-२० विश्वकपका पूर्वविजेता भारत र पाकिस्तानविरुद्ध साहसिक प्रदर्शन गरेको टोली दिउँसो १२:३५ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो। एसिया कपबाट विश्व क्रिकेटको ध्यान केन्द्रित गर्न सफल भएका खेलाडीलाई नेपाल क्रिकेट संघ (क्यान) का पदाधिकारीले स्वागत गरेका थिए। क्यान कार्यवाहक सचिव दुर्गाराज पाठकलगायतले खेलाडीलाई स्वागत गरेका थिए। एसिया कप खेलेका खेलाडीलाई स्वागत गर्न विमानस्थलमा सयौँ समर्थक पुगेका थिए। क्यानले प्रहरीको एक बाजा टुकडी व्यवस्था गरेको थियो। खेलाडीहरू बाहिरिने क्रममा समर्थकले विभिन्न नाराबाजीसहित स्वागत गरे। नेपालका कप्तान रोहित पौडेलले बाल्यकालदेखिको भारत र पाकिस्तानसँग खेल्ने सपना पूरा भएको बताएका छन्।

'हामी सबैले भारत र पाकिस्तासँग क्रिकेट खेल्ने सपना देखेका थियौँ, जुन आज पूरा भएको छ,' विमानस्थलमा संक्षिप्त कुराकानीमा उनले भने, 'यस्तो अवसर बारम्बार आउँदैन, प्राप्त मौका हामीले धेरै सदुपयोग गर्‍यौं।' उनले पाकिस्तानसँगको खेलमा विश्वस्तरीय बलर र ब्याट्सम्यान रहेका कारण नेपाली खेलाडीसँग अनुभवको कमी भएको प्रतिक्रिया दिएका छन्। 'यदि त्यो खेल हेर्‍यौं भने पाकिस्तानमा वर्तमान समयकै उत्कृष्ट खेलाडी छन्,' उनले भने, 'बलिङका क्रममा अन्तिम १० ओभर बिग्रियो।'

यसैगरी, भारतसँगको प्रतिस्पर्धामा नेपालले ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेको उनले बताए। तर, स्कोर बोर्डमा सोचेजस्तो योगफल बनाउन नसकेको उनको भनाइ छ। 'हामीले ब्याटिङमा नियन्त्रण राख्यौं, यद्यपि दुई सय ५० रनमाथि कटाउने लक्ष्य थियो, बलिङमा करण दाइले सुरुवातमा एक वा दुई विकेट लिँदा खेलको मोड अर्को हुने थियो,' उनले भने। यसैबीच, विमानस्थलमा क्यानले राम्रो व्यवस्था गर्न सकेन। विमानस्थलबाहिर दर्शकलाई सुरक्षाकर्मीले थेग्न नसकेपछि क्यानले खेलाडीलाई सीधै होटेल पुर्‍याएको थियो।


क्यानले विमानस्थलमा नेपाल प्रहरीसँग कुनै सहकार्य नगरेकोजस्तो देखियो। अत्यधिक भिडका कारण खेलाडीलाई बससम्म पुग्न हम्मेहम्मे भएको थियो। साथै, पहिलोपटक एसिया कप र भारत, पाकिस्तानसँग खेलेपछि विमानस्थलमा सञ्चारकर्मीले खेलाडीसँग कुरै गर्न पाएनन्। नेपाल पहिलो खेलमा पाकिस्तानसँग दुई सय ३८ रनले पराजित भएको थियो। पाकिस्तानले दिएको तीन सय ४२ रनको लक्ष्य पछ्याएको नेपालले २३.४ ओभरमा सबै विकेट गुमाउँदा मात्र एक सय चार रन बनायो। अर्को खेलमा नेपाल भारतसँग १० विकेटले पराजित भएको हो।

पत्रकारमाथि दुर्व्यवहार

समाचार संकलन गर्न गएका पत्रकारमाथि दुर्व्यवहार भएको छ। बाक्लो भिडभाडले अनलाइनखबरमा कार्यरत पत्रकार नमिता दाहालमाथि दुर्व्यवहार भएको हो। नेपाल पत्रकार महासंघ र नेपाल खेलकुद पत्रकार मञ्चले गम्भीर ध्यानाकर्षणसहित दुर्व्यवहार गर्नेमाथि कारबाहीको माग गरेका छन्। 'हातपात र दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ। समाचार संकलनका क्रममा पत्रकारमाथि त्यहाँ उपस्थित केही व्यक्तिले महिला भएर पनि यस्तो ठाउँमा किन आएको भन्दै हातपात र दुर्व्यवहार गरेका छन्,' महासंघले विज्ञप्तिमा भनेको छ।



एसिया कपमा सहभागी नेपाली क्रिकेटरलाई बुधबार विमानस्थलमा स्वागत गर्दै क्यानका पदाधिकारी। तस्बिरः **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका



भारत र पाकिस्तानसँग खेलेर उत्साही छौं

रोहित पौडेल, कप्तान, नेपाल

एसिया कपमा हामीले भारत र पाकिस्तानसँग खेल्ने सपना पूरा गरेका छौं। सानैदेखि देखेको सपना पूरा हुँदा एकदमै खुसी लागेको छ। सबै खेलाडीले राम्रो अनुभूति गरेका छन्। नेपालले पाकिस्तानविरुद्ध सुरुवातमा राम्रो बलिङ गरेको थियो। तर, अन्तिम १५ ओभर नेपालले सोचेजस्तो हुन सकेन। डेथ ओभरमा नेपालले एक सय २९ रन खर्चिएको थियो। विश्वका उत्कृष्ट ब्याट्सम्यानका साथ पाकिस्तानले प्रतिस्पर्धा गरेको थियो। त्यो खेलमा बलिङ एकदमै राम्रो थियो। भारतविरुद्ध कुशल र आसिफले जुन सुरुवात दिलाए, मध्यक्रममा अझै राम्रो गर्न सकिन्थ्यो। समग्रमा एकदमै राम्रो खेल्यौं। विशेषगरी, ब्याटिङ युनिट बनेको छ। मलाई लाग्छ, यो वर्ष नेपाली क्रिकेटलाई एकदमै राम्रो भएको छ। आइसिसी विश्वकप लिग-२ खेल्नुअघि हामी जुन अवस्थामा थियौं, यस्तो कसैले सोचेको थिएन। सबै खेलाडीको विश्वास थियो। कडा मिहिनेत पनि हो। प्रशिक्षकहरूको प्रयास पनि हो।

भारतसँगको खेल अन्तिममा टी-२० जस्तै भयो। एक सय ४५ रनको लक्ष्य थियो। जुन हिसाबले करन दाइले बलिङ सुरुवात गर्नुभएको थियो, सुरुमा एक-दुई विकेट झरेको भए जे पनि हुन सक्थ्यो।

आज नेपाल यहाँसम्म पुग्नुपछाडि पारस खड्का, शक्ति गौचन, वसन्त रेग्मी, ज्ञानेन्द्र मल्ल, शरद भेषवाकरलगायत पुराना खेलाडीको योगदान बिर्सन मिल्दैन। उहाँहरूले नै एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता दिलाउनुभयो।



विराट कोहलीसँग ठट्टा गरौं

आसिफ शेख, ब्याट्सम्यान, नेपाल

भारतीय डेलिडको क्षण निकै रमाइलो भएको थियो। हामी सबै खेलाडीले विश्वका चर्चित खेलाडीसँग कुराकानी र अनुभव साट्न मौका पायौं। यसैक्रममा हामीले भारतका खेलाडीबाट पदक लियौं। पदक लिएको क्षणमा वर्तमान समयकै उत्कृष्ट ब्याट्सम्यान विराट कोहलीसँग ठट्टा गर्न अवसरसमेत पाएँ। उनले मसँग ठट्टा गर्दै यो पदक मैले पनि पाउनुपर्छ भन्नुभयो। कोहलीबाट मेडल लगाउँदा निकै गर्व लागेको थियो। उहाँले अन्त्यमा एउटा मेडल मलाई पनि दिनुपर्‍यो भन्नुभयो, मैले पनि क्याच छोडेको थिएँ। हामीलाई त्यो सरप्राइजजस्तो थियो। खेलपछि हेन्डसेक गर्ने, बिदा हुनेजस्तो लागेको थियो।

आगामी दुई महिनाभित्र नेपालले दुई ठूला क्रिकेट खेल्दै

एसिया कपमा सहभागिता जनाएको नेपालले अबको दुई महिनामा दुईवटा प्रमुख क्रिकेट प्रतियोगिता खेल्दै छ। पछिल्लो चार महिनायता ५० ओभरको खेल खेलिरहेको नेपालले अब दुई महिनाभित्र टी-२० फर्म्याटका खेल खेल्न लागेको हो। असोजमा चीनको हाङझावमा हुने १९औँ एसियाली खेलकुदमा नेपालले भाग लिनेछ। त्यसपछि आइसिसी टी-२० विश्वकपको एसिया छनोटमा नेपाली टोलीले प्रतिस्पर्धा गर्नेछ। एसियाडमा नेपाल समूह 'बी'मा रहेको छ। १० असोजदेखि सुरु हुने एसियाडमा नेपालले आफ्नो समूहमा जापान र मंगोलियाको सामना गर्नेछ।

नेपालले अब टी-२० फर्म्याटको एसियाड र आइसिसी टी-२० विश्वकप छनोट खेल्नेछ

एसियाडमा आइसिसीको पूर्ण सदस्य भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशले सीधै क्वार्टरफाइनल स्थान पाएका छन्। उनीहरूले एसियाडमा सिनियर टोली पठाएका छैनन्। भारतले अन्तर्राष्ट्रिय खेलको एक्सपोजर प्राप्त गर्ने उद्देश्यले इन्डियन प्रिमियर लिग (आइपिएल)मा सहभागी खेलाडीलाई समेटेर एसियाडमा टोली पठाएको छ। भारतले रुतुराज गायकवाडलाई कप्तान बनाएको छ।

समूह 'बी' विजेता हुँदा नेपालले क्वार्टरफाइनलमा भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकामध्ये एक राष्ट्रसँग प्रतिस्पर्धा गर्नेछ। एसियाडपछि नेपालले कात्तिकमा कीर्तिपुरमै आयोजना हुने आइसिसी टी-२० विश्वकप २०२४ को एसिया कप छनोट खेल्नेछ। यो प्रतियोगिता १३ कात्तिकदेखि सुरु हुनेछ। छनोटमा नेपालले युएई, ओमान, हङकङ, सिंगापुर, बहराइन, साउदी अरेबिया र मलेसियासँग भिड्नेछ।

यसपटक आइसिसीको क्षेत्रीय छनोटका शीर्ष दुई टोलीले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकप खेल्नेछन्। सन् २०१४ मा नेपालले पहिलोपटक टी-२० विश्वकप खेलेको थियो।

पाकिस्तान सात विकेटले विजयी

एसिया कपअन्तर्गत सुपर फोर खेल बुधबारदेखि सुरु भएको छ। सुपर फोरको पहिलो खेलमै पाकिस्तानले बंगलादेशलाई सात विकेटले हराएको छ। लाहोरमा भएको खेलमा बंगलादेशले पहिले ब्याटिङ गरी ३८ ओभरमा सबै विकेट गुमाएर एक सय ९३ रन बनाएको थियो। प्रत्युत्तरमा पाकिस्तानले ३९.३ ओभरमा तीन विकेटको क्षतिमा एक सय ९४ रन बनाउँदै महत्त्वपूर्ण दुई अंक बटुल्यो।

पाकिस्तानको जितमा ओपनर इमान उल हकले सर्वाधिक ७८ रनको योगदान दिए। यसैगरी, मोहमद रिजवानले ७९ बलमा ६३ रन बनाए। उल हकले ८३ बलमा पाँच चौका र चार छक्का प्रहार गरे। रिजवानले सात चौका र एक छक्का हिर्काए। कप्तान बाबर आजम १७ रनमा आउट भए। यसअघि बंगलादेशलाई सस्तै योगफलमा समेट्न पाकिस्तानका बलर नसिम साहले तीन र हयारिस रौफले चार विकेट लिएका थिए। बंगलादेशको ब्याटिङ क्रममा कप्तान सकिब उल हसनले ५७ बलमा सात चौकाको सहयोगमा ६३ रन बनाए। मुसफिकर रहिमले ८७ बल खेल्दै ६४ रनको योगदान दिए।

खेल संक्षेप

रेड हर्सलाई ताप्लेजुङ गोल्डकप उपाधि

ताप्लेजुङ/ ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको उपाधि रेड हर्स क्लब इलामले हात पारेको छ। प्रतियोगिताको बुधबार भएको फाइनलमा रेड हर्सले जुट विकास एकेडेमी इटहरीलाई १-० गोलले हराउँदै उपाधि जितेको हो। उपाधि भिडन्तमा एक मात्र गोल खेलको ३१औँ मिनेटमा भएको थियो। रेड हर्सका खेलाडीले जुट विकास एकेडेमीको डिबक्समा सहज गोल गरेका थिए।

पहिलो हुनेले तीन लाख ११ हजार र उपविजेताले एक लाख ५१ हजार रुपैयाँ पाएका छन्। ०२९ सालदेखि प्रतियोगिता फरक-फरक नामले सञ्चालन भएको छ। ०७७/७८ मा कोरोना संक्रमणका कारण प्रतियोगिता भएन। ०७९ मा भानुजन मावि‌को खेलमैदान पुनर्निर्माणसहितका कारणबाट प्रतियोगिता रोकिएको थियो।

फुटबल टोली दुई मैत्रीपूर्ण खेल खेल्न म्यानमारमा

काठमाडौं/ नेपाली राष्ट्रिय पुरुष फुटबल टोली घरेलु टोलीसँगको दुई मैत्रीपूर्ण खेलका लागि म्यानमार पुगेको छ। नेपाली टोली म्यानमार पुगेपछि म्यानमार फुटबल महासंघका अधिकारीहरूले यांगुन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए। नेपालले म्यानमारमा ८ र ११ सेप्टेम्बरमा हुने दुई मैत्रीपूर्ण खेल खेल्नेछ। खेल फिफा क्यालेन्डरअन्तर्गत छन्। फिफाका दिनमै मैत्रीपूर्ण खेलहरू खेलाइने भएकाले यसले वरीयतामा समेत असर गर्छ। फिफा विश्वकप छनोटको पहिलो चरणमा अर्को महिना नेपालले लाओससँग खेल्नुअघि अन्तिम मैत्रीपूर्ण खेल खेल्न लागेको हो।

सुकेटले क्रिएटिभलाई हरायो

काठमाडौं/ चौतारा फुटबल क्लबले आयोजना गरिरहेको पहिलो सेभेन ए साइड श्रीकृष्ण कप नकआउट फुटबलमा सुकेट बिच गाइजले क्रिएटिभ युथ क्लबलाई २-० गोलले पराजित गर्दै क्वार्टफाइनलमा प्रवेश गरेको छ। अर्को खेलमा माहाङकाल भूमि तामाङ समाजले रेटिना इन्जिनियरिङलाई १-० ले हरायो। समूह चरणको अर्को खेलमा लिल्फुङ घले समाजले ह्यारे युथ क्लबलाई २-१ ले पराजित गर्‍यो। खुदुनाबारी स्पोर्टिङले पिवाई ब्वाइजलाई ३-१ ले हरायो। यसैगरी, धार्पा युथ क्लबले बोड गाउँ फुटबल क्लबलाई १-० ले पाखा लगायो। प्रतियोगितामा २५ टोली सहभागी रहेको आयोजकले जनाएको छ। प्रतियोगिताका विजेताले ५५ हजार र उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

जोकोभिक ४७औँ पटक ग्रान्डस्लामको सेमिफाइनलमा



न्युयोर्क/ सर्बियाली टेनिस खेलाडी नोभाक जोकोभिक समग्रमा ग्रान्डस्लाम खेलमा ४७औँ पटक सेमिफाइनलमा प्रवेश गरेका छन्। वर्षको अन्तिम ग्रान्डस्लामका रूपमा रहेको युएस ओपनको अन्तिम चारमा प्रवेश गरेपछि उनले यो रेकर्ड बनाएका हुन्। जोकोभिकले क्वार्टरफाइनलमा टेलोर फिट्जलाई ६-१, ६-४ र ६-४ ले हराउँदै अन्तिम चारको स्थान सुरक्षित गरे। चर्को गर्मी सामना गरेका उनले प्रतिस्पर्धाका दौरान पटक-पटक ब्रेक लिएका थिए।

अब फाइनल प्रवेशका लागि उनले वेन सेल्टनको सामना गर्नेछन्। युएस ओपनमा लगातार १३ खेलको जित बनाएका जोकोभिकले रोजर फेडेररको रेकर्ड तोड्ने लक्ष्यका साथ अगाडि बढेका छन्। उनले युएस ओपनमा फरक किसिमको अनुभव गरिरहेको बताएका छन्। 'यसपटक मैले यहाँ फरक अनुभव गरिरहेको छु, खेलमाथि नियन्त्रण राख्न निकै गाह्रो भइरहेको छ,' उनले भने, 'सम्भवत यहाँको गर्मीले पनि खेल्न गाह्रो बनाइराखेको छ।

उनले गर्मीको मौसममा शरीरिक रूपमा खेल्न निकै गाह्रो भएको बताए। क्वार्टरफाइनलका प्रतिस्पर्धी फिट्जले दोस्रो तथा तेस्रो सेटमा चुनौती दिएको उनको भनाइ छ। 'पहिलोभन्दा त्यसपछिको सेट खेल्न असजिलो भयो, यसको मुख्य कारण नै फिट्जको उत्कृष्ट पुनरागमन थियो,' खेलको समीक्षा गर्दै जोकोभिकले भने, 'यद्यपि, खेलमा मैले केही गल्तीको फाइदा लिन सफल भएँ।'

दोस्रो सेटमा उनले ३-१ को अग्रता लिएका थिए। तर, फिट्जले चार ब्रेक अंक रक्षा गर्दै जोकोभिकमाथि दबाब राखे। तेस्रो सेटमा उनले लगातार तीन अंक गुमाएका थिए। तेस्रो सेटको आठौँ गेम सकिँदा दुवै खेलाडी ४-४ को स्थितिमा थिए। जोकोभिकले एक महत्त्वपूर्ण ब्रेक अंक बटुल्दै च्याम्पियनसिपको सेमिफाइनलतर्फ अग्रसर भए। जोकोभिकले सामना गर्ने सेल्टनले खेल ६-२, ३-६, ७-६ र ६-२ ले जिते।

विश्वकै अग्लो स्थानमा रहेको गल्फ कोर्स लोमान्थाङमा गल्फ हुने

समुद्री सतहबाट चार हजार ६ सय ४५ मिटर उचाइमा रहेको गल्फ कोर्समा ३६ पुरुष र चार महिलाले भाग लिँदै

नयाँ पत्रिका

विश्वकै अग्लो स्थानमा रहेको मुस्ताङ जिल्लाको लोमान्थाङमा रहेको मुस्ताङ गल्फ कोर्समा दोस्रो संस्करणको गल्फ प्रतियोगिता हुने भएको छ। लोमान्थाङ गाउँपालिकाको आयोजनामा ३० भदौमा प्रतियोगिता हुन लागेको बुधबार पोखरामा पत्रकार सम्मेलनमा आयोजकले जानकारी दिएको छ। समुद्री सतहबाट चार हजार ६ सय ४५ मिटर उचाइमा रहेको गल्फ कोर्समा हुने प्रतियोगितामा पोखरा, काठमाडौं, धरान, बुटवललगायतका ३६ पुरुष र चार महिलाले भाग लिने गल्फ संघ गण्डकी प्रदेश तदर्थ समितिका अध्यक्ष इन्द्रधारा विष्टले जानकारी दिए।

प्रतियोगितामा ९ होलमा ३/४ ह्यान्डी क्यापमा हुनेछ। प्रतियोतिगामा पुरुष र महिला विजेतासँगै बेस्ट ग्रस, क्लोज टु पिन, लंगेस्ट ड्राइभ र बर्डिजलाई पुरस्कृत गरिनेछ। प्रतियोगितामा होल इन वानको विजेतालाई घोडा पुरस्कार राखिएको छ। विजेताले पुरस्कारस्वरूप प्राप्त हुने घोडा नलगे एक लाख पाउने विष्टले जानकारी दिए।

७५ प्रतिशत काम सकियो

मुस्ताङ गल्फ कोर्सलाई विश्व रेकर्ड कायम गराउन र प्रतियोगितालाई विश्वस्तरमा प्रसारप्रसार गर्ने काम भइरहेको छ। यसअघि भारतको पूर्वी सिक्किमको कुपुपमा तीन हजार



९७० मिटर उचाइमा रहेको याक गल्फ कोर्सले विश्व कीर्तिमान बनाएको थियो। ३० भदौमा प्रतियोगिता हुँदा मुस्ताङको कोर्सले विश्व रेकर्ड बनाउनेछ। गिनिज बुक्स अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन ७५ प्रतिशत काम सकिएको विष्टले बताए। गत वर्ष भएको प्रतियोगितालाई विश्वका प्रसिद्ध समाचार एजेन्सीले प्राथमिकतामा राखेको थियो। दोस्रो संस्करणमा विदेशी गल्फरहरूलाई समेत सहभागी गराउने गरी तयारी भइरहेको छ।

भारतका सराभन मिस्टर एसिया

५५औँ एसियन शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् च्याम्पियनसिपमा १० प्रतिस्पर्धीलाई हराउँदै सराभन ओभरल च्याम्पियन बने

नयाँ पत्रिका

भारतका सराभनले मनी मिस्टर एसियाको उपाधि जितेका छन्। ५५औँ एसियन शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् च्याम्पियनसिप ओभरल च्याम्पियन हुँदै उनले उपाधि जितेका हुन्। उनले आफ्ना १० प्रतिस्पर्धीलाई पछि पार्दै उपाधि जितेका हुन्। शारीरिक सुगठनतर्फ विभिन्न १० तौलसमूहका विजेताबीच मिस्टर एसियाको प्रतिस्पर्धा भएको थियो। सराभन ९० केजी तौलसमूहमा विजयी हुँदै ओभरअल राउन्डमा प्रवेश गरेका थिए।

नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको व्यवस्थापनमा भएको स्पर्धामा पुरुषतर्फ नेपालले कुल २६० अंक हासिल गर्दै टिम च्याम्पियनसिपमा तेस्रो स्थान हात पार्‍यो। भारत ७९५ अंकका साथ पुरुषतर्फ पहिलो भयो। दोस्रो भएको थाइल्यान्डले ५९० अंक जोड्यो। महिलातर्फ थाइल्यान्डले टिम च्याम्पियनसिपको उपाधि जित्यो। दोस्रो स्थानमा भियतनाम र तेस्रो स्थानमा हङकङ चाइना रहेको आयोजकले जनाएको छ। नेपालले यस च्याम्पियनसिपमा ३ स्वर्ण, ६ रजत र ५ कांस्य पदक हात पारेको छ।

च्याम्पियनसिपमा १७ राष्ट्रका १६८ पुरुष र ६८ महिला गरी २३६ खेलाडीले ४५ विधामा प्रतिस्पर्धा गरेका थिए। शारीरिक सुगठनको पहिलो ठूलो प्रतियोगिताको रूपमा रहेको च्याम्पियनसिपमा नेपालसहित भुटान, चीन, हङकङ चाइना, भारत, काजाखस्तान, मकाउ चाइना, माल्दिभ्स, मलेसिया, म्यानमार, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, थाइल्यान्ड, ताजाकिस्तान, उज्वेकिस्तान र भियतनामको सहभागिता थियो। च्याम्पियनसिपमा पुरुषतर्फ २८, महिलातर्फ १६ र मिक्स एक गरी ४५ विधामा प्रतिस्पर्धा भएको थियो।

प्रतियोगिताअन्तर्गत पुरुष एथलेट फिजिक १८२ सेमिमा नेपालका विप्लभ कार्कीले कांस्य हात पारे। यस विधामा भारतका रामा सोमाशेखरले स्वर्ण र भुटानका टान्डिन वाङचेनले रजत प्राप्त गरे। विशाल पौडेलले जुनियर शारीरिक सुगठन, सनम मुलगुठीले स्विमसुट विधा र रजनी श्रेष्ठले ५५ केजी शारीरिक सुगठनमा स्वर्ण जिते। सुरेश दुवाल ५५ केजी, असीमबाबु गुरुङ ६० केजी, मनोज सुवेदी ६५ केजी, ललित धिमाल ७५ केजी, राजु राई फिटनेस फिजिक विधा, तारा खैजु मोडल फिजिक्सले रजत पदक हात पारे। कमल भण्डारी ६० केजी, कृष्णप्रसाद श्रेष्ठ ८० केजी, रञ्जित लामा फिटनेस फिजिक्स, बिप्लभ कार्की एथलेटिक्स फिजिक, निहालमान जोशीले एथलेटिक्स फिजिकमा कांस्य जितेका छन्।



साफ यू-१६बाट नेपाल बाहिरियो

नयाँ पत्रिका

नेपाली राष्ट्रिय यू-१६ टोली दक्षिण एसियाली फुटबल महासंघ (साफ) यू-१६ च्याम्पियनसिपको समूह चरणबाटै बाहिरिएको छ। भुटानको थिम्पुमा बुधबार भएको समूह 'ए'को अन्तिम खेलमा नेपाल भारतसँग १-० ले पराजित भएसँगै प्रतियोगिताबाट बाहिरिएको हो। 'गर या मर' स्थितिमा रहेको साबिक उपविजेता नेपाल भारतविरुद्ध खेलमा फर्कने प्रयास गरे पनि असफल भयो।

लगातार दोस्रो हारपछि नेपाल समूहको पुछारमा रह्यो। दुई खेलबाट ६ अंक जोडको भारत शीर्ष स्थान र बंगलादेश उपविजेता हुँदै सेमिफाइनलमा प्रवेश गरेका छन्। यस खेलसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। भारतले माल्दिभ्स र पाकिस्तानले बंगलादेशको सामना गर्नेछन्। पहिलो खेलमा पनि रवीन्द्र सिलाकारको प्रशिक्षणमा रहेको नेपाल बंगलादेशसँग १-० ले नै पराजित भएको थियो।

भुटानको थिम्पुस्थित चाङ्लिमिथाङ रंगशालामा भारतलाई जित दिलाउन एमडी अर्बासले पहिलो हाफमा निर्णायक गोल गरेका हुन्। एमडीले ३३औँ मिनेटमा विशाल यादवको क्रसमा गोल गरेका थिए। यसअघि सुवास बमको कप्तानीमा रहेको नेपालले गोलको धेरै प्रयास गरे पनि असफल भएको हो। यसअघि नेपाल यस प्रतियोगितामा चारपटक उपविजेता भएको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com